"कृषि वन जडिबुटी, पर्यटन, युवा स्वरोजगार, भौतिक पूर्वाधार,
समाबेशी विकास नै कालिगण्डकी गाउँपालिकाको आधार"

# शिक्षा क्षेत्रको योजना, २०८१–२०८६
# Education Sector Plan, 2024-2029

## कालिगण्डकी गाउँपालिका
### गाउँकार्यपालिकाको कार्यालय
पूर्तिघाट, गुल्मी

## निर्माण कार्यदल

| क्र.सं. | पद | नाम, थर |
|---|---|---|
| १ | संयोजक | घनश्याम थापा |
| २ | सदस्य | श्री गणेशराज पाध्या |
| ३ | सदस्य | रमेश न्यौपाने |
| ४ | सदस्य | आशारानी श्रीस |
| ५ | सदस्य | देविदत्त ढकाल |
| ६ | सदस्य | नर बहादुर नेपाली |
| ७ | सदस्य | प्रल्हाद शाहनी केवट |
| ८ | सदस्य | गोविन्द गौतम |
| ९ | सदस्य | सुन्दर आले |
| १० | सदस्य | किसन सिंजाली |
| ११ | सदस्य सचिव | अग्नीधर पराजुली |

# गाउँपालिका अध्यक्षज्यूको कलमबाट

नेपालको लुम्बिनी प्रदेश, गुल्मी जिल्लामा पर्ने एक महत्वपूर्ण क्षेत्रको रुपमा कालिण्णडकी  गाउँपालिका रहेको छ । यो कुल १०१.०४ वर्ग कि.मि. क्षेत्रफलमा फैलिएको छ । यो गाउँपालिकामा हर्मिचौर, अर्बेनी, जयखानी, पूर्तिघाट, फोक्सिङ, खड्गकोट र भुर्तङ्ग गाउँ विकास समितिहरुलाई मिलाएर वि.स. २०७३ सालमा पुनःसंरचना गरिएको र त्यसको केन्द्र पूर्तिघाट निर्धारण गरिएको थियो । कुल ७ वटा वडामा विभाजन गरिएको यस गाउँपालिकाको पूर्तिघाटमा मुख्य बजार क्षेत्र रहेको छ । यहाँ हिलेसिद्ध, बुढिसत्यवती, दक्षप्रजापति क्षेत्र, रेप्का धाम, लक्ष्मीनारायण मन्दिर, कालिलेक, सिद्धथान आदि जस्ता पवित्र स्थलले यसको गरिमा बढाएको ।

कालिगण्डकी गाउँपालिकाको समग्र विकासमा शिक्षाको विकास भनेको आधारभूत आवश्यकता हो । यस महत्वपूर्ण विषय बस्तुलाई आत्मसात् गरी उपलब्ध ऐन, कानुन, नीति, नियम तथा अन्य दस्तावेजहरुको गहन अध्ययन गरी नेपालको संविधान, स्थानीय  सरकार सञ्चालन ऐन २०७४, पञ्च वर्षीय योजनाहरु, विद्यालय क्षेत्र विकास कार्यक्रम तथा विभिन्न ऐन कानूनको परिधिमा रहेर स्थानीय सरोकारवाला, विज्ञ तथा जनप्रतिनीधिहरुसँग, चरणवद्ध रुपमा छलफल गरी निर्माण गरिएको योजना हो । नेपालको संविधानले संघ, प्रदेश र स्थानीय तहका आफ्ना अधिकार र कार्यक्षेत्रहरु तोकेको छ। यसैगरी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ कार्यान्वयनमा छ।  स्थानीय तहले शिक्षा सम्बन्धी २३ वटा कार्यहरु सम्पादन गर्न पाइने प्रावधान रहेको छ। त्यसैले स्थानीय तहमा सञ्चालित विद्यालयहरुको प्रभावकारी व्यवस्थापन गर्दै शिक्षामा समतामुलक पहुँच, गुणस्तरीय शिक्षा, सक्षमता, सान्दर्भिकता, समावेशीकरण, सुशासन तथा  व्यवस्थापन आदि सुनिश्चिताको लागि स्थानीय तहले उपलब्ध स्रोत साधन ( भौतिक, वित्तीय र मानवीय) को अधिकतम परिचालन गर्नुपर्ने वास्तविकतालाई मध्यनजर गर्दै गाउँपालिकाले पाँच वर्षे स्थानीय शिक्षा क्षेत्र योजना (२०८१/८२–०८५/८६) निर्माण गरी कार्यान्वयनमा ल्याउन लागेकोमा मलाई अत्यन्त खुशी लागेको छ ।

यस गाउँपालिकाको समग्र शैक्षिक विकासका लागि समग्र बस्तु स्थिति पहिचानलाई मनन गर्दै शैक्षिक अवस्थाको गहन अध्ययन गरी तयार पारिएको यस योजना निर्माण कार्यमा संयोजन गर्नुहुने प्रमुख प्रशासकीय अधिकृत, उपाध्यक्ष ज्यू, वडाध्यक्षहरू, सामाजिक विकास समितिका संयोजक, शिक्षा शाखा प्रमुख लगायत कार्यालयका सम्पूर्ण कर्मचारीहरू, योजना निर्माणका क्रममा सल्लाह सुझाव दिनुहुने स्थानीय शिक्षाविद्, विज्ञ टोली, प्र.अ., शिक्षक लगायत यस योजनालाई मूर्त रुप दिन खोज अनुसन्धान तथा लेखन कार्यमा सहयोग पुऱ्याउनु हुने सम्पूर्णमा हार्दिक धन्यबाद ज्ञापन गर्दछु ।

अन्त्यमा, यस शैक्षिक योजनामा समावेश विषयवस्तुहरुको कार्यान्वयनमा सम्पूर्ण सरोकारवालाहरुको सहयोग र सहकार्यको अपेक्षा राख्दै यसको पूर्ण सफलता एवम् प्रभावकारी कार्यान्वयनको कामना गर्दछु ।

बेद बहादुर थापा
अध्यक्ष
कालिगण्डकी गाउँपालिका, गुल्मी

## गाउँपालिका उपाध्यक्षज्यूको कलमबाट

वि.सं. २०७२ को गणतान्त्रिक नेपालको संविधानले तीन तहको सरकारको व्यवस्था गरी संघीयतालाई कार्यान्वयनमा ल्याएकोछ। नेपालको संविधान २०७२ को अनुसूची ८ र स्थानीय सरकार सञ्चालन ऐनमा व्यवस्था भए बमोजिम शिक्षासँग सम्बन्धित २३ वटा अधिकारहरू एकल रुपमा स्थानीय सरकारको कार्यक्षेत्र भित्र समेटिएकोछ। वि.सं २०७४ को बैशाखमा भएको स्थानीय तहको निर्वाचन पश्चात् तीन तहको सरकार मध्ये तल्लो तहको स्थानीय सरकार स्थानीय तहको विकास र समृद्धिका लागि अहोरात्र क्रियाशील छ। शिक्षा क्षेत्रलाई व्यवस्थित र गुणस्तरीय बनाई २१ औं शताब्दीका लागि चाहिने जनशक्ति उत्पादन गर्नका लागि पालिका भित्र एउटा निश्चित कार्यक्रमहरू भएको शिक्षा योजनाको आवश्यकता महसुस गरियो । जस अनुसार गा.पा.को गाउँ सभाबाट चालु आ.व. २०८१/०८२ को लागि स्थानिय शिक्षा क्षेत्र योजना निर्माण गर्न बजेटको व्यवस्था गरियो ।

२०८१ मंसिर २१ गते बसेको गाउँ कार्यपालिकाको बैठकले गाउँ शिक्षा योजना निर्माण समिति गठन गरी सो कार्यलाई अगाडि बढाउन सुरुवात गरियो। सामाजिक विकास समितिका संयोजक घनश्याम थापाको संयोजकत्वमा गठित सो समितिले विभिन्न चरणहरू पार गर्दै शिक्षा योजना निर्माणको कामलाई सफलता पूर्वक सम्पन्न गरेकोमा समितिका सबै सदस्यहरूलाई धन्यवाद ज्ञापन गर्दै आगामी दिनहरूमा शिक्षा क्षेत्रमा गरिने सम्पूर्ण क्रियाकलापहरू र लगानी समेतलाई योजनाका आधारमा व्यवस्थित गरिने र पाँच वर्ष भित्र गा.पा. भित्रको शैक्षिक अवस्थालाई सुधार गर्दै समयानुकूल शिक्षा प्राप्त गर्न पाउने हरेक बालबालिकाको अधिकारलाई साकार पार्ने प्रतिबद्धता व्यक्त गर्दै कार्यान्वयन हुने कुरामा विश्वास गर्दछु।

मञ्जु कुमारी दर्लामी
उपाध्यक्ष

# प्रमुख प्रशासकीय अधिकृतज्यूको कलमबाट

नेपालको संविधान २०७२ ले संघीय लोकतान्त्रात्मक शासन व्यवस्थाको माध्यमबाट सुशासन, विकास र समृद्धि हासिल गरी समुन्नत तथा समाजवाद उन्मुख अर्थतन्त्रको विकास गर्ने परिकल्पना गरेको छ । यसै परिकल्पनालाई साकार पार्न स्थानीय स्तरको समग्र आर्थिक, सामाजिक , सास्कृतिक तथा राजनीतिक विकासमा ध्यान दिई स्थानीय योजना तर्जुमा र कार्यान्वयनमा सरकार क्रियाशील हुनुपर्ने भएको छ । स्थानीय सरकार सञ्चालन ऐन २०७४मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्रको विषयमा स्थानीय स्तरको विकासको लागि आबधिक र विषयगत क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तर्जुमा गर्नुपर्ने व्यवस्था गरिएकोछ । नेपालको संविधान ,ऐन, नियम ,नीती, कार्यविधि बजेट आदिमा उल्लिखित कानून बमोजिम कालिगण्डकी गाउँपालिकाको शिक्षा योजनाको रुपमा आर्थिक बर्ष ०८१/०८२ - ०८५/०८६ को पञ्चबर्षीय स्थानीय शिक्षा क्षेत्र योजना योजना पारित गरेको छ । "कृषि वन जडिबुटी पर्याटन युवा स्वरोजगार भौतिक पूर्वाधार, समाबेशी विकास नै कालिगण्डकी गाउँपालिकाको आधार" को आदर्श अवलम्वन गरी यो योजना कार्यान्यवनमा सहभागितामूलक लोकतन्त्रको अभ्यासलाई आत्मसात गर्ने, सामाजिक एवम् शिक्षाको विकासको प्रतिफलको समन्यायिक वितरण गर्ने कुरामा कालिगण्डकी गाउँपालिका प्रतिबद्ध रहनेछ ।

यस योजनाले शिक्षा क्षेत्रको विगतका योजना तथा कार्यक्रमहरुबाट पूरा हुन नसकेका विषय र मौजुदा चुनौतिहरुको अन्तर घटाउन सहयोग गर्ने अबसरका रुपमा लिदै परिवर्तित परिस्थिति अनुसार कार्यान्वयनमा लचकता अपनाउन सकिने गरी योजना कार्यक्रम र भावी कार्य दिशा तय गरेको छ । यस योजनाले अङ्गिकार गर्नुपर्ने रणनीतिहरु र भावी कार्य दिशालाई प्रतिविम्वित गरेकोछ । यसको प्रभावकारी कार्यान्वयन मार्फत निर्धारित उद्देश्य तथा नतिजाहरु प्रप्तिका लागि यथेष्ट लगानीको आबश्यकता महसुस गरिएकोछ । योजनाको सफल कार्यान्यवनको सुनिश्चितताका लागि नेपाल सरकार, प्रदेश सरकारको बलियो प्रतिबद्धताका साथै विकास साझेदारीहरुको निरन्तर सहयोग प्राप्त हुने विश्वास लिएको छु ।

अन्तमा निर्धारित समयभित्रै कालिगण्डकी गाउँपालिकाको शैक्षिक योजना निर्माण सम्पन्न गर्नुहुने सवै प्रति हार्दिक आभार व्यक्त गर्दछु ।

नरेश गिरी<br>
प्रमुख प्रशासकीय अधिकृत<br>
कालिगण्डकी गाउँपालिकाको कार्यालय

# शिक्षा युवा तथा खेलकुद शाखा प्रमुखज्यूको भनाइ

नेपालको संविधान २०७२ ले संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थाको माध्यमद्वारा दिगो शान्ति सुशासन, विकास र समृद्धिको आकाङ्क्षा गरे अनुसार शिक्षालाई वैज्ञानिक प्राविधिक, व्यवसायिक, सिपमूलक, रोजगार मूलक एवम् जनमुखि बनाउँदै सक्षम, प्रतिस्पर्धी, नैतिक एवंम् राष्ट्रिय हित प्रति समर्पित जनशक्ति तयार गर्न शिक्षा क्षेत्रमा राज्यको लगानी अभिवृद्धि गर्दै उच्च शिक्षालाई सहज, गुणस्तरीय र पहुँच योग्य वनाई क्रमश निःशुल्क बनाउने राज्यको नीति बमोजिम प्रत्येक नागरिकलाई आधारभूत शिक्षाको पहुँचको लागि सो तह सम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क पाउने हक  हुनेछ भनी मौलिक हकको व्यवस्था गरिएको छ ।

शिक्षा नियमित र निरन्तर रुपमा चलिरहने प्रक्रिया हो । सन् १९७० देखि राष्ट्रियस्तरमा तयार गरिएको योजनाले स्थानीय तहका सबै आवश्यकता परिपूर्ति गर्न कठिनाई भएको अवस्थामा वि.सं. २०५७ सालदेखि शिक्षालाई बिकेन्द्रीत योजनाको रूपमा निर्माण गर्न शुरूवात गरिएसँगै स्थानीय तहमा गाउँ शिक्षा योजना, नगर शिक्षा योजना, जिल्ला शिक्षा योजनाको माध्यमद्वारा स्थानीय जनसमुदाय र सरोकारवाला पक्षको संलग्नतामा जिल्ला शिक्षा योजना, गाउँ तथा नगर शिक्षा योजना निर्माण तथा कार्यान्वयनको जमर्को गरेको देखिन्छ । गुल्मी जिल्लाको कालिगण्डकी गाउँपालिकाले पनि गाउँ शिक्षा योजना, विद्यालय सुधार योजना, विद्यालय शिक्षाको संरचना, शिक्षाको गुणस्तर, कार्यान्वयन तथा कार्यसम्पादनको जिम्मेवारी जस्ता विषयमा सुधारका रणनीतिहरू मार्फत् विद्यालय बाहिर रहेको बालबालिकाहरूलाई निःशुल्क तथा अनिवार्य शिक्षाको माध्यमवाट शिक्षाको गुणस्तरीय पहुँच पुऱ्याउन, सक्षमता र सेवा प्रवाहको अवस्थालाई प्रभावकारी बनाई सबै बालबालिकालाई सिकाईका सबै अवसरहरू प्रत्याभूति दिनका लागि यो गाउँ शिक्षा योजना निर्माण गर्ने पहिलो प्रयास गरिएको छ ।

नयाँ-नयाँ प्रविधि र ज्ञानविज्ञानको क्षेत्रलाई समेट्दै सम्पूर्ण बालबालिका, युवा तथा जेष्ठ नागरिकहरूको समेत मैलिक आधिकारको संरक्षण गर्दै उनीहरूलाई  सहज सुलभ, सरल तथा आवश्यकता अनुसार शिक्षा प्रदान गर्न कै लागि गाउँ शिक्षा योजना सरोकारवाला पक्षको सहभागीतामा तयार पारिएको छ । गाउँपालिकाभित्रका शैक्षिक मुद्दा तथा चुनौतिहरूलाई प्राथमिकताका आधारमा समाधान गर्नका निमित्त गाँउपालिका सम्बद्ध जनप्रतिनिधि, वडा शिक्षा समिति, विद्यालयहरू, विद्यालय व्यवस्थापन समिति, प्रधानाध्यापक, शिक्षक, अन्य सम्वद्ध शैक्षिक संस्थाहरूको अन्तरक्रिया, छलफल सम्पन्न गरी योजनाको निर्माणमा प्राथमिकता प्रदान गरिएको छ । पहिलो अनुभवमा नै योजना निमार्ण गर्नु जटिल एवं चुनौतीपूर्ण कार्य भएको छ तापनि यो योजना निर्माणमा योजना निर्माण कार्यदलको काम अत्यन्तै प्रंशंसनीय रहेको छ । यस कार्यमा निरन्तर तथा अहोरात्र खटिनु भएका हर्मिचौर मा.वि.हर्मिचौरका शिक्षक श्री गणेशराज पाध्या, भगवती मा.वि. अर्बेनीका प्रधानाध्यापक रमेश न्यौपाने, देविस्थान आ.वि. जयखानीका प्र.अ. आशारानी श्रीस, जिवनोद्धार मा.वि. पुर्तिघाटका शिक्षकहरु गोविन्द गौतम, किसन सिंजाली, सुन्दर आले, कोऱ्याङ आ.वि. खड्गकोटका प्र.अ. देविदत्त ढकाल, जनकल्याण मा.वि.फोक्सिङका शिक्षक नर बहादुर नेपाली र दुर्गाभवन मा.वि. छापचौरका शिक्षक श्री प्रल्हाद शाहनी केवटलगायतका साथीहरूलाई धन्यवाद दिन चाहन्छु । यसका साथै यस कार्यमा सहयोग गर्नुहुने प्रमुख, उप-प्रमुख, प्रमुख प्रशासकीय अधिकृत, सामाजिक विकास समितिका संयोजक, सबै वडाका वडा अध्यक्ष लगायत जनप्रतिनिधिहरू लगायत सम्पूर्ण सरोकारवाहरूलाई स्मरण गर्न चाहन्छु । यस योजना कार्यान्वयनमा शिक्षाको गुणस्तरलाई उच्च प्राथमिकता दिँदै अनुगमन, मूल्याङ्कन र सक्षम व्यवस्थापनद्वारा यसको लक्ष्य र उद्देश्यहरू पूरा गर्ने प्रतिबद्धता व्यक्त गर्दछु ।

अग्नीधर पराजुली

प्रमुख

शिक्षा युवा तथा खेलकुद शाखा

## बिषय सूची


हाम्रो भनाइ
बिषय प्रवेश
परिच्छेद १
परिचय
१.१ पृष्ठभूमि
१.२ पालिकाको समग्र सन्दर्भ
१.२.१ सामाजिक तथासास्कृतिक सन्दर्भ
१.२.२ आर्थिक सामाजिक सन्दर्भ
१.२.३ वडागत जनसङ्ख्या विवरण
१.२.४ भौगोलिक पृष्ठभूमि
१.२.५ भौगोलिक अवस्था
१.२.६ नदीनाला
१.२.७ प्राकृतिक स्रोत एवम् विशेषता
१.२.८ पुर्वाधार र विकास
१.२.९ स्वास्थ्य संस्था, यातायात र सञ्चार
१.२.१० ऐतिहासिक पृष्ठभूमि
१.३ पालिकाको शैक्षिक सन्दर्भ
१.३.१ नेपालको सन्दर्भमा शिक्षाको परिभाषा
१.३.१ (क) नितिगत प्रवन्ध
१.३.२ शिक्षाको संरचना
१.३.३ शिक्षक सङ्ख्या
१.३.४ उल्लेख्य उपलब्धि तथा अन्तर
१.३.५ शिक्षा क्षेत्रको योजना
१.३.६ दिगो विकासका लक्षहरु
१.३.७ पालिकाको शिक्षा क्षेत्रका मुख्य चुनौतिहरु
१.३.८ पालिकाको शिक्षा क्षेत्रको विकासकालागि मुख्य अवसरहरु
१.३.९ पालिकाको शिक्षा क्षेत्रको योजना निर्माण प्रक्रिया
१.४ योजना निर्माणका विभिन्न स्रोतहरु
१.४.१ योजना तयारी तथा विकासको संरचनात्मक ब्याख्या
१.४.२ योजनाको पहिलो मस्यौदा विकास
परिच्छेद २
२. लक्ष्य निर्धारण
२.१ दूरदृष्टि
२.२ लक्ष्य
२.३ ध्येय
२.४ उद्देश्य
२.५ रणनीतिहरु
२.६ कार्यनीति

२.७ अपेक्षित उपलब्धि
२.८ मुख्य कार्यसम्पादन सूचक र लक्ष्य निर्धारण

परिच्छेद ३
३. विद्यालय क्षेत्रका मुख्य उपक्षेत्रहरु
३.१ प्रारम्भिक बालविकास र शिक्षा
  ३.१.१ उपलब्धि, नतिजा प्रमुख क्रियाकलाप तथा लक्ष
३.२ आधारभुत शिक्षा
  ३.२.१ उपलब्धि, नतिजा प्रमुख क्रियाकलाप तथा लक्ष
३.३ माध्यमिक शिक्षा .................
  ३.३.१ उपलब्धि, नतिजा प्रमुख क्रियाकलाप तथा लक्ष
३.४ अनौपचारिक शिक्षा र आजीवन सिकाइ
  ३.४.१ प्राविधिक तथा व्यावसायिक शिक्षा
परिच्छेद ४
४. अन्तरसम्बन्धित विषय तथा क्षेत्रहरु
४.१ पाठ्यक्रम र मूल्याङ्कन
४.२ शिक्षक व्यवस्थापन र विकास
४.३ शिक्षामा समता र समावेशीकरण
४.४ विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रम
४.५ आपतकालीन तथा सङ्कटकालीन अवस्थामा शिक्षा
४.६ विद्यालय भौतिक पूर्वाधार विकास
४.७ विद्यालयमा सूचना तथा सञ्चार प्रविधि
परिच्छेद ५
५. सुशासन तथा व्यवस्थापन
५.१ स्थानीय शिक्षा योजना कार्यान्वयनको प्रबन्ध
  ५.१.१ वर्तमान अवस्था
परिच्छेद ६
६. लगानी र स्रोत व्यवस्थापन
६.१ वर्तमान अवस्था
६.२ उद्देश्य
६.३ रणनीतिहरु
६.४ प्रमुख उपलब्धि तथा नतिजा
परिच्छेद ७
७. अनुगमन तथा मुल्याङ्कन
७.१ वर्तमान अवस्था
७.२ उद्देश्य
७.३ रणनीति
७.४ योजनाको लेखाजोखा
अनुसूचीहरु
अनुसूची १ शैक्षिक प्रश्नावली सरोकारवाला सबैकालागि

## कालिगण्डकी गाउँपालिकाको मानचित्र






स्रोत: स्थलरुप नक्सा (स्केल १:२५००० /१:५००००), नापी विभाग र जनगणना २०६८, केन्द्रिय तथ्यांक विभाग
तयार पार्ने: गाउँपालिका, नगरपालिका तथा विशेष, संरक्षित वा स्वायत्त क्षेत्रको संख्या तथा सीमाना निर्धारण आयोग

Projection System: MUTM, Spheroid - Everest 1830
LLRC, 2016

## विषय प्रवेश :

यस शिक्षा योजनाले कालीगण्डकी गाउँपालिकाको शैक्षिक सेवालाई समन्वयकारी तथा प्रभावकारी रुपमा व्यवहारमा लागु गरी अपेक्षा गरे अनुरुपको उपलब्धि प्राप्त गर्न, सबैको शिक्षामा पहुँच, समान सहभागिता, गुणस्तर र समतामुलक शिक्षा सुनिश्चि गरी व्यवस्थापकीय कार्य सम्पादन गर्नका लागि शिक्षा योजनाको महत्वपूर्ण भूमिका रहेको हुन्छ । वर्तमान सन्दर्भमा नेपालको विद्यालय तहको शिक्षाको विकासका लागि विद्यालय शिक्षा क्षेत्र योजना कार्यान्वयनमा रहेको छ । प्रदेशतहमा पनि शिक्षा क्षेत्रका लागि योजनहरु निर्माण भई कार्यान्वयनका चरणमा छन् । यसैगरी स्थानीय तहका लागि स्थानीय सरकार सञ्चालन ऐन २०७४ लागु भई माध्यमिक तथा आधारभूत तहको शिक्षासँग सम्बन्धित विभिन्न गतिविधिहरु छन् । स्थानीय तहले सङ्घ र प्रदेश सरकारका योजनाहरुलाई आधारमानी आफ्नो माग तथा आवश्यकीय पक्षहरुलाई प्राथमिकताका आधारमा सम्पन्न र व्यवस्थापन गर्नका लागि पनि शिक्षा योजना निर्माण गरी कार्यान्वयनमा लैजान पर्ने आवश्यकता रहेको छ । सोही विषय र सन्दर्भमा यो शिक्षा योजना तयार पारिएको हो ।

### शिक्षा योजना निर्माणको आवश्यकता :

शिक्षण सिकाई प्रक्रियालाई दिगो, निरन्तर र व्यावहारोपयोगी बनाउदै लक्ष प्राप्त गर्नका लागि यसको आवश्यकता रहेको छ । शिक्षा तथा प्रविधिका क्षेत्रमा भएको परिवर्तन र विकाश लाई आत्मसात् गरी सिर्जनशील, सक्रिय ,इमान्दार ,कर्तव्यनिष्ठ र संस्कार सहित सक्रिय तथा नेपालको आर्थिक तथा सामाजिक रुपान्तरणका लागि उपयोग हुन सक्ने नागरिक तयार गर्नका लागि शिक्षाको योगदानलाई समयानुकुल बनाउनका लागि पनि विद्यालय शिक्षा क्षेत्रको योजनाको माध्यमबाट समग्र शिक्षा प्रणालीमा सुधार गर्नुपर्ने देखिएको छ ।
नेपालको वर्तमान संविधा शिक्षाका राष्ट्रिय नीति, शिक्षा ऐन कानुनले प्राथमिकतामा राखेका अवधारणा तथा विद्यालय शिक्षा सम्बन्धी कार्यक्रमहरुलाई संघीय संरचनाअनुरुप कार्यान्वयन गर्नका लागि पनि विद्यालय शिक्षा योजनाको आवश्यकतालाई मध्यनजर गरी कालीगण्डकी गाउँपालिकाले योजना निमार्ण गर्न थालेको हो । नेपालको विधानको अनुसूची ८ मा माध्यमिक तथा आधारभूत तहको शिक्षाको एकल अधिकार स्थानीय तहलाई प्रत्याभूत गरेको छ । यसैगरी स्थानीय सरकार सञ्चालन ऐन, २०७४(११ज) ले माध्यमिक तथा आधारभूत तहका लागि २३ वटा शिक्षाका अधिकार निर्धारण गरेको छ भने यसै ऐनको दफा २४ (१) मा स्थानीय तहले क्षेत्रगत तथा आवधिक योजना निमार्ण गरी कार्यान्वयन गर्नुपर्ने नीतिगत व्यवस्था समेत गरेको छ । यी र यस्तै खाले योजनाहरु तर्जुमा गरी स्थानीय शिक्षा योजना निमार्ण तथा विकासमा सहकार्य गर्नका लागि यसको आवश्यकतालाइ हृदयङ्गम गरी यो योजना तयार पारिएको छ ।

### स्थानीय तहमा शिक्षा योजना निर्माणको औचित्य :

- सङ्घ, प्रदेश र स्थानीय तह विच बन्ने सम्पूर्ण शैक्षिक योजनाहरुको अन्तरसम्बन्ध स्थापित गरी शैक्षिक गतिविधि सञ्चालन गर्न,
- प्राप्त स्रोतहरुलाई व्यवस्थापन गरी सही ठाउँमा परिचालन गरी उपयोग गर्दै लक्ष्य प्राप्त गर्न,
- समस्याहरु पहिचान गरी न्यूनीकरण गर्न,
- शिक्षाका सक्षमता,उद्देश्य र लक्ष्य प्राप्त गर्नलाई मार्गदर्शन गर्न ।

### शिक्षा योजना निर्माणका आधारहरु :

प्रस्तुत योजना निर्माण गर्दा निम्नलिखित विषय वस्तुहरुलाई मुख्य आधार बनाइएको छ ।

- नेपालको संविधान
- सोह्रौं आवधिक योजना
- स्थानीय सरकार सञ्चालन ऐन २०७४
- सङ्घ, प्रदेश र स्थानीय तह ऐन २०७७

- विद्यालय शिक्षा सम्बन्धी ऐन नियमावली
- अनिवार्य तथा निः शुल्क शिक्षा सम्बन्धी ऐन २०७५
- विद्यालय शिक्षा क्षेत्र योजना
- राष्ट्रिय शिक्षा नीति २०७९
- दिगो विकास लक्ष्य राष्ट्रिय कार्यढाँचा
- विद्यालय शिक्षामा समता रणनीति
- स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन २०७८
- स्थानीय तहको विकास योजना
- विद्यालय सुधार योजना
- गाउँपालिका अध्यक्ष, उपाध्यक्ष, वार्ड अध्यक्षहरु
- शिक्षासँग सम्बन्धित व्यक्तिहरु
- जनगणना प्रतिवेदन २०७८
- गाउँपालिकाको भिलेज प्रोफाईल

**शिक्षा योजना निर्माण प्रक्रिया :**

कुनै पनि कार्य सम्पन्न गर्न गरिने परिकल्पनाको स्वरूपलाई कार्यान्वयन तहसम्म पुऱ्याउन प्रतिफल दिने प्रकृयाहरूको समिश्रण नै योजना हो । योजना आफैमा निर्मित हुने होइन, यसलाई निर्माण गर्नु पर्छ त्यसैले योजना निर्माण गर्न त्यति सहज छैन । यो एउटा जटिल र चुनौतिपूर्ण कार्य पनि हो । विगतको अनुभव, वर्तमानको कार्यशैलि र भविष्यको दृष्टिकोण नै योजना हो । तथ्यगत वस्तुको आधारमा स्थानीय तहमा शिक्षा योजना निर्माण गर्न र यसलाई विश्लेषणात्मक रूपमा कार्यान्वयन तहसम्म पुऱ्याई मिठो प्रतिफल दिन आफैमा कठिन र चुनौतिपूर्ण छ । यो गाउँ शिक्षा योजना निर्माण गर्न तपसिलका चरण र प्रकृयाहरूलाई गम्भिरतापूर्वक अवलम्वन र अनुसरण गरिएको छ :

- कालिगण्डकी गाउँपालिकाको गाउँ शिक्षा योजना निमार्णका लागि कार्यादेश सहितको ९ सदस्यीय निर्माण कार्यदलको गठन भएको हो ।
- योजनालाई  मूर्तरूप दिन आन्तरिक छलफल तथा कार्ययोजना निर्माण गरिएको ।
- योजनाको खाका तयार गरी विषयवस्तु माथि छलफल भएको ।
- वडागत रुपमा वडा अध्यक्षको रोहवरमा विद्यालयका प्रधानाध्यापक, जनप्रतिनिधी र अन्य शैक्षिक सरोकारवालाहरूसंग मौखिक तथा लिखित सुझाव र तथ्याङ्क संकलन ।
- वडा कार्यालय, अपाङ्गताको क्षेत्र, भिन्न प्रकृतिका विद्यालयहरू, सामुदायिक सिकाई केन्द्र, धार्मिक विद्यालय, प्राविधिक विद्यालय, जनप्रतिनिधिहरू, लक्षित वर्गहरुसँग सुझाव संकलन गरिएको ।
- शिक्षा शाखामा तयार पारिएका स्रोत सामग्री तथा प्रदेश सरकारको वस्तुस्थिती र अन्य आधार पत्रहरूको समेत अध्ययन गरिएको ।
- जिल्ला शिक्षा योजना तथा अन्य तथ्याङ्कहरूलाई आधार बनाइएको ।
- विभिन्न प्रकारका सुझाव, खेस्रा तयारी, टिपोट र पृष्ठपोषण, संकलन गरिएको ।
- अनिवार्य तथा निःशुल्क शिक्षा सम्बन्धी ऐन २०७५ को अध्ययन गरिएको

**योजनाको लेखाजोखा :**

योजनाले परिकल्पना गरेको शैक्षिक उपलब्धि प्राप्त गर्न मुख्यतया विद्यालय पहुँच बाहिर रहेका बालबालिकाहरूलाई विद्यालय पुऱ्याउनका लागि विद्यालय तथा बालविकास केन्द्रहरूलाई पहिलो इकाई अर्थात खुड्किलो मानेर विद्यालयद्वारा भरेर पठाइएका तथ्याङ्क विवरणहरू, फ्ल्यास रिपोर्ट, जनगणना-२०७८ र त्यसलाई प्रक्षेपण गरिएको

जनसंख्या सहितको तथ्याङ्क, विभिन्न खालका Status Report, सरो कारवालाबाट प्राप्त श्रोतहरू, अन्य योजना तथा प्रतिवेदन आधारपत्रहरूमा राखीएका द्वितीय स्रोत एवम् स्थलगतरूपमा गरिएको छलफल एवम् प्राप्त तथ्याङ्कलाई प्राथमिक श्रोतको रूपमा लिई योजना लाई बढि भर पर्दो विश्वासिलो र यथार्थमा आधारितरहि योजना बनाउने प्रयास गरिएको छ ।

## परिच्छेद -१
## परिचय

### १.१ पृष्ठभूमि :

नेपाल सङ्घीय गणतन्त्रात्मक राज्यको परिकल्पनामा परिणत भइसकेपछि केही परिवर्तनका सकारात्मक पक्षहरु देखिएका छन् । जसको श्रेय वि.सं.२०७२ मा जारी भएको नेपालको संविधानलाई जान्छ । जस अनुरुप सङ्घ, प्रदेश र स्थानीय तह गरी तीन तहका सरकारहरुको सक्रियता रहेको पाइन्छ । संविधानको उद्देश्य समतामूलक , समावेशी र समाजवाद उन्मुख राष्ट्रको परिकल्पना रहेको छ । शिक्षासँग सम्बन्धित नागरिकको आधारभूत र विशिष्ट प्रकारका मौलिकहकहरु प्राथमिकताका आधारमा स्थापित गरेको छ ।

गुल्मी जिल्लाको सूदूरपूर्वमा रहेको यस कालीगण्डकी गाउँपालिकामा शिक्षा क्षेत्रलाई समय सापेक्ष अनुकुल र प्रतिस्पर्धी बनाई योग्य , सक्षम र संस्कायुक्त नागरिक तयार पार्नका लागि शिक्षा योजना निर्माण गर्न लागिएको हो । सन् २०१५ मा संयुक्त राष्ट्र सङ्घले सन् २०३० सम्ममा दिगो विकास हासिल गर्ने गरी निर्धारण गरेका १७ ओटा लक्ष्यमा नेपालले चौथो लक्ष्यले “सबैका लागि समावेशी र समतामुलक गुणस्तरीय शिक्षाको सुनिश्चितता तथा आजीवन सिकाइका अवसरहरुमा प्रोत्साहित गर्ने ” उद्देश्य राखेर सात ओटा लक्ष्यहरु निर्धारण गरी लक्ष्य प्राप्तिका लागि थप तीनवटा माध्यमहरु समेत  उल्लेख गरेको छ । नेपालले पनि युनेस्कोद्वारा दक्षिण कोरियाको इन्चोनमा आयोजित विश्व शिक्षा मञ्च सन् २०१५ को बैठकद्वारा जारी गरिएको घोषणापत्रले शिक्षा सम्बन्धी दिगो विकाश लक्ष्य प्रतिको प्रतिबद्धता सहितको कार्यढाँचा तयार गरेकोमा प्रतिवद्धता जनाएको छ । सबै विषयवस्तु र सन्दर्भलाई समेत दृष्टिगत गरी नेपाल सरकारले २५ वर्षे दीर्घकालीन दृष्टिकोणसहित पन्ध्रौं र हालको सोह्रौं योजना २०८१/०८२ - २०८५/०८६ तयार गरी शिक्षा विकासका लीगि नीतिगत प्राथमिकता निर्धारण गरेको छ । दश वर्षे विद्यालय क्षेत्र योजना सन् २०२२/२३ - २०३१/३२ लाई कार्यान्वयनमा ल्याएको छ भने यिनै सन्दर्भ र परिप्रेक्षहरुमा टेक्दै स्थानीय सरकार कालीगण्डकी गाउँपालिकाले संबैधानिक दायित्व तथा प्रावधानहरु र आफ्नो गाउँपालिका तहमा शिक्षाक्षेत्रको योजना निर्माण गरेर कार्यान्वययनमा लैजान आवश्यक देखिएको छ । वर्तमान सन्दर्भमा ज्ञान, विज्ञान तथा प्रविधिमा आएको आमूल परिवर्तनले ल्याएको गुणात्मक परिवर्तनलाई आत्मसात गरेर क्रियाशील पालिकाको रुपमा स्थापित गर्न सवल र सक्षम जनशक्तिको विकास गर्न समय सापेक्ष समतामुलक शिक्षालाई व्यवस्थित गर्न सवल र सक्षम जनशक्तिको विकास गर्न समय सापेक्ष समतामुलक शिक्षालाई व्यवस्थित गर्न पालिका तहमा शिक्षा क्षेत्रको योजना आवश्यक देखिएको छ ।

देशमा आएको विभिन्न खाले रोगको सङ्क्रमण तथा विपतबाट यो पालिका पनि अछुतो रहन सकेन । विपत र माहामारीबाट शिक्षा क्षेत्रमा भएको गतिहिनताले शैक्षिक अवस्था र गतिविधि शिथिल भएको छ । समय समयमा हुने विभिन्न खाले शैक्षिक क्षतिलाई न्युनीकरण गर्न शिक्षा पद्धतिको विकास समयानुकुल गर्नु पर्दछ । गाउँपालिका तहमा शिक्षा क्षेत्रको विकासका लागि तथ्यपरक प्रभावकारी योजनाको आवश्यकतालाई ध्यानमा राखेर स्थानीय स्तरको शिक्षा क्षेत्रको योजना आगामी सन् २०३० सम्मका लागि शिक्षा विकासको दृष्टिकोण सहित सन् २०२४ - २०२९ का लागि आवश्यक स्रोतको आकलन गरी तयार पारिएको छ ।

### १.२ पालिकाको समग्र सन्दर्भ :

समयको माग तथा नेपालमा भएका विभिन्न खाले राजनैतिक परिवर्तन तथा आन्दोलनहरु एवम् लामो द्वन्द्वपछि संविधान सभाबाट संघीय गणतन्त्रात्मक संविधान निमार्ण भई संघ, प्रदेश र स्थानीय तहमा निर्वाचित सरकार गठन भएर मुख्य कानुनी तथा व्यवस्थापकीय संरचनासहितकार्यरत रहेका छन् । हरेक निकायले आ-आफ्नो क्षेत्राधिकार भित्र रही कार्य सम्पादन गरेका छन् । यस अवधिमा नेपालमा तुलनात्मक रुपमा स्थिर आर्थिक अवस्था देखिनुलाई सकारात्मक प्रगतिको सङ्केत मान्न सकिन्छ । सन् २०१९ को आँकडाअनुसार (UNDP, 2020) मानव विकास सूचकाङ्क ( ०.६०२) का दृष्टिले नेपाल कुल १८९ मध्ये १४२ औं स्थानमा रहेको छ भने न्युनबाट मध्यम सूचकाङ्क

भएको मुलुकमा प्रवेश गरेको छ । व्यक्तिको औसत विद्यालय अवधिमा बढोत्तरी, प्रति व्यक्ति आयमा वृद्धि तथा निरपेक्ष गरिबीमा रहेको जनसङ्ख्याको प्रतिशत घट्नु सकारात्मक सूचकहरु हुन् । यस्ता सूचकलाई वृद्धि गर्दै लैजानु आजको माग हो । शिक्षा विकासमा मुलुकको सामाजिक, साँस्कृतिक र आर्थिक सन्दर्भ, भौगोलिक, जनसाङ्खिक र शासकीय स्वरुपको प्रभाव रहने भएकाले कालीगण्डकी गाउँपालिका क्षेत्रको योजना निमार्णका क्रममा यी सन्दर्भहरुको सामान्य समीक्षा गरिएको छ । हुन त शिक्षाको क्षेत्रमा अपेक्षा गरिए अनुरुपको प्रगति गर्न सकिएको छैन् ।

### १.२.१ सामाजिक तथा सांस्कृतिक सन्दर्भ

नेपाल भौगोलिक हिसावले विविधता रहेको देश हो सोही अनुरुप कालीगण्डकी गाउँपालिकामा पनि सामाजिक तथा सांस्कृतिक विविधतायुक्त रहेको छ । विभिन्न जातजाति, क्षेत्र , समुदायका फरकफरक सामाजिक तथा सांस्कृतिक परम्परा, रीतिरीवाज तथा प्रचलनहरु रहेका छन् । भाषिक दृष्टिले पनि नेपाल बहुभाषी देश हो , नेपालमा हाल सम्म १२३ भाषा/भाषिका पहिचान भइसकेको छ । यस्तो सामाजिक , सांस्कृतिक तथा भाषिक विविधताले नेपालको पहिचान स्थापित गर्नुका साथै आ-आफ्नो संस्कृति तथा भाषाप्रति र समग्रतामा यस्तो विविधताप्रति सबै समुदायले गौरव गर्ने गर्दछन् । अर्कोतिर नेपालमा भाषिक, जातजातिगत, क्षेत्रगत आधारमा परम्परादेखि सिर्जित भिन्नताले विभेद तथा वञ्चितीकरणमा परी विकासका अवसरहरुबाट बञ्चित भएका र सुविधाविहिन हुन पुगेका व्यक्ति तथा समुदाय पनि रहेका छन् । खास गरी जातजातीय, भाषिक तथा लैङ्गिक आधारमा हुने भिन्नता तथा बञ्चितीकरणलाई न्यूनीकरण गर्ने विभिन्न प्रयासहरु भई केही सकारात्मक उपलब्धिहरु पनि पालिकामा प्राप्त भएका छन् तापनि सुधार गर्नुपर्ने् पक्षहरु थुप्रै छन् । यस्ता विभेदहरु हटाउन तत् सम्बन्धी विभिन्न कानुनहरु बनाइएका र लक्षित विकास कार्यक्रमहरु सञ्चालन गरिएका छन् भने राजनीतिक, प्रशासनिक तथा केही रोजगारीका क्षेत्रमा आरक्षण तथा विशेष प्रबन्ध पनि गरिएको छ । यस्तो हुँदाहुँदै पनि कतिपय सामाजिक व्यवहार परिवर्तन हुन नसक्दा कतिपय स्थान तथा समुदायमा यस्ता भिन्नता पूर्ण रुपमा हट्न सकेका छैनन् । यस्तो अवस्थामा एकातिर विविधतालाई सम्मान गर्ने दृष्टिकोण सहितका शैक्षिक नीति तथा कार्यक्रमहरु आवश्यक हुन्छन् भने अर्कोतिर सबैलाई समावेश गर्ने, समता अभिवृद्धि गर्ने, विभेदरहितताको वातावरण सिर्जना गर्ने र आवश्यकताअनुसार थप तथा विशेष प्रबन्ध गरी समता र समावेशिता अभिवृद्धि गर्ने आवश्यकतालाई योजना निर्माणमा विशेष ध्यान दिनु जरुरी छ । यसबाट सामाजिक सद्भाव, सहयोग र सहकार्यको संस्कृति विकास गरी समता अभिवृद्धिमा योगदान हुने छ । त्यसैगरी सामाजिक तथा सांस्कृतिक परम्परा तथा रीतिरीवाजका नाममा हुने विभिन्न विभेद, अन्याय, बञ्चितीकरण तथा अन्धविश्वास र हानिकारक अभ्यासप्रतिको सचेतताको विकास गर्नु पनि उत्तिकै आवश्यक छ । यसै सन्दर्भमा कालीगण्डकी गाउँपालिकामा अनेकतामा एकता र विविधताको विचबाट समानताको थालनी शैक्षिक क्षेत्रबाट गर्ने प्रयास भएका छन यिनलाई सकारात्मक प्रयासनै मान्नु पर्दछ ।

### १.२.२ आर्थिक सामाजिक सन्दर्भ

**आर्थिक गतिविधिहरु :**

हरेक क्रियाकलाप प्रत्यक्षरुपमा मानिसका आर्थिक गतिविधिसित जोडिएको हुन्छ । जसमा नेपाल न्युन आय भएको मुलुकबाट मध्यम आय भएको मुलुकमा प्रवेश गर्ने तयारीमा छ । वितग केही दशकदेखि नेपालले औसत आर्थिक बृद्धिदरमा राम्रै उपलब्धि हासिल गरेको छ । सन् २०१५ को भूकम्मका कारण सन् २०१५/१६ ( ०.८ प्रतिशत) र बिगतको कोभिड - १९ का कारणले सन् २०१९/२० को आर्थिक वृद्धिदर न्युन (२.३ प्रतिशत) रहन जाँदा विगत १० वर्षको औसत आर्थिक वृद्धिदर ४.६ प्रतिशत रहेको छ । भूकम्प पछिको वर्ष २०१६/१७ मा आर्थिक वृद्धिदर ८.२ प्रतिशत पुगेको थियो भने त्यसपछिका दुई वर्ष पनि आर्थिक वृद्धिदर ७ प्रतिशतको हाराहारीमा रही तुलनात्मक रुपमा राम्रो रहेको थियो । विगत १० वर्षको औसत मूल्य वृद्धि ६ प्रतिशतको हारहारीमा रहेको छ ।

सरकारको आम्दानी र खर्चको अन्तर यो वर्ष ६.५ प्रतिशत रहेको छ भने आगामी तीन वर्षका लागि ९ देखि १० प्रतिशतको अन्तर प्रक्षेपण गरिएको छ । यस वर्ष कर तथा गैरकर राजस्व कुल गार्हस्थ उत्पादनको २२ प्रतिशत रहेकोमा आगामी तीन वर्षका लागि यो प्रतिशत क्रमश : २३.५ २४.१ र २४.५ प्रक्षेपण गरिएको छ । त्यसै गरी यस वर्ष कुल खर्च कुल गार्हस्थ उत्पादनको २८.५ प्रतिशत रहेकोमा आगामी तीन वर्षका लागि यो प्रतिशत क्रमश ३४.२ ३३.८ र ३३.५ प्रक्षेपण गरिएको छ । (NPC,2020a )

उल्लिखित समग्र आर्थिक परिसूचकको अवस्थाका साथसाथै यसको वितरण हेर्ने हो भने विभिन्न असमानता पाइन्छन् । यसमा प्रदेशगत असमानता उल्लेख्य रहेको छ । उदाहरणका लागि वागमती प्रदेशमा जनसङ्ख्या (२०.९ %) को अनुपातमा कुल गार्हस्थ उत्पादनको प्रतिशत निकै उच्च छ (३५.८% ) भने मधेश प्रदेशमा जनसङ्ख्या (२०.४%) को अनुपातमा कुल गार्हस्थ उत्पादनको प्रतिशत निकै न्युन छ (१३.८% ) अरु पाँचओटै प्रदेशहरुमा जनसङ्ख्याको अनुपातमा कुल गार्हस्थ उत्पादनको प्रतिशत कम रहेपनि मधेशप्रदेशको तुलनामा फरक भने कम रहेको छ । यसमा पनि गण्डकी प्रदेश र कोशी प्रदेशमा यो भिन्नता अन्य तीन प्रदेशको तुलनामा कम रहेको छ । त्यसै गरी धनी र गरिबबिचको आयमा रहेको ठूलो भिन्नताले उच्च आय हुने माथिल्लो १० % सँग ४०% को हारहारीमा र न्युन आय हुने तल्लो ५० % सँग करिब २०% मात्र आम्दानी रहेको पुष्टि गर्दछ (https://wid.world/country/nepal/)

माथि उल्लेख गरे जस्तै कालीगण्डकी गाउँपालिकाको समग्र आर्थिक गतिबिधि र सोका परिसूचकहरुलाई विश्लेषण गर्दा निर्यात भन्दा आयात नै बढि भएको देखिन्छ ।

**क) कृषि योग्य भूमि र उत्पादन :**

**सिंचाई**

यस कालीगण्डकी गा.पा. भित्र पर्ने वार्डहरुमा सिंचाई सम्बन्धी खेतीयोग्य भूभाग रहेकोले त्यसमा सिंचाईको व्यवस्था राम्रै रहेको पाईन्छ । हर्मिचौरमा बकेवा कुलो, दिहिङ कुलो, सातविसे कुलो, बुढो कुलो छ सय कुलो छ भने ठुलो फाँट रहेको अर्बेनीमा जेठी, माइली, साँइली र कान्छी (नयाँ) कुलो (झन्डै ४ कि.मि.), भन्ज्याङ, सातमुरे , जोखुम फाँटको सिंचाईका लागि जोखुम कुलो, कुडापानी छाहाडी लपर्तुङ सिंचाइ, गौडीखोलाको सिचाई, पालुङखोलादेखि बरल्वा आउने सिचाई आयोजना, जिमिरे कुलो सिस्नेखोला, खनियापाटा चल्ने दुइवटा कुला निचेडी, थुम कुलो सिस्नेखोलादेखि खमारीपाटा चल्नने सिम्टा आम्बोट कुलो, दिम कुलो कोरेङ बेशी कुलो आदि यहाका प्रमुख कुलाहरुले विभिन्न फाँटमा सिंचाइ सुविधा पुर्‍याएका छन । ठूलो पधेरा नागा कुलो, अमराई कुलो जस्ता सिचाईको व्यवस्था भएकाले कालिगण्डकी गा.पा. भित्र अधिकांश खेतलाइ सिंचाई पुर्याउन सफल भएको छ ।

**कृषि :** कालीगण्डकी गाउँपालिकाले कृषि क्षेत्रका लागि महत्वपूर्ण कार्यगरेको छ । रैथाने वालीलाई संरक्षण गर्ने, पशुपालन गर्ने, कृषकहरुलाई अनुदानको व्यवस्था विभिन्न ठाउँमा नर्सरीको स्थापना आदि जस्ता कार्य भएका छन् । गाउँपालिकाका मूख्य खेतीयोग्य जमिनमा निम्न रहेकाछन् ।

वडा नं १

हर्मिचौर फाँट, दिहिङ, वकेवा, गिदुवा, तुथुम, देउराली, भर्दालकोट, एकीनास, हर्मिचौर बान्द्रे,

वडा नं २

ठुला चौर, आमवोट, तेवारी थोक, घिउसिन, सेरा, सातमुरे, राक्से फाँट, चौका वारी, चन्दन बारी, माझबारी, गहते, भयकोट, बिसौना, अर्वेनी फाँट, चन्दनथर, दभौंखानी, मान्धरा, निगारे,

वडा नं ३

वेल्टारी, सत्ताइसे, आपखर्क, मुलपानी, कनौटा, जयखानी, लेन्टुङ, छाप, लम्सराङ

वडा नं ४

जोखुमचौर, डाङलिङ फाँट, फुर्से फाँट, फुर्से डाँडा, छाहादी, लपर्तुङ, ओकेङ, वल्ली, भाङखर्क, खोत्रोक, सौरेनी, दमार, सिरेनी,

वडा नं ५

गौदीखोला फाँट, केङ्गे खोला फाँट, लम्करा फाँट, चालिसे फाँट, बेशी फाँट, गैरी फाँट, सिम्ले सातकोट, चालिसे

वडा नं ६

वडरे फाँट, कान्ले फाँट, जिमिरे फाँट, खोलसे फाँट, खनियापाटा फाँट, दिम फाँट, गाउँ, कोरेङ्ग वेसी, उर्लेनी फाँट, वरल्वा फाँट, लेघा फाँट, वगालथोक फाँट, रुम्टा फाँट, आमबोट फाँट, थुम्का बेसी, फाँट, उपल्लो कोरेङ्ग, तोलाकोट, खमारीपाटा, सपाङ्गदे, जोग्दी, लुङ, लिसेपानी, तुपुङ, लेगा ढाव, वगालथर, रम्फै

वडा नं ७

गब्दे फाँट, टारी फाँट, भट्टेटोला फाँट, नागा फाँट, गैरी फाँट, मिलगाम फाँट, अमराइ फाँट, झिरवास फाँट आदि ।

क) वर्तमान भू-उपयोग

| क.स | भू-उपयोग | क्षेत्रफल (वर्ग कि.मि.) |
|---|---|---|
| १ | बाझो जमीन | ०.११ |
| २ | बस्ती क्षेत्र | २.००४ |
| ३ | झाडी | १२.००४ |
| ४ | पहरो | ०.६२ |
| ५ | खेतियोग्य जमिन | ३६.५१ |
| ६ | जङ्गल | ४९.०५ |
| ७ | बालुवा | ०.३०२ |
| ८ | पानी | ०.४५ |
| जम्मा | | १०१.०४ |

ख) प्रमुख खेती र उपयोग : धान, मकै, गहुँ , कोदो, सिमि, भट्ट, मास ,गहत ,अदुवा ,बेसार दैनिक उपभोग सामग्रीको रुपमा

ग) पशुपालन : गाइ, भैसी , वाखा , वङ्गुर, सुङ्गुर , हाँस, कुखुरा

घ) उद्योगहरु : आरनहरु, क्रशर उद्योग घुमाउने

ङ) वडागत रुपमा पाईने मुख्य मुख्य जडिबुटी सम्बन्धी विवरण

| वडा नं | मुख्य जडिबुटीहरु |
|---|---|
| १ | कालो काफल, आकासवेली, सिकारी लहरो |
| २ | सतुवा, वकाइनो, कालोकाफल, हडचुर, विखमा, गुर्जेगानो, टिमुर, सिखारी लहरो, सउर, चिप्ले किरा, सिन्कौली |
| ३ | सतुवा, वकाइनो, कालोकाफल, हडचुर, बिखमा, गुर्जेगानो, टिमुर, सिखारी लहरो, सउर, चिप्ले किरा |
| ४ | गुर्जेगानो, सतुवा, चुत्रो, कालोकाफल, सिप्लिगान, सिस्नो, जटामसी, पाषाण वेद, कुमकुम, कुरिलो, चिराईतो, बोझो, चिप्लेकान, घोडताप्रे, अशोक, घिउकुमारी, अमला, असुरो, कुरिलो |
| ५ | कुमकुम, कुरिलो, चिराईतो, बोझो, हर्रो बर्रो, अमला, आकाशवेली, विषमारे, सतुवा, कालोकाफल |

| | |
|---|---|
| ६ | हर्रो वर्रो, अमला, आकाशवेली, सिकारी लहरो, शौर, कालोकाफल, विलाजोर, जांखी, घोडताप्रे, बोहरी, अजम्बरी, चिराईतो, बोझो, सिन्कौली |
| ७ | हर्रो वर्रो, अमला, आकाशवेली, सिकारी लहरो, शौर, कालीकाफल, बिलाजोर, जाखी, घोडताप्रे, बोहरी, अजम्बरी, चिराईतो, बोझो, बगेटे, वकाइनो |

स्रोत डिभिजन वन कार्यालय गुल्मी

च) पर्यटन :

मानिसहरु विभिन्न कारणहरु जस्तै ज्ञान आर्जन गर्न नयाँ नयाँ ठाँउहरु घुमफिर गर्न, मनोरञ्जन प्राप्त गर्न, व्यापार व्यवसाय गर्नु तथा रोजगारीका लागि एक ठाउँको मानिस अर्को ठाउँमा भ्रमण गर्ने प्रक्रियालाई पर्यटन भनिन्छ र भ्रमण गर्ने मानिसलाई पर्यटक भनिन्छ । त्यसैगरी भ्रमणका लागि आकर्षक स्थलहरु वा गन्तव्य ठाँउलाई पर्यटकीय क्षेत्र भनिन्छ ।

कालीगण्डकी गा.पा. अन्तर्गत थुप्रै यस्ता पर्यटकीय क्षेत्रहरु रहेका छन् । जसलाई निम्न अनुसार उल्लेख गर्न सकिन्छ ।

१. हिले सिद्ध बाबा
२. कालीगण्डकी किनारमा अवस्थित विष्णु धाम
३. रेप्काको मानव निर्मित सुरुङ मार्ग
४. राधाकृष्ण मन्दिर पूर्तिघाट
५. धुवाखोला होमस्टे, कालिलेक, शिद्धथान
६. बुढी सत्यवती
७. शिवालय मन्दिर कनौटा
८. लक्ष्मीनारायण मन्दिर मुक्तिघाट खड्गकोट आदि

**१.२.३ वडागत जनसङ्ख्या विवरण /राजनीतिक तथा प्रशासनिक विभाजन र समानुपातिक विकास**

नेपालमा संघीय व्यवस्था लागु भएपछि नेपाललाई ७ प्रदेश र ७५३ स्थानीय तहमा विभाजन गरिएको छ । लुम्बिनि प्रदेशमा रहेका १२ जिल्ला , दुई उप महानगरपालिका, २७६ नगरपालिका र ४६० गाउँपालिका मध्ये कालिगण्डकी गाउँपालिका एक हो । गुल्मी जिल्लामा रहेका १२ स्थानीय तहहरु मध्येको एक कालिगण्डकी गाउँपालिकालाई ७ ओटा वडामा विभाजन गरिएको छ ।

| वडा | जम्मा परिवार संख्या | पुरुष | महिला | जम्मा | परिवारको औषत आकार | लैङ्गिक अनुपात |
|---|---|---|---|---|---|---|
| १ | ५०३ | ९३४ | १०४९ | १९८३ | ३.९४ | ८९.०४ |
| २ | ५४१ | १००८ | ११५७ | २१६५ | ४.०० | ८७.१२ |
| ३ | २३० | ४७१ | ५२४ | ९९५ | ४.३३ | ८९.८९ |
| ४ | ४५७ | ८९२ | ९४२ | १८३४ | ४.०१ | ९४.६९ |
| ५ | ५३२ | १००४ | ११४० | २१४४ | ४.०३ | ८८.०७ |
| ६ | ७२६ | १४२९ | १५५३ | २९८२ | ४.११ | ९२.०२ |
| ७ | ७४७ | १३३६ | १६०५ | २९४१ | ३.९३ | ८३.२४ |
| जम्मा | ३७३६ | ७०७४ | ७९७० | १५०४४ | ४.०३ | ८८.७६ |




**भौगोलिक तथा जनसाङ्ख्यिकी स्वरुप**

**१.२.४ भौगोलिक पृष्ठभूमि**

गुल्मी जिल्लाका १२ वटा स्थानीय निकाय मध्य पूर्वी भागमा अवस्थित कालीगण्डकी गाउँपालिका प्राकृतिक , साँस्कृतिक लगाएतका विविध सम्पदाहरुले भरिएको छ। यस गाउँपालिकाको कुल क्षेत्रफल १०१.०४ वर्ग की .मी रहेको छ भने कुल जनसङ्ख्या १५०४४ रहेको छ। जस मध्य पुरुषको जनसङ्ख्या ७०७४ र महिलाको जनसङ्ख्या ७९७० रहेको छ। यस गाउँपालिको उत्तरमा बाग्लुङ्ग , पूर्वमा पर्वत, दक्षिणमा स्याङ्गजा र पशिचमा गुल्मी जिल्लाकै चन्द्रकोट र सत्यवती गाउँपालिकाको अवस्थित रहेको छ।

**१.२.५ भौगोलिक अवस्था**

नेपालको कुल क्षेत्रफल १४७५१६ वर्ग कि.मी.मध्ये यस गाउँपालिकाले ०.०६८ प्रतिशत, ५ नं प्रदेशको कुल क्षेत्रफल २२२८८ वर्ग कि.मी.मध्ये ०.४५ प्रतिशत, गुल्मी जिल्लाको कुल क्षेत्रफल ११४९ वर्ग कि.मी. मध्ये ८.७९ प्रतिशत ओगटेको यस गाउपालिकाको कुल क्षेत्रफल १०१.२ वर्ग कि.मी. रहेको छ । यो गाउँपालिकाको केन्द्र 27°58'34.52"N- 28°3'19.45"N उत्तरी आक्षांश 83°34'42.10"E - 83°28'52.55"E पूर्बी देशान्तरमा अवस्थित रहेको छ। यस गाउँपालिकाको भौगोलिक विविधताले गर्दा यहाँको हावापानी र प्राकृतिक वनस्पतिमा पनि विविधता पाइन्छ। यहाँ हिमाली हावापानी देखि लिएर उष्ण मनसुनी हावापानीसम्म पाइन्छ। यस गाउँपालिकामा पाइने हावापानीलाई मुख्यतया ३ भागमा वाँड्न सकिन्छ।

कालीगण्डकी गाउँपालिकाको सिमानामा पूर्वमा पवित्र कालिगण्डकी नदी तथा पर्वतको विहादी गाउँपालिका, पश्चिममा चन्द्रकोट गाउँपालिका र सत्यवती गाउँपालिका, उत्तरमा वाग्लुङ्गको जैमीनी नगरपालिका र दक्षिणमा सत्यवती गाउँपालिका र कालिगण्डकी गाउँपालिका स्याङ्जा अवस्थित छन्। नेपालकै सवैभन्दा ठुलो जलविद्युत आयोजना कालिगण्डकी ‘ए’ देखि लुम्विनी अञ्चलकै सबैभन्दा अग्लो टाकुरा थाप्ले तथा सत्यवती क्षेत्र यसै गाउँपालिकाका आकर्षक धरोहर र सम्पत्तिका रुपमा रहेका छन्।

गाउँपालिकाको वडा विभाजनको अवस्था

| वडा नं | नाम | क्षेत्रफल (वर्ग किमि) |
|---|---|---|
| १ | हर्मिचौर | १३.५५ |
| २ | अर्वेनी | १०.८४ |
| ३ | जयखानी | १३.४१ |

| | | |
|---|---|---|
| ४ | पूर्तिघाट | ११.१३ |
| ५ | फोक्सिङ्ग | १९.७८ |
| ६ | खड्गकोट | १७.०६ |
| ७ | भुर्तुङ्ग | १५.२७ |
| | जम्मा | १०१.०४ |

१.२.६ नदीनाला

१) कालीगण्डकी नदी
२) वडहरे खोला, साँई खोला, दिहिङ खोला, (हर्मिचौर)
३) वौदीखोला (अर्बेनी)
४) होस्मादी खोला, वान्द्रेखोला (जयखानी)
५) पाती खोला (पूर्तिघाट)
६) सर्स्यु खोला (पूर्तिघाट, फोक्सिङ)
७) गौदि खोला (पूर्तिघाट, खड्गकोट)
८) पालुङ खोला (खड्गकोट)
९) छहराखोला (फोक्सिङ)
१०) गहदे खोला (भुर्तुङ)
११) सेरे सिस्ने खोला (भुर्तङ)
१२) काय खोला (भुर्तुङ)

**१.२.७ प्राकृतिक स्रोत एवम् विशेषता :**

यस गाउँपालिका प्राकृतिक सम्पदाको दृष्टिकोणले अत्यन्तै महत्वपूर्ण मानिन्छ । पवित्र कालीगण्डकी नदी यसै गाउँपालिकाको एक किनारमा पर्दछ । गाउँपालिकाका सवै वडामा घना जङगल देख्न सकिन्छ । गाउँपालिकामा धेरै खोला, खोल्सा, झरनाहरु प्रशस्त छन् । यस गाउंपालिकाको मुख्य गैरकाठजन्य वनपैदावारहरुमा (कुरिलो, तितेपाती, वनमारा, अम्लिसो, अमला, हर्रो, बर्रो, चिराइतो, वनमाला, ठुलो ओखती, खोटो, सतुवा, बोके, टिमुर, बुढी ओखती, हाडजोडा, भकिम्ले, हटचुर, लौठ सल्ला, पाखनवेद, बोजो, सानो ओखती, चुत्रा (धसिंगरे,घोडाखरी, सिन्कौली, हाडे लसुन, सिस्नो, अल्लो, दालचिनी, सुगन्धवाल, लप्सी, अम्फी, ओखर, कटुस, गजुरगाना, विडालीकाण्ड, खयर, बेल, राजवृक्ष, अमला, असुरो, टिमुर, बेल, घोडताप्रे सतुवा/सर्मागुरु) आदि छ भने यहांको निकासीजन्य प्राकृतिक स्रोत साधनहरुमा (ढुंगा, गिटी, बालुवा), काठमध्ये, (चिलाउने, उत्तिस, साल, बाँस, खयर, सखुवा), स्लेट ढुङ्गा आदि पाईन्छन् ।

१.२.८. पूर्वाधार र विकास

क) भौतिक पुर्वाधार

| क्र.सं | सूचक | विद्यालय | |
|---|---|---|---|
| | | सामुदायिक | संस्थागत |
| १. | भवन र कक्षाकोठा पुगेका विद्यालय | ४२ | |
| २. | शौचालय र खानेपानी पुगेका विद्यालय | ४२ | |
| ३. | बालमैत्री कक्षा सञ्चालन भएका विद्यालय | २१ | |

| | | | |
|---|---|---|---|
| ४. | खेलमैदानको विकास भएका विद्यालय | २० | |
| ५. | कम्पाउण्ड वाल लगाएका विद्यालय | ७ | |
| ६. | कम्प्युटर शिक्षा संचालन भएका विद्यालय | १ | |
| ७. | शैक्षिक सामग्री भएका विद्यालय | १७ | |
| ८. | पुस्तकालय भएका विद्यालय | ९ | |
| ९. | बगैंचा तथा करेसाबारी | ८ | |

## १.२.९ स्वास्थ्य संस्था (अस्पताल, प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी र आयुर्वेद केन्द्र)

| स्वास्थ्य संस्थाको नाम | वडा नं | संस्थाको प्रकार | स्वास्थ्यकर्मी | |
|---|---|---|---|---|
| | | | स्वीकृत दरबन्दी | हाल रहेको सङ्ख्या |
| हर्मिचौर स्वा. चौ. | १ | सरकारी | ६ | ५ |
| अर्वेनी स्वा. चौ. | २ | सरकारी | ६ | ५ |
| जयखानी स्वा. चौ. | ३ | सरकारी | ६ | ३ |
| पूर्तिघाट स्वा. चौ. | ४ | सरकारी | ६ | ५ |
| फोक्शिङ्ग्ग स्वा. चौ. | ५ | सरकारी | ६ | ५ |
| खड्गकोट स्वा. चौ. | ६ | सरकारी | ६ | ५ |

स्रोत : स्वास्थ्य शाखा कालिगण्डकी गाउँपालिका

खानेपानी

कालीगण्डकी गाउँपालिकाका सवै वडामा खानेपानी आयोजनाहरु सञ्चालनमा रहेको देखिन्छन । पुराना खानेपानी आयोजना, नयाँ खानेपानी आयोजनाका साथै एक घर एक धारा खानेपानी आयोजना मार्फत धेरै घरधुरीहरु लाभान्वित छन् ।

## खानेपानीको स्रोतको आधारमा घरधुरी

| वार्ड नं | व्यक्तिगत धारा | सार्वजनिक धारा | | कुवा | खोला |
|---|---|---|---|---|---|
| १ | १०६ | ३३२ | ११ | ९ | |
| २ | १२८ | २४८ | २९ | ११ | १ |
| ३ | ४० | १५५ | ८ | | |
| ४ | ८० | २०५ | ४९ | १ | ६ |
| ५ | ३०० | १४६ | २१ | | ३ |
| ६ | २८७ | ३५६ | ३६ | | १ |
| ७ | ११५ | ५३० | ४ | | |

विद्युत तथा उर्जा

| वार्ड नं | बत्तिबाल्न प्रयोगहुने उर्जाको स्रोत | | |
|---|---|---|---|
| | राष्ट्रिय प्रसारण लाईन | मट्टितेल | सोलार |

| | | | |
|---|---|---|---|
| १ | ४५७ | १ | |
| २ | ४१७ | | |
| ३ | २०४ | | |
| ४ | ३४१ | | |
| ५ | ४६८ | १ | १ |
| ६ | ६८० | | |
| ७ | ६६८ | १ | |
| जम्मा | ३२३५ | ३ | १ |

यातायात

पूर्वाधार विकासका लागि एक प्रमुख मेरुदण्ड हो । समग्र समाजको विकास गर्न पूर्वाधारको विकास हुनु जरुरी हुन्छ । हरेक समुदाय देखि लिएर वस्ती वस्तीको आर्थिक तथा सामाजिक विकासको लागि आवश्यक आधारभूत पूर्वाधार सडक, यातायातको सबै भन्दा कम खर्चिलो माध्यम हो । उद्यमशिलता र विकासको लागि खास गरी यातायात सेवा, विद्युतीकरण, सञ्चार सुविधा, आवास सुविधा जस्ता आधारभुत भौतिक पूर्वाधार अपरिहार्य हुन्छन् । तर यस्ता पूर्वाधारमा सरकारले यथोचित तरिकावाट कार्यान्वयन गर्न सकेको अबस्था भने छैन । वास्तवमा विकासको लागि पूर्वाधार अनिवार्य सर्त हो ।

कालिगण्डकी कोरीडोर राष्ट्रीय राजमार्ग मध्यविन्दु सुनौली कोरला ४७२ कि. मी सडक खण्ड मध्य करिव ३० कि.मी कालिगण्डकी गाउँपालिका भित्र पर्दछ। यस कोरीडोरको माध्ययमबाट कालिगण्डकी गाउँपालिका केहि वडामा प्रत्यक्ष र केही वडामा सहायक मार्गबाट जोडिएको छ।

**च) सूचना सञ्चार हुलाक पत्रपत्रिका, ईन्टरनेट**

गाउँपालिकामा आधा सताब्दिदेखि सञ्चार क्षेत्रमा सेवा पु¥याइरहेको हुलाक सेवा हाल गाउँपालिकाका विभिन्न वडाहरुमा कार्यरत छन् । गाउँपालिका भित्र र गाउँपालिका बाहिर एवम् विदेशमा समेत हुलाकले सेवा प्रदान गरिरहेको छ । हुलाक सेवा अर्न्तगत साधारण चिठिपत्रहरु रजिष्ट्रिपत्रहरु आदि जस्ता सेवाहरु सञ्चालित छन् यद्यपि सञ्चार र यातायातको तिव्र र उच्च विकासले हुलाक सेवा प्रयोग कर्ताको सङ्ख्या न्यून हुदै गइरहेको छ ।

| क्र.स | कार्यालय | ठेगाना |
|---|---|---|
| १ | हर्मिचौर अतिरिक्त हुलाक | हर्मिचौर |
| २ | अतिरिक्त हुलाक अर्वेनी | अर्वेनी |
| ३ | अतिरिक्त हुलाक जयखानी | जयखानी |
| ४ | इलाका हुलाक पूर्तिघाट | पूर्तिघाट |
| ५ | अतिरिक्त हुलाक फोक्सिङ्ग | फोक्सिङ्ग |
| ६ | अतिरिक्त हुलाक खड्गकोट | खड्गकोट |
| ७ | अतिरिक्त हुलाक भुर्तुङ्ग | भुर्तुङ्ग |

**बैङ्किङ्ग सेवा तथा वित्तीय संस्था सम्बन्धी विवरण**

| क्र.स. | बैंक तथा वित्तीय, संस्थाको नाम | वडा न. | स्थापना |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| १ | राष्ट्रिय वाणिज्य बैङ्क, पूर्तीघाट | ४ | २०७५ |
| २ | प्राइम बैंक, पूर्तीघाट | ४ | २०७५ |
| ३ | कुमारी बैंक, पूर्तीघाट | ४ | २०७४ |
| ४ | कालीका लघु वित्त,  शाखा कार्यालय, पूर्तीघाट | ४ | २०७५ |
| ५ | धौलागीरी  लघु वित्त, शाखा कार्यालय, पूर्तीघाट | ४ | |
| ६ | सि वाई सि नेपाल लघु वित्त, शाखा कार्यालय, पूर्तीघाट | ४ | २०७३ |

सहकारी सम्बन्धी विवरण

व्यक्ति, परिवार, टोल, समुदाय वा समाज विचको आन्तरिक अन्तरसम्वन्ध तथा सहकार्यवाट साना तथा ठूला आर्थिक आवश्यकता तथा समस्याहरुको निवारण गर्नका लागि वनाइएको सँगठनलाई सहकारी संस्था भनिन्छ । यस गाँउपालिका भित्र विभिन्न सहकारी संस्था निश्चित उद्देश्य लिएर सञ्चालनमा रहेको पाइन्छ । यस गाँउपालिकामा रहेका यस्ता सहयोगी संस्थाहरुवाट यहाँका वासिन्दाहरुको जीवनस्तर सहज सरल र सफल वनेको छ । कालीगण्डकी गाँउपालिकामा १२ ओटा सहकारी संस्थाहरु रहका छन् ।

१.२.१० ऐतिहासिक पृष्ठभूमि

यस कालीगण्डकी गाउँपालिकाको ऐतिहासिक चिनारी तथा नामाकरणको बारेमा बुझ्नुपर्दा पुर्व तर्फ अवस्थित  रहेको कालीगण्डकी नदी र यसको सभ्यताको वारेमा बुझ्नुपर्ने हुन्छ । यस विश्व ब्रह्माण्डमा उत्पति भएका धेरै नदीहरु उत्पति भएपछि एउटै दिशातर्फ बगेको पाइन्छ तर कालीगण्डकी नदी उत्पति भएपछि चारै दिशामा बगी समुन्द्री सतहसम्म पुग्दछ । यस पवित्र नदीको निर्मल जल जती समय सम्म वोतल या भाडोमा  राखेपनि बिग्रदैन् र जस्ताकोतस्तै निर्मल नै रहिरहेको पाईन्छ । त्यसैगरी यस नदी किनारामा श्री वैष्णव क्षेत्र मध्यभागमा शाक्त क्षेत्र र उच्च समस्थली भागमा शैवी क्षेत्रहरु पर्ने गर्दछन् । नेपालको एकमात्र शालिग्राम पाइने कालिगण्डकी नदीको विशेष महत्व छ ।

यस नदीको किनारमा धेरै तीर्थस्थलहरु र ऋषिमहर्षी, सन्त, महन्त, मुनी राजा, महाराजा तथा साधकहरुले तपस्या गरेको तपस्थली र साधानास्थलहरु रहेका छन् । यस नदीको किनारमा यस गाउँपालिकाभित्र पर्ने गणेशस्थान, दक्ष प्रजापति क्षेत्र, मुक्तिधाम, गौमतीघाट, घुमाउने पूर्तिघाट, सेतीवेनि जस्ता पवित्र स्थलहरु अवस्थित  रहेका छन् । शास्त्रका अनूसार धेरै ऋषीमुनिहरुले जप, तप, ध्यान, ज्ञान, उपासना, विपश्यना, आराधना, साधना, सङ्गीत र योग यसै नदीको किनारामा बसेर सिद्धिप्राप्त गरेको कुरा इतिहासले प्रमाणित गरेको पाईन्छ । साधना जुनसुकै ठाउँमा गरेपनि  सिद्धिप्राप्ती गर्न एकपटक कृष्ण गण्डकी जानुपर्छ भन्ने कुरा पुराणहरुमा पनि उल्लेख भएको छ । त्यसैगरी काग भुसिन्डीले श्रीरामको वारेमा लेख्दा यस स्थानको वारेमा उल्लेख गर्दै लेखेका छन् । निलगीरीको पर्वतको फेदिमा कालीको तीरमा बसी रामको भक्तिगर्दा सबै पापहरु नास हुन्छन् ।

**“चरितम रघुनास्यशत कोटी प्रविस्तरम्**
**एकै कमक्षरम पुंसाम् महापातक नाशतम् ॥”**

अन्यत्र सय करोड पटक रामको नाम जप्नु र कालिगण्डकी किनारमा बसि एक पटक मात्र राम नाम जप्दा मनुष्यको सबै पापहरु नास हुन्छन् भनिएको छ । हिन्दु दर्शनका अनुसार पृथ्वीमा रहेका आठ ओटा भूवैकुण्ठ धामहरु मध्यको एउटा धाम (घुमाउने फूलवारि) यस कालीगण्डकी नदीको किनारमा यसै गाउँपालिकामा छ ।  त्यसैगरी सत्ययुगमा सतीदेवी यसै ठाउँमा जन्मलिइन र दक्षप्रजापती राजाले शिवजीसँग बिबाह गराउँदा विष्णुले छल गरेको हुनाले मन शान्ति र मनोकामना पूर्ति गर्नका लागि बान्द्रानदी र कालीगण्डकीको बीचमा अवस्थित  कन्द्रौटा भन्ने ठाउँमा महायज्ञ गर्दा कैलाश पर्वतबाट शिवजीको आज्ञा बिना सतीदेवी आएकाले आत्मदाह गर्नुपरेको र शिवफौजले यज्ञ विध्वंश गरेका थिए । त्यसपछि एउटी शतिदेवी बाट सप्त सत्यवती भई सबभन्दा जेठी बसेको ठाउँ बुढी सत्यवती (यस गा.पा र सत्यवती गा. पा. को सिमाना) रहेको ठाउँको वारेमा स्वस्थानी कथामा व्याख्या गरिएको छ । त्यस

ठाउँलाई अहिले पनि दक्ष प्रजापती क्षेत्र पूर्तिघाट (हाल गा. पा. केन्द्र) भनिन्छ र अन्य सत्यवतीहरु पनि विभिन्न ठाउँमा गई बसेको पाईन्छ ।

त्यसै गरी वि. स. १८६० मा अग्नीहोत्री भन्ने एकजना मानिस जसले मन्त्रबाट अग्नी उत्पन्न गर्दथे उनी काठमाण्डौंबाट आई सतीदेवीले आत्मदाह गरेको स्थानमा मन्त्रद्वारा अग्नी उत्पन्न गराई यज्ञकुण्ड बनाई धुनी लगाएका थिए र उक्त अग्नी अहिलेसम्म पनि अविछिन्न रुपले वलिरहेको पाईन्छ् । पछि उनले लिन्घाकी ज्ञवाली थर की कन्या सँग विवाहगरी केही समय सत्यवतीमा बसि साधना गरेको र उनका छोरा पनि वनारस गइ अध्ययन गरी फर्केपछि त्यसै ठाउँमा पञ्चायन कुण्डमा स्नान गरे पश्चात तपस्या सुरु गरी सिद्दि प्राप्त पश्चात तारकेश्वर त्रऋषि भएको पाईन्छ् । उनले सत्यवतीको स्थापना गर्नुकासाथै रुद्रवेणीको राम मन्दिर पनि बनाए । त्यसैगरी कालीका पुराणमा उल्लेख गरिएको छ्:

**"सत्य सत्वती क्षेत्रम त्रेतायाम तुतपोवनम्**
**द्धापरे मुक्ति सोपनम कलौ नेपालीका पुरी ॥"**

सत्य युगमा यस क्षेत्रलाई सत्यवती त्रेतायुगमा तपोवन द्धापर युगमा स्वर्गजाने सिडी र कलीयुगमा नेपाल भनिएको छ । त्यसैगरी श्री श्री श्री १०८ महात्मा महाप्रभु कृपा सिन्धुदास काठमाण्डौ बाट वि. स. १९९५ सालमा जयखानी बेलटारि शिवमन्दिरमा आई शिवमन्दिरको नजिक श्री कृष्ण कालीगण्डकी किनारमा स्वामीको रुख मुनी धुनीलगाई १ वर्ष बस्नु भयो । उहाँले कालीगण्डकीको किनारमा शिरमाथि तीन वटा शिला ढुङ्गा राखि २ घण्टा सम्म आखाँ बन्द गरी ध्यानमा बस्नु भयो । त्यसैगरी १ वर्ष शिवमन्दिर बेल्टारि बसि जाने बेलामा मुलपानी तल कालीगण्डकीको किनारमा ठुलो ढुङ्गामा १०८ वटा कन्या केटीलाई भोजन खुवाई दान दक्षिणा गर्नुभयो र उसै दिन कालीगण्डकीको किनारै किनार घुमाउनेमा गई ९ महिना ओढारमा (गुप्तेश्वर महादेव गौतम गुफा) बस्नु भयो । उक्त ओढारमा बस्दा प्रत्येकबर्ष आउने वालाचतृर्दशीको दिन "शतवीउ" छर्ने आवश्यक व्यवस्था गरीदिनुभयो । यसरि हेर्दा कालीगण्डकी गाउँपालिका अत्यन्तै अलौकिक इतिहास र महत्व बोकेका गाउँपालिकाको रुपमा लिन सकिन्छ ।

**ख) धार्मिक पर्यटकीय एवम् ऐतिहासिक विशेषता**

एउटा विशिष्ट भौगोलिक संरचनाले सिर्जना गरेको हावापानी, जनजीवन, वन, वनस्पति र वन्यजन्तु तथा साँस्कृतिक विविधताको कारण नेपाल विश्वमा नै एउटा उत्कृष्ट पर्यटकीय गन्तव्य स्थलकोरुपमा परिचित छ । पर्यटन हाम्रो लागि प्रकृतिले प्रदान गरेको वरदान हो । अत्यन्त रमणीय विश्वकै उच्च हिमशृखलाहरु, अनवरत बग्ने कञ्चन हिम नदीहरु, झरना, तालतलैया, प्राकृतिक गुफा, विविधतायुक्त वन जङ्गल नेपालका प्राकृतिक निधिहरु हुन् भने यहाँको संस्कृति, जाति तथा रहनसहन समेत पर्यटनका आकर्षक पक्षहरु हुन् । यी धार्मिकर् पर्यटकीय सम्पतिको पूर्ण सदुपयोग गरेमा देशको आर्थिक सम्वृद्धिमा उल्लेखनीय योगदान पुर्‍याई देशको अर्थतन्त्रलाई सबल बनाउन सकिने निश्चित छ । तसर्थ पर्यटन नीति २०६५ ले मुलभूतरुपमा पर्यटन मार्फत स्वरोजगार सिर्जना, गरीबी निवारण, मूर्त तथा अमूर्त सम्पदाको खोज अनुसन्धान, हवाई तथा स्थलमार्गको थप विकास र विस्तार गर्ने र पर्यटन पूर्वाधारलाई दिगो विकासको अवधारणा अनुरुप अगाडि बढाउने उद्देश्य लिएको छ ।

प्राकृतिक मनोरम क्षेत्र तथा नदीहरू र हरियाली, अत्यन्तै नजिकबाट अवलोकन गर्न सकिने रमणीयतामा आन्तरिक तथा बाह्य पर्यटकहरूको भ्रमण हुने गर्दछ ।यस गाउँपीलकामा विविध प्रकारका जाति, धर्म र संस्कृतिका व्यक्तिहरूको बसोवास रहेको छ । हिन्दू धर्मको वाहुल्यता रहेको यस गाउँपालिका बौद्ध, क्रिश्चियन, धर्ममा आस्था राख्ने व्यक्तिहरूको पनि वसोवास रहेको छ ।यहाँ वसोवास गर्ने विभिन्न जाति र संस्कृति अनुरूप विविध लोकगीतहरू जस्तै, असारे गीत, तिजको गीत, झ्याउरे (झाम्रे) गीत एवम् दोहोरी गीतहरू लोकप्रिय छन् । यसै गरी, बैशाखी पूर्णिमा, असार १५ को दही चिउरा, नव वर्ष, जेष्ठ पूर्णिमा, भाद्रे औसी, साउने संक्रान्ति, नागपञ्चमी, तीज, दशैं, तिहार, सराय, देउली, कुलपूजा आदि यहाँका महत्वपूण पर्व एवम् इद, क्रिसमस लगायतका विविध आ–आफ्ना धर्म, कुल र परम्परा अनुसारका रीतिरीवाज मनाउने गर्दछन् । हिले सिद्धबाबा **मन्दिर :** यस मन्दिरमा खडेबाबा र बाघे प्रभुले साधना गरेको ऐतिहासिक धार्मिक तिर्थ स्थलका रुपमा लिइन्छ । खडेबाबाले खडाभइ साधनागर्ने र बाघे

प्रभुले बाघ साधनागर्ने गरेको पाइन्छ । यस मन्दिरमा मंसिरको वाला चर्तुदशीका दिन र साउनमा बिषेश गरी र अन्य दिनमा पनि धर्मालम्बीहरुले पूजापाठ गर्न जाने गर्दछन ।

**सत्यवती :** कैलाश पर्वतमा पर्ने यस स्थानको वर्णन स्वस्थानी कथामा उल्लेख भएको पाइन्छ । शिवजीसँग विवाह गराउँदा विष्णुले छल गरेको हुनाले कनौटा भन्ने ठाउँमा महायज्ञ गर्दा कैलाशपर्वतबाट शिवजीको आज्ञा बिना सत्यवती आएकोले आत्मदाह गरी सप्तसत्यवतीभएको कुरा उल्लेख भएअनूसार सबैभन्दा जेठी सत्यवती रहेको स्थान अहिले सत्यवतीको नामले परिचीत छ । यहाँका मात्र नभई गुल्मी जिल्ला र वरिपरीका अन्य वासिन्दा, जिल्लाबासी लगायतको आस्थाको रुपमा रहेको यस सत्यवती मन्दिरमा दर्शन गरेपछि मनोकाङ्क्षा पूराहुने विस्वासकासाथ ठूलो सङ्ख्यामा भक्तजनहरु आउने गरेको पाइन्छ । नेपाल सरकारले घोषणा गरेका नेपालका १०० पर्यटकीय गन्तव्य मध्ये बुढी सत्यवती पनि एउटा पर्यटकीय गन्तव्यको रुपमा पर्दछ ।

**शिवमन्दिरः** कालिगण्डकीको पवित्र तटीय क्षेत्रमा रहेको यस मन्दिर क्षेत्रमा दक्षप्रजापतीले यज्ञ गरेको भन्ने जनविस्वास रहेको छ । यसै मन्दिरका सम्बन्धमा बोम ब. बुढाथोकीको पुस्तक (ऐतिहासिक सम्झनाका क्षणहरु) मा उल्लेख भएअनूसार वि.सं. १८६० मा काठमाण्डौबाट आएका अग्निहोत्रीले मन्त्रबाट उत्पन्न गरेको अग्निबाट बनेको अग्निकुण्ड यस परिसरमा अवस्थित रहेको छ । यस स्थानमा दुई बुढाथोकी थरका पाँचबर्षका कन्याहरुले फुकेर सल्काएको आगो अहिले सम्म बलेको पाइन्छ । त्यसैगरी वि.सं. १८६२ मा काठमाण्डौ पशुपती क्षेत्रबाट मुक्तिनाथ धाम जानभनी आउनु भएका गुरु महाराज हिरा गिरी र मोहनगिरीले यस स्थानमा गोकुल बुढाथोकी र मनिराज बुढाथोकीलाई मन्दिर स्थापनागर्न दिएको सल्लाहअनुसार मन्दिर निर्माण भयो ।

**घुमाउने फूलबारी मन्दिर क्षेत्रः** शान्तिकुञ्ज हरिद्धारको गायत्री परिवारले वीरगञ्जमा गरेको महायज्ञमा विमोचीत अश्वमेधः स्मारिका २०७५ मा उल्लेख भएअनूसार नेपालका प्रथम जगतगुरु योगीराज स्वामी कमल नयनाचार्यले निराहार बसि घुमाउने फूलबारीमा अष्ठशिद्ध योग साधना गर्नुका साथै विशिष्टाद्धैत रामानुज दर्शनको प्रचार गरे भन्ने लेखिएको छ । लक्ष्मिनारायणको मन्दिर गुल्मिकी रानी तेजकुमारी शाहले बनाएको र फूलबारी निर्माण गरेको पाइन्छ । त्यसैगरी पूर्तिघाटमा राधाकृष्ण मन्दिर भक्तपुरबाट आएका लालसुब्बा नेवारले स्थापना गरेका हुन । यसै क्षेत्रमा रहेको गुप्तेश्वर महादेब गौतम गुफामा बसी गौतम ऋषिले न्यायदर्शन लेखेको पाइन्छ ।

**सिद्दकाली लेक र शाङ्ख्य कुण्डः** शाङख्य दर्शनका लेखक कपिलमुनी ऋषिले साधना गर्दा पानी खाने कुण्ड निर्माण गरेका हुन । त्यस कुण्डलाइ अहिले सम्म शाङ्ख्य कुण्ड भन्ने चलन छ । यसै ठाउँमा याज्ञबल्की ऋषीले तपस्या गर्दा इन्द्र खुसी भएर पानीको बर्षा गराई स्वागत गरेको हुँदा आजसम्म पनि सुख्खा खडेरी परेमा सबै जनताहरु त्यहाँ गई इन्द्र पूजा गर्ने र पानी माग्ने चलन छ । ई.सा. पुर्व ३०० बर्ष पहिले बुद्दमार्गी भिक्षुहरु आइ त्यसै ठाउँमा विपश्वेना गरी सिद्दि प्राप्ति गरेका हुँदा त्यस ठाउँलाई सिद्ध काली लेक भनिन्छ ।

**हरेलो पूजागर्ने :** कृषिमा रोगव्यादीनलागोस् भनी भाद्र महिनाको पहिलो मंगलबार बमोजिमहरुले यस स्थानमा गई हरेलो पूजा गरी उत्सव मनाउने चलन छ । यो प्रचलन रेसुङ्गाका प्रभु शशीधर स्वामीले चलाएको बोन्पो धर्म (प्रकृति कृती पूजा) मा प्रभावित भइ इच्छाराम घर्तिले सुरु गरेका हुन । उनी पछि सन्तान हरुले सरबुजा थर कायम गरे ।

**कौडे दरबारः** वरिपरीबाट पर्खाल लगाइएको यस क्षेत्रमा जय महाकाली लेखिएको शिलालेख रहेको छ । राजाको दरबारको रुपमा परिचित यस ठाउँमा एउटा टुडिखेल पनि रहेको छ । अलिपर नांगे भन्ने ठाउँमा चन्द्रकोट र कौडे बस्ने राजाहरुबीच लडाई हुँदा बढी रगत बगेकोले विरुवाहरु नउम्रेको जनविस्वास चलिआएको छ । यस स्थानमा धनुवाणहरु भेटिने गरेको स्थानियहरु बताउँदछन् । साथै यसको नजिकै रहेको कुवामा जुनसुकै समयमा पनि पानी

समान तहमा रहेको देख्न पाइन्छ । मंसिर शुक्लपूर्णिमा (भिकुम पूर्णिमा) का दिन परेवा उडाउने चलन आज सम्म कायम छ ।

**गणेशस्थान:** सत्यवतीले आत्मदाह गरेको ठाउँमा गणेशले फौज लगेर जाँदा ठुलो विनासहुने डरले ऋषिहरु गई गणेशलाई सम्झाइबुझाई गरी राखेको ठाउँ गणेश स्थानले प्रचलित छ । आपतविपत परेको बेला यहाँ गइ पूजा गर्दा विपत टर्ने विस्वासकासाथ भक्तजनहरु पूजा गर्न आउने गर्दछन् ।

### ग) चाडपर्व जात्रा र अन्य संस्कृतिहरु

यस गाउंपालिकाको जम्मा जनसंख्या १५०४४ रहेकोछ । विभिन्न जातजाती, भाषाभाषि, धर्म सस्कृतिको संगम स्थलको रुपमा रहेको यो पालिकामा मगर समुदायको अत्याधिक बाहुल्यता रहेको छ भने ब्राह्मण समुदाय दोस्रो स्थानमा रहेको छ। धर्म सस्कृति तर्फ हिन्दु धर्म मान्नेको संख्या ९० प्रतिशत रहेको पाईन्छ। मुख्य चाड, पर्व तथा मेला दशै, तिहार, माघे संक्रान्ति आदि रहेको छ । यसरी यहा विभिन्न जातीको वसोवास रहेको ,विभिन्न मातृ भाषाको प्रयोग हुने गरेको,विभिन्न धर्मावलम्वीहरु भएको भएता पनि अनेकतामा एकता यहाँको विशेषता हो । सवै जातजातीले सवैको सम्मान, सवै भाषा भाषीले सवै भाषाको सम्मान र सवै धर्मवलम्वीहरुले सवै धर्मको उतिकै सम्मान गरेको यहा पाइन्छ ।

यस विश्व ब्रह्माण्डमा उत्पतिभएका धेरै नदीहरु उत्पति भएपछि एउटै दिशातर्फ बगेको पाइन्छ तर कालीगण्डकी नदी उत्पति भएपछि चारै दिशामा बगी समुन्द्री सतह सम्म पुग्दछ। यस पवित्र नदीको निर्मल जल जती समयसम्म वोतल या भाडोमा राखेपनि बिग्रदैन् र जस्ताको तस्तै निर्मल नै रहिरहेको पाईन्छ। त्यसैगरी यस नदी किनारामा श्री वैष्णव क्षेत्र मध्यभागमा शाक्त क्षेत्र र उच्च समस्थली भागमा शैव क्षेत्रहरु पर्ने गर्दछन् । नेपालको एकमात्र शालिग्राम पाइने कालीगण्डकी नदीको विशेष महत्व छ ।

स्थानीय चाडपर्व जात्रा र मेला यस कालीगण्डकी गाउँपालिकामा विभिन्न जाती, धर्म सम्प्रदाय र भेषभुषाका मानिसहरू बसोबास गर्दछन्। यहाँ अधिकांश हिन्दू धर्म मान्ने पहाडी भेगका मानिसहरू रहेका छन् भने त्यस्तै बौद्ध र क्रिस्चियन धर्म मान्ने मानिसहरू पनि छन् । सबै जातजाती र सम्प्रदायका आ-आफ्नै खाले धर्म संस्कृति र चालचलनहरू छन्। जसमा बडादशैं, तिहार, रामनवमी, महाशिवरात्री, हरितालिका, श्रीपञ्चमी, श्रीकृष्ण जन्माष्टमी, विवाह पञ्चमी, होली, चैते दशैं, साउने-माघे संक्रान्ती, असारे १५, मातातीर्थ औंसी, अक्षय तृतीया, हरिशयनी-हरिबोधनी एकादशी, नागपञ्चमी, रक्षाबन्धन (जनैपूर्णिमा), कुशे औंसी, बालाचतुर्दशी, कोजाग्रत पूर्णिमा, श्री स्वस्थानी पूर्णिमा, नयाँ वर्ष, सोह्रश्राद्ध, कर्कट संक्रान्ति, संकट पूजा आदि चाडपर्वहरू रहेका छन् । परम्परागत संस्कृतिमा आधारित असारे गीत, तीज गीत, भ्याउरे भाका र दोहोरीगीत आदि यस गाउँपालिकामा सर्वाधिक लोकप्रिय छन् । बैशाखे पूर्णिमा, असार १५ मा दही चिउरा, बैशाख संक्रान्ति, जेठानी पूर्णिमा, भदौरेऔंसी, साउने संक्रान्ति, नागपञ्चमी, ऋषितर्पणी पूर्णिमा, बडा दशैँ, सरायँ, तिहार, देवाली, कार्तिक पूर्णिमा, माघे संक्रान्ति, फागु पूर्णिमा ( होली), रामनवमी, ठूली एकादशी, उधौली, उभौली पूजा, कूल पूजा आदि यहाँका जनमानसले मनाउने मुख्य पर्वहरू हुन् ।

**प्रमुख जातजाती, जनजातीहरु र पिछडावर्ग**

| क्र.सं. | जातजाती | प्रतिशत जम्मा जनसङ्ख्यामा | जनसङ्ख्या | कैफियत |
|---|---|---|---|---|
| १ | मगर | ४७ | ७०७१ | |
| २ | ब्राह्मण | २०.२ | ३०३९ | |
| ३ | विश्वकर्मा | ७.८ | ११७३ | |
| ४ | परीयार | ५.७ | ८५८ | |
| ५ | क्षेत्री | ५.५ | ८२७ | |
| ६ | मिजार | ५.१ | ७६७ | |

| | | | | |
|---|---|---|---|---|
| ७ | गुरुन | २.५ | ३७६ | |
| ९ | सन्यासी | २.२ | ३३१ | |
| १० | ठकुरी | १.५ | २२६ | |
| ११ | नेवार | १.२ | १८१ | |
| १२ | अन्य | १.३ | १९६ | |

प्रमुख धर्मावलम्बि अनुसारको जनसङ्ख्या

| क्र.सं. | धर्म | जनसङ्ख्या | प्रतिशत जम्मा जनसङ्ख्यामा | कैफियत |
|---|---|---|---|---|
| १ | हिन्दु | १३५४० | ९० | |
| २ | बौद्ध | ११७३ | ७.८ | |
| ३ | इस्लाम | १५ | ०.१ | |
| ४ | क्रिश्चियन | ३० | ०.२ | |
| ५ | प्रकृति | ६० | ०.४ | |
| ६ | बोन | २२६ | १.५ | |
| ७ | जम्मा | १५०४४ | १०० | |

## घ) जनसाङ्ख्यिक स्वरुप

| उमेर समूह | जनसङ्ख्या २०७८ | २०७८ अनुसार उमेर अनुसार प्रतिशत | |
|---|---|---|---|
| ०-४ बर्ष | १२२२ | ८.१२ | |
| ५-९ बर्ष | १२०८ | ८.०३ | |
| १०-१४ बर्ष | १३१७ | ८.७५ | |
| १५-१९ बर्ष | १४३७ | ९.५५ | |
| २०-२४ बर्ष | १३१२ | ८.७२ | |
| २५-२९ बर्ष | १२०७ | ८.०२ | |
| ३०-३४ बर्ष | ९६६ | ६.४२ | |
| ३५-३९ बर्ष | ८१८ | ५.४४ | |
| ४०-४४ बर्ष | ८१७ | ५.४३ | |
| ४५-४९ बर्ष | ६९८ | ४.६४ | |
| ५०-५४ बर्ष | ८३९ | ५.५८ | |
| ५५-५९ बर्ष | ६८९ | ४.५८ | |
| ६०-६४ बर्ष | ७३३ | ४.८७ | |
| ६५-६९ बर्ष | ६२९ | ४.१८ | |
| ७०-७४ बर्ष | ५२० | ३.४६ | |
| ७५-७९ बर्ष | ३६० | २.३९ | |
| ८०-८४ बर्ष | १५९ | १.०६ | |
| ८५-८९ बर्ष | ७३ | ०.४९ | |
| ९०-९४ बर्ष | ३१ | ०.२१ | |
| ९५ बर्ष माथी | ९ | ०.०६ | |
| जम्मा | | १०० | |

**ङ) जनङ्ख्या प्रकृति (बसाई-सराई र यसको प्रभाव)**

कुल क्षेत्रफल १,४७,५१६ वर्ग किलोमिटर रहेको भूपरिवेष्ठित नेपालको भूगोल र हावापानीमा विविधता छ । पूर्वपश्चिमको औसत लम्बाइ करिब ८८५ किमि र उत्तरदक्षिणको चौडाइ करिब १४५ देखि २४१ किमि रहेको छ । उत्तरतिरबाट क्रमशः दक्षिणतिर पूर्वदेखि पश्चिमसम्म फैलिएका तीन भौगोलिक क्षेत्र हिमाल, पहाड र तराई रहेका छन्। यी तीन भौगोलिक क्षेत्रमध्ये हिमाल, पहाड र तराईमा क्रमशः १५, ६८ र १७ प्रतिशत जति भूभाग रहेको छ । जनसङ्ख्या क्रमशः ६.७३,४३ र ५०.२७ प्रतिशत रहेको छ । हिमाल र पहाडबाट तराई तथा सहरी क्षेत्रमा बसोबास गर्ने प्रवृत्ति बढिरहेकाले पातला बस्ती भएका हिमाली र पहाडी क्षेत्र झन पातलिदै गएका छन् भने तराई तथा सहरी क्षेत्रमा जनघनत्व बढिरहेको छ । यसको प्रभाव कालिगण्डकी गा.पा. गुल्मीमा पनि परेको छ । पहाडी क्षेत्रमा कठिन भूबनोटका कारणले यातायात, सञ्चारलगायतका विकास तथा जनजीवनमा थप जटिलता उत्पन्न हुने गर्दछ । नेपालको संविधान बमोजिमका सात प्रदेशहरूमा एक वा एकभन्दा बढी भौगोलिक क्षेत्रका भूभागहरू समावेश गरिएको छ । उदाहरणका लागि प्रदेश २ मा तराई क्षेत्रमात्र पर्दछ, गण्डकी प्रदेशमा पहाड र हिमाल पर्दछन् भने लुम्बिनी प्रदेशमा तराई र पहाड रहेका छन् भने बाँकी चार प्रदेशमा तराई, पहाड र हिमाल तीनओटा क्षेत्र समावेश भएका छन् ।

जनसाङ्खिक बनोटको कुरा गर्दा सन् २०११ को जनगणनाअनुसार नेपालको कुल जनसङ्ख्या २.६५ करोडको हाराहारीमा र जनसङ्ख्या वृद्धिदर १.३ प्रतिशत प्रतिवर्ष रहेको छ ।यो जनसङ्ख्या वृद्धिदरका आधारमा प्रक्षेपण गर्दा नेपालको अहिलेको जनसङ्ख्या करिब ३ करोड हुन आउँछ । यसमा महिलाको जनसङ्ख्या करिब ५१.५ प्रतिशत रही पुरुषको भन्दा करिब ३ प्रतिशतले बढी रहेको । विभिन्न उमेर समूहमा जनसङ्ख्याको वितरण निम्नअनुसार रहेको छ ।

उल्लिखित तालिकाअनुसार ४ देखि १६ वर्षको विद्यालय उमेरमा  करिब ३४ प्रतिशत जनसङ्ख्या रहेको छ । ४ वर्ष मुनीको जनसङ्ख्या करिब ८.१३ प्रतिशत र ६५ वर्ष भन्दा बढी उमेरको जनसङ्ख्या करिब १२ प्रतिशत रही बाँकी करिब ५४ प्रतिशत जनसङ्ख्या मात्र आर्थिक रूपले सक्रिय हुनसक्ने १७ देखि ६० वर्षमा रहेको छ ।

हालको जनसङ्ख्या वृद्धिदरका आधारमा वार्षिक रूपमा वृद्धि हुने विद्यालय उमेरका बालबालिकाको सङ्ख्यालाई विचार गरेर शैक्षिक योजना विकास गर्नु आवश्यक छ भने भौगोलिक बनावट । जनसाङ्खिक स्वरूपले शिक्षालगायत विकास कार्यमा प्रभाव पार्ने भएकाले यसलाई योजना निर्माणको क्रममा एउटा महत्वपूर्ण सन्दर्भका रूपमा लिने गरिन्छ ।पालिकाको सन्दर्भमा यस योजनाले महत्व पूर्ण भूमिका निर्काह गर्नेछ ।

## १.३ पालिकाको शैक्षिक सन्दर्भ

### १.३.१ नेपालको सन्दर्भमा शिक्षाको परिभाषा

नेपाल एक वहुभाषिक, बहुजातीय, बहुधार्मिक, परम्परामा आधारित विविध भौगोलिक अवस्थाले युक्त एक लोकतान्त्रिक गणतन्त्रात्मक मुलुक हो । यहाँको शिक्षा प्रणालीमा परम्परादेखि विद्यमान माथि उल्लिखित पक्षले प्रत्यक्ष एवम् परोक्षरुपमा प्रभाव पार्दै समय सापेक्ष रुपका राजनैतिक एवम् सामाजिक घटनाले परिवर्तन एवम् परिमार्जन गरेको पाईन्छ । २०६३ को राजनैतिक आमूल परिवर्तन पश्चात वर्तमान अवस्थाको नेपालको शिक्षाको परिभाषा दिन त्यति सजिलो छैन । तापनि मुलुकको राजनैतिक, सामाजिक, आर्थिक, धार्मिक, साँस्कृतिक अवस्था लगायत यहाँ वसोवास गर्ने विविध जातजातिको अवस्था, आवश्यकता र चाहनालाई मध्यनजर गर्दा नेपालको शिक्षा भन्नाले अनिवार्य एवम् निःशुल्क प्राथमिक शिक्षा, सवै तहमा दिगो, प्रभावकारी एवम् गुणस्तरयुक्त व्यवहारिक शिक्षा, देशमा वढ्दो वेरोजगारी समस्यालाई मुलुक भित्रै समाधान गरी आत्मनिर्भर बनाउन सक्ने प्राविधिक एवम् व्यवसायिक शिक्षामा प्राथमिकता, सवै भाषा, लिपि, संस्कृति धर्म आदिको संरक्षण, सम्वर्द्धन एवम् परिमार्जन गर्दै समाजमा सहयोगको आदान प्रदान गरी समायोजन हुनसक्ने परिपक्व नागरिकको विकास, राज्यलाई आधुनिक विश्वसँग विश्ववन्धुत्व, भाइचारा, सहयोगको आदान-प्रदान गर्न सक्ने आधुनिक वैज्ञानिक शिक्षा प्रणाली, अन्तर्राष्ट्रिय स्तरमा

राज्यको छवि कायमराखि विश्वलाई सन्देश दिन सक्ने मौलिक शिक्षा प्रणाली तथा अन्तर्राष्ट्रिय स्तरमा सम्पर्क बढाउनका लागि अंग्रेजी भाषा लगायत प्रमूख अन्तर्राष्ट्रिय भाषाको प्रभावकारी सिकाई व्यवस्था आदिको माध्यमबाट समतामूलक समावेसी सामाजिक व्यवस्था निर्माण गर्न सक्ने शिक्षा प्रणाली हुनुपर्दछ।

### १.३.१ नीतिगत प्रबन्ध

नेपालको संविधानले समाजवादउन्मुख राज्य प्रणालीका आधारमा प्रत्येक नागरिकलाई राज्यबाट आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक शिक्षा निःशुल्क पाउने हक सुनिश्चित गरेको छ। संविधानले अपाङ्गता भएका र आर्थिक रूपमा विपन्न नागरिकलाई कानुनबमोजिम निःशुल्क शिक्षा पाउने हक र मातृभाषामा शिक्षा पाउने हक समेतको व्यवस्था गरेको छ। गुणस्तरीय शिक्षाको सुनिश्चितता र जीवनपर्यन्त शिक्षाको समान अवसरले राज्यको आर्थिक समृद्धि र सामाजिक न्याय सहितको समतामूलक समाज निर्माण गर्ने सोच पूरा गर्न योगदान पुऱ्याउँदछ।

शिक्षालाई सर्वव्यापी, जीवनोपयोगी, प्रतिष्पर्धी एवम् गुणस्तरयुक्त बनाउनका लागि अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षासम्बन्धी ऐन २०७५ ले हरेक नागरिकको शिक्षा प्राप्त गर्ने अधिकारलाई सुनिश्चित गरेको छ। नेपाल सरकारले २०७६ सालमा जारी गरेको राष्ट्रिय शिक्षा नीतिले गुणस्तरीय शिक्षामा सबैको समतामूलकपहुँच सुनिश्चित गर्दै सिर्जनशीलता, रचनात्मकता, अध्ययनशीलता, सकारात्मक चिन्तन र सदाचार जस्ता गुण सहितको प्रतिस्पर्धी, सीपयुक्त एवम् उत्पादनशील जनशक्ति तयार गर्ने उद्देश्य राखेको छ। यसै गरी नेपाल सरकारको २५- वर्षे दीर्घकालीन  सोच समृद्ध नेपाल, सुखी नेपालीसहितको समुन्नत राष्ट्र निर्माणका आधारमापन्ध्रौँ आवधिक योजनाका लक्षहरू तय गरिएको छ। उल्लिखित नीति कार्यान्वयन गरी लक्ष प्राप्त गर्नका लागि शिक्षा पद्धति र शिक्षामा गरिने लगानीको स्वरूपमा आवश्यक सुधार गर्नु पर्ने हुन्छ।

### १.३.२ शिक्षाको संरचना :

नेपालको विद्यालय क्षेत्रअन्तर्गत एक बर्षको प्रारम्भिक बालविकास शिक्षामा चार वर्षका बालबालिका सहभागी हुन्छन् भने ५-१२ वर्ष उमेर समूहका लागि ८ वर्षको निःशुल्क तथा अनिवार्य आधारभूत शिक्षा र १३ -१६ वर्ष उमेर समूहका लागि ४ वर्षको निःशुल्क माध्यमिक शिक्षा प्रदान गर्ने दायित्व सरकारको रहेको छ। शुल्क तिरेर पढ्ने निजी क्षेत्रबाट सञ्चालित र सरकारको लगानीमा सञ्चालित शुल्क तिर्न नपर्ने गरी दुवै प्रकारका विद्यालयहरू सञ्चालन भइरहेका छन्।  यस खण्डमा मुलुकको सङ्क्षिप्त शैक्षिक सन्दर्भअन्तर्गत नीतिगत प्रबन्ध, उल्लेख्य उपलब्धि तथा अन्तर, विद्यालय क्षेत्र विकास योजनाका कार्यक्रम तथा उपलब्धिहरू र दिगो विकास लक्षहरूको सन्दर्भ उल्लेख गरिएको छ।

### क. बिद्यालय सङ्ख्या

| क्र.स. | सामूदायिक विद्यालयको नाम र ठेगाना | | |
|---|---|---|---|
| | नाम | ठेगाना | सञ्चालित कक्षा |
| १ | हर्मिचौर मा.वि,हर्मिचौर | कालिण्डकी गा.पा. १ | ०–१२ |
| २ | देउराली मा.वि.,हर्मिचौर | कालिण्डकी गा.पा. १ | ०–१० |
| ३ | ने.रा.देवालपुर नि.मा.वि.,हर्मिचौर | कालिण्डकी गा.पा. १ | ०–८ |
| ४ | हर्मिचौर प्रा.वि.,हर्मिचौर | कालिण्डकी गा.पा. १ | १–५ |
| ५ | सरस्वती प्रा.वि.,हर्मिचौर | कालिण्डकी गा.पा. १ | ०–१ |

| | | | |
|---|---|---|---|
| ६ | शालिग्राम वेद वेदांग संस्कृत विद्यालय, अर्वेनी | कालिण्डकी गा.पा. १ | १–३ |
| ७ | भगवती मा.वि., अर्वेनी | कालिण्डकी गा.पा. २ | ०–१२ |
| ८ | दभौखानी मा.वि., अर्वेनी | कालिण्डकी गा.पा. २ | ०–१० |
| ९ | भैरवपुर प्रा.वि., अर्वेनी | कालिण्डकी गा.पा. २ | ०–३ |
| १० | जनज्योति प्रा.वि., अर्वेनी | कालिण्डकी गा.पा. २ | ०–५ |
| ११ | भगवती प्रा.वि., अर्वेनी | कालिण्डकी गा.पा. २ | ०–१ |
| १२ | ज्ञानोदय वि., अर्वेनी | कालिण्डकी गा.पा. २ | ०–३ |
| १३ | जयखानी मा.वि., जयखानी | कालिण्डकी गा.पा. ३ | ०–८ |
| १४ | देविस्थान प्रा.वि., जयखानी | कालिण्डकी गा.पा. ३ | ०–५ |
| १५ | अम्विका प्रा.वि., जयखानी | कालिण्डकी गा.पा. ३ | ०–१ |
| १६ | मुलपानी प्रा.वि., जयखानी | कालिण्डकी गा.पा. ३ | १–३ |
| १७ | जीवनोद्वार मा.वि, पूर्तिघाट | कालिण्डकी गा.पा. ४ | ०–१२ |
| १८ | सरस्वती प्रा.वि., पूर्तिघाट | कालिण्डकी गा.पा. ४ | ०–५ |
| १९ | जोरपाटी प्रा.वि., पूर्तिघाट | कालिण्डकी गा.पा. ४ | ०–३ |
| २० | शारदा प्रा.वि., पूर्तिघाट | कालिण्डकी गा.पा. ४ | ०–३ |
| २१ | सिरेनी प्रा.वि., पूर्तिघाट | कालिण्डकी गा.पा. ४ | ०–१ |
| २२ | जनकल्याण मा.वि, फोक्सिङ्ग | कालिण्डकी गा.पा. ५ | ०–१२ |
| २३ | लितुङ्ग मंगलास्थान नि.मा.वि., फोक्सिङ्ग | कालिण्डकी गा.पा. ५ | ०–८ |
| २४ | जनप्रिय प्रा.वि., फोक्सिङ्ग | कालिण्डकी गा.पा. ५ | ०–३ |
| २५ | दीपेन्द्र प्रा.वि., फोक्सिङ्ग | कालिण्डकी गा.पा. ५ | ०–३ |
| २६ | चैया चालिसे प्रा.वि., फोक्सिङ्ग | कालिण्डकी गा.पा. ५ | ०–३ |
| २७ | देउराली मा.वि, खड्गकोट | कालिण्डकी गा.पा. ६ | ०–१२ |
| २८ | शुक्र मा.वि., खड्गकोट | कालिण्डकी गा.पा. ६ | ०–१० |
| २९ | कोरेङ्ग नि.मावि., खड्गकोट | कालिण्डकी गा.पा. ६ | ०–८ |
| ३० | तुङ्ग तोलाकोट नि.मा.वि., खड्गकोट | कालिण्डकी गा.पा. ६ | ०–८ |
| ३१ | जनता बालकल्याण प्रा.वि., खड्गकोट | कालिण्डकी गा.पा. ६ | ०–३ |
| ३२ | उर्लेनी प्रा.वि., खड्गकोट | कालिण्डकी गा.पा. ६ | ०–५ |

| | | | |
|---|---|---|---|
| ३३ | तोलाकोट प्रा.वि., खड्गकोट | कालिण्डकी गा.पा. ६ | ०–३ |
| ३४ | जनकल्याण प्रा.वि., खड्गकोट | कालिण्डकी गा.पा. ६ | ०–४ |
| ३५ | सिद्ध प्रा.वि., खड्गकोट | कालिण्डकी गा.पा. ६ | ०–५ |
| ३६ | दुर्गा भवन मा.वि, भूर्तुङ्ग | कालिण्डकी गा.पा. ७ | ०–१२ |
| ३७ | हिमालय नि.मा.वि., भूर्तुङ्ग | कालिण्डकी गा.पा. ७ | ०–८ |
| ३८ | प्रारम्भिक नि.मा.वि., भूर्तुङ्ग | कालिण्डकी गा.पा. ७ | ०–८ |
| ३९ | कराङतुङ्ग प्रा.वि., भूर्तुङ्ग | कालिण्डकी गा.पा. ७ | ०–३ |
| ४० | जनशक्ति प्रा.वि., भूर्तुङ्ग | कालिण्डकी गा.पा. ७ | ०–५ |
| ४१ | शिव प्रा.वि., भूर्तुङ्ग | कालिण्डकी गा.पा. ७ | ०–३ |
| ४२ | नवज्योति प्रा.वि., भूर्तुङ्ग | कालिण्डकी गा.पा. ७ | ०–३ |
| ४३ | सरस्वती प्रा.वि., भूर्तुङ्ग | कालिण्डकी गा.पा. ७ | ०–३ |
| ४४ | भृकुटी बालविकास केन्द्र | कालिण्डकी गा.पा. १ | बालविकास |
| ४५ | मरिम बालविकास केन्द | कालिण्डकी गा.पा. ६ | बालविकास |
| ४६ | अमराई बालविकास केन्द | कालिण्डकी गा.पा. ७ | बालविकास |
| ४७ | नवज्योती बालविकास केन्द | कालिण्डकी गा.पा. ५ | बालविकास |
| ४८ | नवउदय बालविकास केन्द | कालिण्डकी गा.पा. ५ | बालविकास |
| ४९ | रम्फै बालविकास केन्द | कालिण्डकी गा.पा. ६ | बालविकास |
| ५० | तुथुम बालविकास केन्द्र | कालिण्डकी गा.पा. १ | बालविकास |

**स्रोत शिक्षा युवा तथा खेलकुद शाखा, कालिगण्डकीगा.पा.गुल्मी**

ख) कक्षागत र तहगत दलित, जनजाती, बिशेष क्षमता भएका -विभिन्न अपाङ्गता भएका जम्मा विद्यार्थी

| कक्षा | जम्मा विद्यार्थी | | | दलित विद्यार्थी | | | जनजाती विद्यार्थी | | | | अपाङ्ग विद्यार्थी | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा |
| पुर्व प्रा.वि. | २१३ | २७३ | ४८६ | ५० | ६१ | १११ | ८६ | १२१ | २०७ | ३ | ३ | ६ |
| १ | १३३ | १४० | २७३ | ४७ | २४ | ७१ | ४८ | ६६ | ११४ | २ | ३ | ५ |
| २ | ११४ | १३३ | २४७ | २९ | ३२ | ६१ | ५५ | ५४ | १०९ | ० | २ | २ |
| ३ | ९७ | १२० | २१७ | २७ | ३२ | ५९ | ४६ | ४९ | ९५ | ० | २ | २ |
| ४ | ११२ | १३० | २४२ | ३९ | ३९ | ७८ | ४८ | ६४ | ११२ | ० | ३ | ३ |
| ५ | १२२ | १०९ | २३१ | ३१ | ३२ | ६३ | ५९ | ५३ | ११२ | ० | ४ | ४ |
| ६ | ११० | ११३ | २२३ | २७ | ३४ | ६१ | ६० | ५६ | ११६ | ४ | २ | ६ |
| ७ | ९२ | १२४ | २१६ | २४ | ३२ | ५६ | ४० | ४८ | १०८ | ५ | १ | ६ |
| ८ | ९९ | १३२ | २३१ | १५ | २७ | ४३ | ५३ | ७६ | १२९ | २ | ५ | ७ |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ९ | ९५ | १६० | २५५ | ३१ | ३१ | ६२ | ४६ | ८६ | १३२ | ० | ५ | ५ |
| १० | १३२ | ९१ | २२३ | १९ | २० | ३९ | ८३ | ५० | १३३ | १ | १ | २ |
| ११ | ३० | २९ | ५९ | ५ | ५ | १० | ११ | ११ | २२ | ० | ० | ० |
| १२ | १२३ | १०१ | २२४ | २६ | १८ | ४४ | ६९ | ५८ | १२७ | २ | ३ | ५ |
| जम्मा | १४७२ | १६५५ | ३१२७ | ३७० | ३८७ | ७५८ | ७०४ | ७९२ | १५१६ | १९ | ३४ | ५३ |

EMIS २०८१

ग) सामुदायिक बिद्यालयमा कक्षागत र तहगत जम्मा विद्यार्थी

आधारभूत तर्फ

| विद्यालयको प्रकार | प्राथमिक (१-५ ) | | | निमावि (६-८) | | | आधारभूत (१-८) | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा |
| सामुदायिक | ६३२ | ५७८ | १२१० | ३६९ | ३०१ | ६७० | १००१ | ८७९ | १८८० |
| संस्थागत | ३१ | ३८ | ६९ | ५ | ५ | १० | ३६ | ४३ | ७९ |

माध्यमिक तर्फ

| विद्यालयको प्रकार | माध्यमिक (९-१० ) | | | माध्यमिक (११-१२) | | | माध्यमिक (९-१२) | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा | छात्र | छात्रा | जम्मा |
| सामुदायिक | २५१ | २२७ | ४७८ | १३० | १५३ | २८३ | ३८१ | ३८० | ७६१ |
| संस्थागत | | | | | | | | | |

सामुदायिक विद्यालय तर्फ कक्षा १-५ मा छात्रको सङ्ख्या बढि , कक्षा ६-८ मा छात्र-छात्रा हाराहारी र कक्षा १-८ मा छात्रको संख्या बढि रहेको छ भने संस्थागत तर्फ कक्षा १-५, ६-८ र १-८ सवै तहमा छात्रको संख्या वढि देखिन्छ । सामुदायिका विद्यालयमा छात्रछात्राको संख्या केही हाराहारी जस्तो भएता पनि संस्थागत तर्फ छात्राको संख्याको तुलनामा छात्रको संख्या कम भएको हुँदा अभिभावकहरुमा छोरा र छोरीको बीचमा भेदभावपूर्ण व्यवहार छैन भन्ने संकेत मिल्दछ ।

## Measuring the Internal Efficiency based on the ( Reconstructed Cohort Method) For Total

| Flow rates | | Grade 1 | Grade 2 | Grade 3 | Grade 4 | Grade 5 | Grade 6 | Grade 7 | Grade 8 | Grade 9 | Grade 10 |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| Promotion | | 77.5 | 79.2 | 77.4 | 76.7 | 78.4 | 82.1 | 77.0 | 77.9 | 78.4 | 95.2 |
| Repetition | % | 11.1 | 5.2 | 6.6 | 14.0 | 12.5 | 11.5 | 12.1 | 13.5 | 14.1 | 4.3 |
| Dropout | | 11.4 | 15.6 | 15.9 | 9.3 | 9.1 | 6.4 | 10.9 | 8.5 | 7.4 | 0.4 |

## Measuring the Internal Efficiency based on the ( Reconstructed Cohort Method) For Boys

| Flow rates | Grade 1 | Grade 2 | Grade 3 | Grade 4 | Grade 5 | Grade 6 | Grade 7 | Grade 8 | Grade 9 | Grade 10 |
|---|---|---|---|---|---|---|---|---|---|---|
| Promotion | 76.6 | 78.1 | 70.8 | 75.4 | 80.3 | 76.1 | 75.5 | 76.9 | 70.5 | 96.4 |
| Repetition | 9.9 | 6.3 | 8.3 | 17.2 | 13.1 | 16.2 | 13.6 | 13.3 | 21.7 | 3.6 |
| Drop out | 13.5 | 15.6 | 20.8 | 7.5 | 6.6 | 7.7 | 10.9 | 9.8 | 7.8 | 0.0 |

## Measuring the Internal Efficiency based on the ( Reconstructed Cohort Method) For Girls

| Flow rates | Grade 1 | Grade 2 | Grade 3 | Grade 4 | Grade 5 | Grade 6 | Grade 7 | Grade 8 | Grade 9 | Grade 10 |
|---|---|---|---|---|---|---|---|---|---|---|
| Promotion | 78.6 | 80.5 | 85.7 | 77.9 | 76.8 | 91.4 | 79.1 | 79.6 | 85.1 | 94.1 |
| Repetition | 12.6 | 3.9 | 4.5 | 11.0 | 12.0 | 4.3 | 10.0 | 13.9 | 7.8 | 5.0 |
| Dropout | 8.8 | 15.6 | 9.8 | 11.0 | 11.3 | 4.3 | 10.9 | 6.5 | 7.1 | 0.8 |

१.३.३ शिक्षक सङ्ख्या

विद्यालयहरूको कक्षा १-१२ सम्मको शिक्षक दरबन्दी

| क्र.स. | विद्यालयको नाम | प्राथमिक | | | निम्न माध्यमिक | | | माध्यमिक | | | वाल वि तथा वि क | कुल जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | दरवन्दी | राहत | जम्मा | दरवन्दी | राहत | जम्मा | दरवन्दी | राहत | जम्मा | | | |
| १ | ज्ञानोदय प्रावि, अर्वेनी | १ | १ | २ | | | ० | | | ० | २ | ४ | |
| २ | भैरवपुर प्रावि, अर्वेनी | १ | | १ | | | ० | | | ० | २ | ३ | |
| ३ | जनज्योति प्रावि, अर्वेनी | ३ | १ | ४ | | | ० | | | ० | २ | ६ | |
| ४ | दभौखानी मावि, अर्वेनी | ४ | १ | ५ | | २ | २ | | १ | १ | ३ | ११ | |
| ५ | भगवती प्रावि, अर्वेनी | १ | | १ | | | ० | | | ० | २ | ३ | |
| ६ | शालिग्राम वेद वेदाङ्ग स. विद्यालय | | | ० | | | ० | | | ० | | ० | |
| ७ | भगवती मावि, अर्वेनी | ५ | २ | ७ | ३ | | ३ | ४ | ३ | ७ | ३ | २० | |
| ८ | दुर्गा भवन मावि, भूर्तुङ्ग | ४ | | ४ | ५ | १ | ६ | १४ | | १४ | ३ | २७ | |
| ९ | प्रारम्भिक निमावि, भूर्तुङ्ग | ४ | | ४ | | २ | २ | | | ० | २ | ८ | |
| १० | कराङतुङ्ग प्रावि, भूर्तुङ्ग | २ | | २ | | | ० | | | ० | २ | ४ | |
| ११ | शिव प्रावि, भूर्तुङ्ग | १ | १ | २ | | | ० | | | ० | २ | ४ | |
| १२ | हिमालय निमावि, भूर्तुङ्ग | ५ | | ५ | | | ० | | | ० | २ | ७ | |
| १३ | जनशक्ति प्रावि, भूर्तुङ्ग | १ | १ | २ | | | ० | | | ० | २ | ४ | |
| १४ | नवज्योति प्रावि, भुर्तुङ्ग | | १ | १ | | | ० | | | ० | १ | २ | |
| १५ | सरस्वती प्रावि, भूर्तुङ्ग | १ | १ | २ | | | ० | | | ० | २ | ४ | |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १६ | जनप्रिय प्रावि, फोक्सीङ्ग | २ | | २ | | | ० | | | ० | २ | ४ | |
| १७ | चैया चालिसे प्रावि, फोक्सीङ्ग | २ | | २ | | | ० | | | ० | २ | ४ | |
| १८ | जनकल्याण मावि, फोक्सीङ्ग | ६ | | ६ | ३ | | ३ | ७ | १ | ८ | ३ | २० | |
| १९ | दिपेन्द्र प्रावि, फोक्सिङ्ग | १ | | १ | | | ० | | | ० | २ | ३ | |
| २० | लितुङ्ग मंगलस्थान निमावि, फोक्सीङ्ग | ५ | | ५ | | | ० | | | ० | २ | ७ | |
| २१ | हर्मिचौर प्रावि, हर्मिचौर, | ३ | | ३ | | | ० | | | ० | १ | ४ | |
| २२ | नेरा देवलपुर निमावि, हर्मिचौर | ४ | १ | ५ | | १ | १ | | | ० | २ | ८ | |
| २३ | सरस्वती प्रावि, हर्मिचौर | १ | | १ | | | ० | | | ० | २ | ३ | |
| २४ | देउराली मावि, हर्मिचौर | ५ | १ | ६ | | २ | २ | | | ० | ३ | ११ | |
| २५ | हर्मिचौर मावि, हर्मिचौर, | ७ | | ७ | ३ | | ३ | ८ | | ८ | ३ | २१ | |
| २६ | मूलपानी प्रावि, जयखानी | १ | १ | २ | | | ० | | | ० | १ | ३ | |
| २७ | देविस्थान प्रावि, जयखानी | ४ | ० | ४ | | | ० | | | ० | २ | ६ | |
| २८ | अम्विका प्रावि, जयखानी | ० | ० | ० | | | ० | | | ० | २ | २ | |
| २९ | जयखानी मावि, जयखानी | ५ | | ५ | | २ | २ | | | ० | ३ | १० | |
| ३० | तुङ तोलाकोट निमावि, खड्गकोट | ३ | २ | ५ | | | ० | | | ० | २ | ७ | |
| ३१ | जनकल्याण प्रावि, खड्गकोट | २ | | २ | | | ० | | | ० | २ | ४ | |
| ३२ | सिद्ध प्रावि, खड्गकोट | २ | १ | ३ | | | ० | | | ० | २ | ५ | |
| ३३ | तोलाकोट प्रावि, खड्गकोट | २ | | २ | | | ० | | | ० | २ | ४ | |
| ३४ | जनता बालकल्याण प्रावि, खड्गकोट | १ | | १ | | | ० | | | ० | २ | ३ | |

| | | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ३५ | कोरेङ्ग निमावि, खड्गकोट | ६ | २ | ८ | | | ० | | | ० | २ | १० | |
| ३६ | उर्लेनी प्रावि, खड्गकोट | २ | १ | ३ | | | ० | | | ० | २ | ५ | |
| ३७ | देउराली मावि, खड्गकोट | ६ | | ६ | १ | १ | २ | ३ | ४ | ७ | ३ | १८ | |
| ३८ | शुक्र मावि, खड्गकोट | ५ | | ५ | १ | ३ | ४ | | | ० | ३ | १२ | |
| ३९ | शारदा प्रावि, पूर्तिघाट | २ | | २ | | | ० | | | ० | २ | ४ | |
| ४० | जोरपाटी प्रावि, पूर्तिघाट | १ | | १ | | | ० | | | ० | २ | ३ | |
| ४१ | सरस्वती प्रावि, पूर्तिघाट | २ | | २ | | | ० | | | ० | ३ | ५ | |
| ४२ | जीवनोद्वार मावि, पूर्तिघाट | ७ | | ७ | ३ | १ | ४ | ८ | | ८ | ३ | २२ | |
| ४३ | सिरेनी प्रावि, पूर्तिघाट | | | ० | | | ० | | | ० | २ | २ | |
| ४४ | जानकी प्रावि, पूर्तिघाट | | | ० | | | ० | | | ० | ० | ० | |
| ४५ | भृकुटी वा . वि . केन्द्र, हर्मिचौर | ० | | ० | | | ० | | | ० | १ | १ | |
| ४६ | नवदय वा . वि . केन्द्र, फोक्सीङ्ग | ० | | ० | | | ० | | | ० | १ | १ | |
| ४७ | तुथूम वा . वि . केन्द्र, हर्मिचौर | ० | | | | | ० | | | ० | १ | १ | |
| | | १२० | १८ | १३८ | १९ | १५ | ३४ | ४४ | ९ | ५३ | ९५ | ३२० | |

| त्ह | दरबन्दि | राहत | जम्मा |
|---|---|---|---|
| प्रा.वि.तह | १२० | १८ | १३८ |
| नि.मा.वि.तह | १९ | १५ | ३४ |
| मा.वि.तह | ४४ | ९ | ५३ |
| विद्यालय कर्मचारी र वालविकास सहजकर्ता | ९५ | | ९५ |
| जम्मा | २७८ | ४२ | ३२० |

### १.३.४ उल्लेख्य उपलब्धि तथा अन्तर

नेपालमा विगत केही दशकमा भएको शिक्षाको विस्तार उल्लेख्य रहेको छ। विद्यालय तथा विद्यार्थी सङ्ख्यामा भएको वृद्धि, कुल र खुद भर्ना दरमा भएको वृद्धि र साक्षरता दरमा भएको उल्लेख्य सुधारले शिक्षामा भएको विस्तारलाई पुष्टि गर्दछन्। सन् २०२० को तथ्याङ्कअनुसार प्रारम्भिक बालविकास तथा शिक्षामा कुल र खुद भर्ना दर क्रमशः ८६.४ र ६७.२ प्रतिशत पुगेको छ। भने आधारभूत शिक्षा (कक्षा १-५) मा यो प्रतिशत क्रमशः ११९.३ र ९७.१ रहेको छ।त्यसै गरी आधारभूत शिक्षा (कक्षा १-८)कुल र खुद भर्ना दर क्रमशः ११०.४ र ९३.८ प्रतिशत रहेको छ। अर्कोतिर कक्षा १-३ मा औसत कक्षा दोहोऱ्याउने दर ८ प्रतिशतको हाराहारीमा र कक्षा छाड्ने दर ४ प्रतिशतको हाराहारीमा रहेको छ। कक्षा ८ सम्मको टिकाउ दर ७९.३ प्रतिशत मात्र रहेको देखिन्छ। यसरी भर्ना भएकामध्ये करिब २१ प्रतिशत बालबालिकाहरू कक्षा ८ सम्म पनि नपुगेका र करिब ६.२ प्रतिशत उमेर समूह ५-१२ वर्षका बालबालिकाहरू विद्यालय बाहिर रहेका हुनाले यी दुवै समूहका बालबालिकालाई कक्षा ८ सम्म सिकाउनु जरुरी छ।माध्यमिक तह (कक्षा ९-१२)मा भने कुल र खुद भर्ना दर क्रमशः ७१.४ र ४७.६ प्रतिशत मात्र रही माध्यमिक शिक्षा उमेरको ठुलो जनसङ्ख्या (५२.४ प्रतिशत) माध्यमिक तहको शिक्षाभन्दा बाहिर रहेको छ।

विद्यालय शिक्षामा सरकारको प्रत्यक्ष लगानी नभई अभिभावकबाट शुल्क लिएर सञ्चालन भएका नाफामूलक र गैरनाफामूलक गरी दुई प्रकारका संस्थागत (निजी क्षेत्रबाट सञ्चालित) विद्यालयको उपस्थिति पनि उल्लेख्य छ। सन् २०२० को तथ्याङ्कअनुसार प्रारम्भिक बालविकास तथा शिक्षामा कुल विद्यार्थी सङ्ख्याको ४९.८% निजी क्षेत्रबाट सञ्चालित विद्यालयमाभर्ना भएका छन्। विद्यालयहरूको सङ्ख्याका आधारमा १६.४% मात्र निजी क्षेत्रबाट सञ्चालित छन् भने सामुदायिक प्रारम्भिक बालविकास तथा शिक्षामा केन्द्रहरू (८३.६%) मा ५०.२%मात्र विद्यार्थी देखिन्छन्। यसो हुनाका दुई कारण छन्। पहिलो, निजी क्षेत्रबाट सञ्चालित विद्यालयहरूले २ देखि ४ वर्षका कक्षाहरू चलाएका छन् भने धेरैजसो सामुदायिकले १ वर्षका कक्षा चलाएका छन्। दोस्रो, निजी क्षेत्रबाट सञ्चालित अधिकांश प्रारम्भिक बालविकास तथा शिक्षामा केन्द्रहरू तुलनात्मक रूपमा घना बस्ती भएका क्षेत्रमा रहेका छन्। त्यसै गरी आधारभूत (१-८) र माध्यमिक तह (९-१२) मा कुल विद्यार्थी सङ्ख्याको क्रमशः २५.७ र २८.२ प्रतिशत निजी क्षेत्रबाट सञ्चालित विद्यालयमा अध्ययन गर्दछन्।

आधारभूत तहमा लैङ्गिक समता सूचक ०.९८ पुगेको छ भने माध्यमिक तहमा सूचक समतामा पुगेको देखिन्छ।त्यसै गरी दलित विद्यार्थीहरूको भर्ना दरमा पनि पर्याप्त सुधार भई प्रारम्भिक बालविकास तथा शिक्षा, आधारभूत तह (कक्षा १-५) र आधारभूत तह (कक्षा १-८) मा कुल भर्नामध्ये क्रमशः १८.५, १९.५ र १८.२ प्रतिशत दलित विद्यार्थी भर्ना भएका छन्।विभिन्न किसिमका अपाङ्गता भएका सबै बालबालिकालाई समावेशी वातावरण सिर्जना तथा आवश्यकताअनुसारको प्रबन्धसहितको सहभागिता र सिकाइका लागि समग्र विद्यालय पद्धतिको क्षमता विकास तथा अपाङ्गता मैत्री सिकाइ वातावरण निर्माणमा थप प्रयास आवश्यक छ।

विद्यार्थीको सिकाइ उपलब्धिका आधारमा गुणस्तरलाई हेर्दा शैक्षिक गुणस्तर परीक्षण केन्द्र द्वारा कक्षा ३,५ र ८ मा गरिएका परीक्षणले समग्रमा कमजोर उपलब्धि देखाएका छन् भने सोही केन्द्र द्वारा गरिएका माध्यमिक विद्यालयका कार्यसम्पादन परीक्षणहरूले अधिकांश विद्यालयको व्यवस्थापकीय क्षमता, विद्यालयको भौतिक तथा शैक्षिक वातावरण, शिक्षक तयारी, कक्षाकोठाको शिक्षण सिकाइ तथा विद्यार्थीको समग्र सिकाइ उपलब्धि कमजोर रहेको देखाएका छन्।

यसरी विद्यालय तथा विद्यार्थी भर्नामा वृद्धि तथा समताका सूचकहरूमा सुधार आए पनि सबै बालबालिकालाई विद्यालयमा ल्याई गुणस्तरीय सिकाइसहित विद्यालय तह पूरा गराउन थप प्रयास तथा सुधार आवश्यक छ. ।यसका लागि समग्र विद्यालय पद्धतिलाई बालमैत्री र गुणस्तर उन्मुख बनाउन विद्यालयमा पूर्वाधारसहितको सिकाइ वातावरण निर्माण, शिक्षकको क्षमता तथा उत्प्रेरणामा सुधार र निरन्तर सहयोग पद्धतिको विकास आवश्यक हुन्छ। त्यसैगरी विद्यार्थीलाई सिकाइका लागि उत्प्रेरित गर्न उनीहरूको कुशलताप्रति चासो बढाउन विद्यालयमा आधारित स्वास्थ्य, पोषण र सरसफाइ तथा स्वच्छतासम्बन्धी सेवा तथा शिक्षालाई विद्यालयमा आवद्ध गरी व्यवस्थित गर्नु पनि उत्तिकै आवश्यक छ। शिक्षाको सबै तहमा सुशासन कायम गर्न र प्रभावकारी र गुणस्तरीय सेवा प्रवाहका लागि नेपालको

संविधानअनुसार तीनै तहको सरकारको समन्वय सहकार्य र सहकारिताको सिद्धान्तमा आधारित उच्च गुणस्तरको शैक्षिक व्यवस्थापनका गर्नसक्ने गरी शासकीय तथा व्यवस्थापकीय प्रबन्धका लागि गर्नु आवश्यक छ ।सार्वजनिक शिक्षामा न्यून पहुँचभएका दुर्गम गाउँका बालबालिका तथा युवाहरूका लागि शिक्षा प्रणालीमा समतामूलक पहुँच तथा सहभागिता सुनिश्चितगर्न सेवा प्रदायक प्रणाली तथा शिक्षकका दक्षता सुधार गरी गुणस्तर अभिवृद्धि गर्नु आवश्यक छ । यस प्रयोजनका लागि हालसम्म कार्यान्वयन भएका योजनाहरूको समीक्षाका आधारमा विकास कार्यक्रमहरूको परिमार्जन तथा सेवा प्रदायक एकाइ तथा निकायहरूको क्षमता अभिवृद्धि जरूरी देखिएको छ ।
यसरी हेर्दा कालिगण्डकी गाउँपालिकामा सहजै देखिने भर्ना दरमा बालविकासमा ९८.२ प्रतिशत रहेको छ। यसैगरि बालविकासको अनुभव सहित कक्षा १ मा आउने बिद्यार्थी ७१.८ प्रतिशत रहेको छ । कक्षा १ मा भर्ना भएका विद्यार्थीहरुमध्ये कक्षा ५ सम्म पुग्ने विद्यँर्थीको संख्या ६१.१ प्रतिशत रहेको छ। कक्षा १(८ मा सहजै देखिने भर्नादर ११२.४ प्रतिशत रहेको छ भने खुद भर्नादर ६६.१ प्रतिशत रहेको छ। यसैगरि कक्षा ९(१२ मा सहनै देखिने भर्नादर ६५.१ प्रतिशत रहेको छ। जसलाई ब्यापक रुपमा बढाउनुपर्ने देखिन्छ।
यसै गरी स्थानीय र प्रदेशतहमा शिक्षा योजना निर्माण, अनुगमन तथा प्रतिवेदन प्रणलीसम्बन्धी क्षमता तथा संयन्त्र विकास गर्ने, शिक्षकको सक्षमता विकास गर्ने, पाठ्यक्रमअनुसार अपेक्षित गुणस्तर सुनिश्चित गर्ने, सामुदायिक विद्यालयहरूको प्रतिवद्धता र उत्तरदायित्वमा सुधार गर्ने,  साधन र स्रोतको पर्याप्त व्यवस्था गर्ने,विद्यालय तहको प्राविधिक तथा व्यावसायिक शिक्षा र सिप विकासलाई श्रम बजारको मागसँग जोडी सान्दर्भिकता सुनिश्चित गर्ने गरी सुधार गर्ने,तथ्याङ्कलाई विश्वसनीय बनाई शैक्षिक सूचना व्यवस्थापन प्रणालीलाई सुदृढ गर्ने, दिगो लगानीको स्रोत पहिचान गर्ने, जीवन पर्यन्त सिकाइका अवसरमा वृद्धि तथा विस्तार गर्ने, औपचारिक, अनौपचारिक, अनियमित र जीवनपर्यन्त शिक्षाबिच पारगम्यताकोसंस्थागत व्यवस्था गर्ने, प्रविधिमा आधारित शिक्षण सिकाइ सुनिश्चित गर्ने, सिकाइलाई विज्ञान र प्रविधिसँग जोड्ने र कोभिडका कारण सिर्जित पहुँच, सहभागिता र सिकाइ उपलब्धिमा देखा परेको अन्तर घटाउने जस्ता प्रमुख चुनौतीहरू रहेका छन् ।

### १.३.५ शिक्षा क्षेत्रको योजना

नेपालको संविधान र संघीय संरचनाअनुरूप शिक्षाका योजना तथा कार्यक्रमहरू विकास गर्ने क्रममा तयार गरिएको चालु विद्यालय क्षेत्र विकास योजना (SSDP) को ५ वर्षे (वि.सं. २०७३-२०७८)समयावधि आगामी २०७८ साल असार मसान्तमा समाप्त हुँदैछ । यस योजनाले राष्ट्रको सामाजिक तथा आर्थिक रूपान्तरणका लागि आवश्यक स्वावलम्बी, प्रतिस्पर्धी, प्रवर्तनात्मक र मूल्य उन्मुख नागरिकको विकासमा योगदान पुऱ्याउने दूरदृष्टि राखेको थियो । मुलुकको भावी संघीय स्वरूपलाई दृष्टिगत गर्दै समाजका विविधतापूर्ण परिवेश तथा आवश्यकतालाई आत्मसात् गरी सबै नागरिकलाई उत्पादनशील जीवन यापन गर्न चाहिनेकार्यमूलक साक्षरता, गणितीय सिप, ज्ञान तथा आधारभूत जीवनोपयोगी सिपको विकासका अवसर प्राप्त गर्न सहजीकरण गर्दै जनशक्तिको क्षमता विकासका प्रयासमार्फत् मुलुकको सामाजिक तथा आर्थिक विकासमा योगदान दिई विद्यमान असमानता घटाउने उद्देश्यका साथ कार्यक्रमहरूका कार्यान्वयन भरहेका छन् ।विद्यालय क्षेत्रविकास योजनामा लक्षित नतिजामार्फत् विद्यालय शिक्षामा समता, गुणस्तर, सक्षमता, सुशासन तथा व्यवस्थापन र उत्थानशीलताका आधारमा योजनाका समग्र कार्यक्रमहरू निर्देशित थिए। यस योजनाको कार्यान्वयन हुदाँहुदै नेपालको शासकीय स्वरूप केन्द्रीय शासन प्रणालीबाट संघीय प्रणालीअनुरुप तीनतहको सरकारमार्फत् सञ्चालन हुने संक्रमणकालीन अवस्था सुरूभयो । आधारभूत तथा माध्यमिक शिक्षाको व्यवस्थापन सम्बन्धी मुख्य दायित्व स्थानीय सरकारको हुने भए पछि यसको कार्यान्वयन संरचना, स्वरूप तथा प्रतिवेदन प्रणालीमा परिवर्तनसहित थप सबल बनाउनु पर्ने आवश्यकता रहेको छ। कार्यक्रमको पहिलो चरणको कार्यान्वयनमा हुँदा सम्ममा आधारभूत तहमा विद्यार्थीहरूको पहुँच र भर्ना दरमा उल्लेख्य वृद्धिभएको थियो । कक्षा ८ मा विद्यार्थी टिक्ने र उत्तीर्णहुने दर पनि बढ्यो । औपचारिक तथा अनौपचारिक शिक्षाको विस्तारबाट विद्यालय बाहिर रहेका बालबालिकाहरूको शिक्षामा उल्लेख्य सङ्ख्यामा सहभागिता बढ्यो ।कक्षा १० र कक्षा १२ मा विद्यार्थी टिकाउ दरमा निरन्तर प्रगति देखिए तापनि अपेक्षित लक्ष्य भने प्राप्त हुन सकेन । विद्यालय क्षेत्र विकास

कार्यक्रम कार्यान्वयनको सन्दर्भमा गुणस्तर सुधारका लागि विपद् व्यवस्थापन गुरू योजना,वृहत् समावेशी गुरू योजना,सिकाइकालागि न्यूनतम अवस्था सिर्जना लगायतका मापदण्ड विकास तथा नीतिगत सुधारहरू भए । यसका साथै विभिन्न क्षेत्रमा विज्ञहरूको परिचालनसमेत गरीपाठ्यक्रम प्रारूप परिमार्जन,शिक्षक पेसागत विकास सामग्री र तालिम सामग्रीविकासजस्ता कार्यहरू सम्पन्न भए । तर विद्यार्थीहरूको सिकाइ उपलब्धि अपेक्षित रूपमा बढ्न सकेन ।

विद्यालय क्षेत्र विकास कार्यक्रमको उद्देश्य, क्रियाकलापहरू र कार्यान्वयनको सन्दर्भमा गुणस्तरीय शिक्षाकालागि गर्नु पर्ने शैक्षिक सुधारका कार्यक्रमहरूको सम्बन्धमा स्थानीय सरकार,शिक्षक तथा अभिभावकहरूको क्षमता विकासको आवश्यकता देखियो । लक्षित प्रमुख नतिजा सूचककाढाँचा अनुसार गर्नु पर्ने सुधारका लागि विभिन्न तहमा आवश्यक प्रणालीहरू पर्याप्त मात्रामा व्यवस्थित गर्नु पर्ने देखिएको छ । संघीय व्यवस्थाको कार्यान्वयनको संक्रमणकालीन अवस्थाले विद्यालय क्षेत्र विकास कार्यक्रमको कार्यन्वयनमा समेत कुनै न कुनै रूपमा प्रभाव पार्‍यो । कार्यान्वयनसम्बन्धी प्रतिवेदनको प्रभावकारी प्रणालीको खाँचो महसुस भयो । तीन तहको सरकारबिचको आपसी जिम्मेवारीको थप स्पष्टतासहितस्रोत केन्द्रहरूको विघटनपछि वैकल्पिक शिक्षक सहायता प्रणालीको आावश्यकता देखिएको छ ।

### १.३.६ दिगो विकास लक्षहरू

विद्यालय क्षेत्र विकास योजनाको कार्यान्वयनसँगै १५ वर्षे सहस्राब्दि विकास लक्षहरूको कार्यान्वयन पश्चात् प्राप्त उपलब्धिका आधारमा सन् २०३० सम्मको दिगो विकासका लक्ष्य प्राप्त गर्ने विषयमा नेपालले पनि प्रतिबद्धता जनाएको छ ।फलस्वरूप नेपाल सरकारले दिगो विकास लक्ष ४: नेपाल राष्ट्रिय कार्यढाँचा निर्माण गरी कार्यान्वयनमा ल्याएको छ ।नेपाल सरकारले सन् २०१५ मेको इन्चोन र सेप्टेम्बरको संयुक्त राष्ट्र सङ्घको साधारण सभाको बैठकबाट पारितदिगो विकास लक्ष्यहरूमध्ये लक्ष्य ४ "सबैका लागि समावेशी र समतामूलक गुणस्तरीय शिक्षाको सुनिश्चितता तथा आजीवन सिकाइका अवसरहरूमा प्रोत्साहित गर्ने"पुरा गर्न नेपालले राष्ट्रिय कार्यढाँचा स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ ।

नेपालको राष्ट्रिय कार्यढाँचाले नेपाल सरकारको दीर्घकालीन दूरदृष्टिलाई अनुसरण तथा शिक्षालाई मौलिक मानव अधिकारका रूपमा ग्रहण गरी राज्यको उत्तरदायित्व भित्र समेटेको छ । त्यस्तै नेपाल सरकारलेवि.सं. २१०० सम्ममा नेपाललाई समुन्नत राष्ट्रको स्तरमा पुर्‍याउने दीर्घकालीन राष्ट्रिय लक्ष्यलाई समेत आत्मसात गरी दिगो विकास, समावेशिता तथा गुणस्तरीयताको मर्मअनुरूप आवश्यक पर्ने सिकाइको स्तर हासिल गर्ने कार्यमा कोही पनि नागरिकपछाडि पर्न हुँदैन भन्ने मान्यतामा कार्यढाँचाका उद्देश्य तथा लक्ष्यहरू किटान भएका छन्।

प्रस्तुत कार्य ढाँचाले राष्ट्रिय योजना आयोगले तयार गरेको १५ वर्षे दिगो विकास लक्ष, स्थिति र मार्गदर्शनका आधारमानेपाल सरकारको नीति, योजना तथा कार्यक्रमहरूमा लिङ्ग, सामाजिक र भाषिक विविधता, अपाङ्गता, गरिबी आदिसमेतलाई दृष्टिगत गरी समावेशिता र समताका सिद्धान्त तथा मूल्यको एकीकरण गर्ने गरी सन् २०१५ लाई आधाररेखा मानी सन् २०१९, सन् २०२२, सन् २०२५ र सन् २०३० मा प्राप्त हुने उपलब्धिहरूको परिमाणात्मक गन्तव्य तथा लक्ष्यहरू किटान गरेको छ । दिगो विकासको लक्ष्य ४ का लागि नेपालको  राष्ट्रिय कार्यढाँचाले सबै स्थानीय तथा प्रदेश सरकारहरूले निर्धारित सूचकका आधारमा आ-आफ्ना कार्यक्रमको प्रगतिको समीक्षा गरी पृष्ठपोषणसहित पठाइएको विवरणलाई संघीय सरकारले राष्ट्रिय प्रतिवेदनमा समावेश गर्ने व्यवस्था गरेको छ । राष्ट्रिय योजना आयोगले निर्धारण गरेका अनुगमनका सूचकहरूसँग आबद्ध हुने गरी शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले राष्ट्रिय प्रतिवेदन तयार गर्ने व्यवस्थासहित सो प्रतिवेदन तथा मन्त्रालयस्तरीय विकास समस्या समाधान समिति तथा राष्ट्रिय विकास समस्या समाधान समिति  जस्ता अनुगमनका उच्चस्तरीय संयन्त्रको बैठकमा प्रगति समीक्षा हुनेव्यवस्था गरेको छ ।

दिगो विकास लक्ष्य ४ : ले दिगो विकास लक्ष्यहरूको प्रगतिको समीक्षा गर्ने सिलसिलामा सबै मुलकहरूले स्वयम्सेवी रूपमा राष्ट्रिय र स्थानीय तहका योजनाहरूको आवधिक समीक्षा गर्न सकिने प्रावधान राखेको छ । यस सन्दर्भमा

नेपालले दिगो विकास लक्ष्य कार्यान्वयन अवधिभित्र कम्तीमा ३ पटक स्वयम् सेवी राष्ट्रिय समीक्षा गर्ने योजना बनाएको छ । यो समीक्षा राष्ट्रिय योजना आयोगको संयोजनमा गरिने व्यवस्थाअनुसार आयोगले सन् २०२० को जुन महिनामा पहिलो स्वयम् सेवी राष्ट्रिय समीक्षा गरेकोथियो । यस समीक्षाले द्रुत गतिमा भइरहेको पूर्वाधार विकासले शिक्षामा पहुँच बढाउन महत्त्वपूर्ण भूमिका खेलेको उल्लेख गरेको छ । समीक्षामा शैक्षिक व्यवस्थापन सूचना प्रणालीलाई प्रदेश र स्थानीय तहसँग समन्वय हुने गरी थप सवलीकरण गरी खण्डीकृत तथ्याङ्क तथा सूचनाहरू प्रविष्टि गर्नु पर्ने सुझाव प्रस्तुत भएको छ ।सो समीक्षामा अनिवार्य तथा निःशुल्क आधारभूत शिक्षा ऐन, २०७५ को कार्यान्वयनले गरिब, सीमान्तकृत र आर्थिक रूपमा पछाडि परेका समुदायका बालबालिकाहरूको विद्यालय शिक्षामा पहुँच अपेक्षाकृत रूपमा बढेको विश्लेषण गरिएको छ । सो समीक्षामा प्रस्तुत भएअनुसार प्राथमिक शिक्षाको खुद भर्ना दर तथा तह पूरा गर्ने दर र समग्र विद्यालय शिक्षामा लैङ्गिक सूचकमासुधार आएकोजस्ता सकारात्मक प्रगति देखिए तापनि सिकाइ उपलब्धिमा अपेक्षाकृत रूपमा सुधार हुन नसकेको पक्षलाई इङ्गित गरेको छ । उक्त समीक्षाले साक्षरताको राष्ट्रिय अभियानअन्तर्गत झण्डै एकतिहाइ जिल्लालाई साक्षर बनाउन तथा दिवा खाजा र छात्रवृत्तिको थप कार्यक्रमका लागि आवश्यक हुने स्रोतको आकलनसमेत गरेको छ ।

### १.३.७ पालिकाको शिक्षा क्षेत्रका मुख्य चुनौतीहरू

उल्लिखित सन्दर्भ तथा विद्यालय शिक्षाका उपलब्धि र अन्तरका आधारमा विद्यालय क्षेत्रको शिक्षामा देखिएका प्रमुख चुनौतीहरू निम्नअनुसार पहिचान गरिएको छ ।

१. सबै बालबालिकाहरूलाई गुणस्तरीय प्रारम्भिक बालविकास तथा शिक्षाको अवसर सुनिश्चत गर्न प्रारम्भिक बालविकास तथा शिक्षा केन्द्र/कक्षाको समायोजन तथा पुनर्वितरण गरी मापदण्डअनुसार सञ्चालन;
२. प्रारम्भिक बालविकास तथा शिक्षा चार वर्षका बालबालिकाहरूका लक्ष्यित गरी सञ्चालन गरिने कार्यक्रम भए पनि चारवर्ष भन्दा कम उमेरका बालबालिकाहरू पनि सहभागी हुनु;
३. नक्साङ्कनका आधारमा विद्यालयको स्थापना, समायोजन तथा पुनर्वितरण गरी सबै विद्यालय शिक्षामा बालबालिकाको पहुँच र सहभागिताको सुनिश्चितता
४. सबै विद्यालयको भौतिक तथा शैक्षिक वातावरणमा सुधार ल्याई विद्यालयलाई बालमैत्री बनाउने
५. आधारभूत तहको शिक्षालाई अनिवार्य तथा निःशुल्क र माध्यमिक तहको शिक्षालाई निःशुल्कगरी गुणस्तरीय सिकाइ सुनिश्चित गर्न आवश्यक स्रोत व्यवस्था र संरचना तथा क्षमता विकास;
६. विद्यालय शिक्षाको पहुँच, सहभागिता र उपलब्धिमा प्रदेशगत, सामाजिक, सांस्कृतिक परिवेश, आर्थिक अवस्था लगायतमा आधारित भिन्नताहरू कामय रहनु
७. व्यवहारकुशल सिपहरूलाई विद्यालय शिक्षाको प्रारम्भिक कक्षादेखि माध्यमिक तहसम्म नै एकीकृत गर्ने र सिकाइलाई दैनिक जीवनसँग आबद्ध गर्न पाठ्यक्रम तथा सिकाइ क्रियाकलापमा सुधार गरी विद्यालय शिक्षाको सान्दर्भिकता बढाउने;
८. पाठ्यक्रम तथा पाठ्यसामग्रीलाई सान्दर्भिक बनाउने,शिक्षक विकास तथा तयारीलाई प्रभावकारी बनाउने, शिक्षक सहायता प्रणालीको व्यवस्था र शिक्षण सिकाइ तथा मूल्याङ्कन पद्धतिमा सुधार गरी विद्यालय शिक्षाको सान्दर्भिकता, गुणस्तर र शिक्षा पद्धतिको कार्यकुशलता वृद्धि;
९. माध्यमिक तहमा व्यावसायिक तथा प्राविधिक शिक्षाका लागि उपयुक्त संरचना तथा कार्यक्रम विकास तथा कार्यान्वयन;
१०. सूचना तथा सञ्चार लगायतका प्रविधिमा शिक्षक तथा विद्यार्थीको पहुँच विस्तार र सिकाइमा प्रभावकारी ढङ्गले प्रयोग;
११. विद्यालय शिक्षालाई प्रकोप तथा महामारी लगायतका परिस्थितिप्रति उत्थानशील बनाउने;
१२. बालबालिकाको पोषणको अवस्था तथा स्वास्थ्यमा सुधार गर्न दिवा खाजा लगायत सरसफाइ तथा स्वच्छता, आधारभूत स्वास्थ्य तथा पोषण सेवा तथा शिक्षा विद्यालयमार्फत् प्रदान;

१३. छात्रवृत्ति तथा अन्य सहायता प्रणालीलाई गरिब, सुविधाविहिन, कठिन परिस्थितिमा रहेका र अपाङ्गता भएका बालबालिकाहरूलाई विद्यालयमा भर्ना हुन, निरन्तरता दिन र सिकाइमा सहभागी भई उपलब्धि सुधारमा सहयोग हुने गरी व्यवस्थापन गर्ने
१४. विद्यालयलाई भय, विभेद र दुर्व्यवहारमुक्त बनाई विविधताअनुकूल, समावेशी र समतामूलक बनाउने;
१५. साक्षरता, निरन्तर शिक्षा र जीवनपर्यन्त सिकाइको अवसरमा वृद्धि गर्ने र विद्यालयमा नियमित उपस्थित भई शिक्षा निरन्तर गर्न नसक्ने तथा बढी उमेर भएका व्यक्तिका लागि वैकल्पिक सिकाइको प्रबन्ध गर्ने;
१६. संङ्घीय संरचनाबमोजिम सरकारका सबै तह र निकायमा शिक्षाको शासकीय प्रबन्धलाई थप सुदृढ बनाउदै नतिजामुखी व्यवस्थापन तथा सुशासन प्रवर्द्धन गर्न सङ्घ, प्रदेश र स्थानीय सरकारबिच समन्वयात्मक कार्यढाँचा र उत्तरदायित्व प्रणालीलाई प्रभावकारी र सुदृढ गर्ने;
१७. सार्वजनिक विद्यालयको सिकाइप्रति अभिभावकको आकर्षण तथा विश्वास कायम गर्ने ।

### १.३.८ पालिकाको शिक्षा क्षेत्रको विकासकालागि मुख्य अवसरहरू

उल्लिखित चुनौतीहरू समाधान गरी विद्यालय शिक्षाको विकासका लागि सहयोगी हुने निम्नलिखित अवसरहरू उलपब्ध हुनेछन् ।

१. विगत केही दशकदेखि विद्यालय शिक्षाको पहुँच, गुणस्तर र समता विकासका लागि सञ्चालन भएका कार्यक्रमहरूले विकास गरेका संरचना तथा क्षमता पूर्वधारका रूपमा रहन सक्ने;
२. आधारभूत तहमा निःशुल्क तथा अनिवार्य र माध्यमिक तहमा निःशुल्क शिक्षाका लागि संवैधानिक, कानुनी तथा नीतिगत आधार तयार भएको;
३. दिगो विकास लक्ष प्राप्तिका लागि बहुपक्षीय तथा द्विपक्षीय सहकार्यतथा सहयोगको प्रतिबद्धता रहेको;
४. शिक्षामा सरकारको लगानी वृद्धिका लागि राजनीतिक रूपमा सहमति देखिएको;
५. लामो समयदेखि सरकार तथा विकास साझेदारहरूबिच सहयोग परिचालन र कार्यक्रम कार्यान्वयनका लागि शिक्षा क्षेत्रको क्षेत्रगत सहयोगको ढाँचाको विकास तथा कार्यन्वयन भइरहेको;
६. सङ्घीय संरचनामा विद्यालय शिक्षाको विकास र शासकीय तथा व्यवस्थापकीय प्रबन्धका लागि स्थानीय तहलाई जिम्मेवार बनाई तीनै तहका सरकारको सहकार्य तथा समन्वयको स्वरूप प्रारम्भ भएको र तीनै तहबाट लगानी हुन सक्ने व्यवस्था रहेको;
७. विद्यालय शिक्षाका लागि आवश्यक केही संरचना तथा क्षमता विद्यमान रहेकोले यसमा सुधार तथा परिमार्जन मात्र गर्दा यस योजनाको कार्यन्वयनमा उपयोग गर्न सकिने;
८. राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ विकास भई कार्यान्वयन प्रारम्भ भएको;
९. विद्यार्थी उपलब्धिको राष्ट्रिय परीक्षण तथा विद्यालयको कार्यसम्पादन परीक्षण गर्ने पद्धति विकास भएकाले यसका नतिजाहरूले प्रमाणमा आधारित सुधारका लागि सहयोग हुन सक्ने;
१० सार्वजनिक शिक्षाको विकास तथा गुणस्तर सुधारका लागि सहयोगी तथा सकारात्मक जनमत रहेको;
११. यस योजनाको प्रभावकारी कार्यान्वयनबाट सार्वजनिक शिक्षाप्रतिको विश्वास तथा आकर्षणमा बढ्न सहयोग पुग्न सक्ने ।

### १.३.९ पालिकाको शिक्षा क्षेत्रको योजना निर्माण प्रक्रिया

शिक्षा क्षेत्रको यो योजना तयारीको प्रारम्भिक कार्यको सुरुआतसँगै कोभिड-१९ को प्रकोप सुरु हुनाले यो प्रक्रियाले पुनः गति लिन केही समय लाग्यो । दूरीमा रही सञ्चार गर्ने विभिन्न वैकल्पिक माध्यमसमेत प्रयोग गरी २०२०को मे/जुन महिनादेखि यस प्रक्रियाले पुनः गति लिएको थियो । शिक्षा क्षेत्रको यो योजना निर्माणको नेतृत्व नेपाल सरकारको शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयबाट भई मन्त्रीस्तरबाट योजना निर्माणका लागि आवश्यक संरचना निर्माणको निर्णयका साथै आवश्यक नीतिगत मार्गदर्शन प्राप्त भएको थियो । योजना निर्माण प्रक्रियालाई

मार्गदर्शन गर्न गठित निर्देशक समितिको अध्यक्षता मन्त्रालयका सचिवबाट गरिएको थियो । योजनाको तयारी तथा विकास कार्यको समग्र संयोजन मन्त्रालयको योजना महाशाखाबाट भएको थियो भने यसमा आवश्यक समन्वयसहित समग्र व्यवस्थापन गर्ने गरी योजना निर्माणका लागि सचिवालयको काम मन्त्रालयको योजना महाशाखाअन्तर्गत रहेको वैदेशिक सहायता समन्वय शाखा (DACS) गरेको थियो ।

यो योजना तयारीका क्रममा राष्ट्रिय योजना आयोग, अर्थ मन्त्रालयलगायत विषयगत मन्त्रायलहरूसँग सम्बन्धित विषयमा अन्तर्क्रिया गरी पृष्ठपोषण प्राप्त गरिएको थियो । विभिन्न स्थानीय तह, प्रदेश सरकारका निकायहरू, केही विद्यालयहरूसँग अन्तरक्रिया गरी सुझाबहरू लिइएको थियो । यस क्रममा सातओटै प्रदेश र केही स्थानीय तहले शिक्षाका लागि रणनीतिक योजना निर्माणको अभ्यास गरेका थिए । ती अभ्यासमा मन्त्रलय तथा विभागीय निकाय सहभागी भई त्यसका सिकाइलाई यो योजना विकासका प्रक्रियामा समावेश गरिएको थियो। यो योजना तयारीका विभिन्न चरणमा विकास साझेदारहरूको सहयोग तथा सहभागिता निरन्तर रहेको थियो ।

### १.४ योजना निर्माणमा बिभिन्न स्रोत/ सामग्रीको अध्ययन तथा समीक्षाहरू

योजनाको तयारीका लागि निम्नअनुसारका अध्ययन तथा समीक्षाहरू भएका थिए:

क) विभिन्न विषयमा सन् २०२० मा गरिएका नौ ओटा अध्ययनहरूले शिक्षा क्षेत्रको विश्लेषणका लागि आधार तयार गरेका थिए । यी अध्ययनहरू शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको समन्वयमा विभिन्न विकास साझेदारहरूको सहयोगमा गरिएका थिए । ती अध्ययनहरू निम्निअनुसार रहेका छन ।

- The institutional and context study
- The gender equality and social inclusion -GESI_ study
- The education external efficiency analysis
- The social impact of education study
- The positive deviance study
- The disability–inclusive education study
- The vulnerability and risk study
- The economic and public finance analysis study
- The Systems Approach for Better Education Results (SABER) study on School Feeding

उल्लिखित नौ ओटा अध्ययनका आधारमा स्थानीय शिक्षा समूहका तर्फबाट शिक्षा क्षेत्रको अवस्थाको विश्लेषण प्रतिवेदन तयार गरेको थियो । यसले शिक्षा क्षेत्रको योजना निर्माणका लागि एउटा महत्वपूर्ण सन्दर्भका रूपमा काम गरेको छ ।

ख) यो योजना तयारीका क्रममा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले ७ देखि १० जनासम्मको बाह्रओटा विषयतगत समूह गठन गरी ती समूहले अलग अलग प्रतिवेदन तयार गरेका थिए । बाह्रओटा विषयतगत समूहले निम्नलिखित विषयमा अध्ययन प्रतिवेदनहरू (Thematic study papers) तयार गरेका थिए:

- बालविकास र शिक्षा
- आधारभूत शिक्षा
- माध्यमिक शिक्षा
- पाठ्यक्रम तथा मूल्याङ्कन

- शिक्षक व्यस्थापन तथा विकास
- अनौपचारिक शिक्षा तथा आजीवन सिकाइ
- समता र समावेशीकरण
- दिवा खाजा, स्वास्थ्य तथा पोषण, छात्रवृत्ति, विद्यार्थी परामर्शलगायतका विद्यार्थी सहायता सेवाहरू
- आपतकालीन तथा संकटपूर्ण अवस्थामा शिक्षा
- शिक्षामा सूचना र प्रविधि
- सुशासन तथा व्यवस्थापन
- अनुगमन तथा मूल्याङ्कन

| | | पहिलो | दोस्रो | तेस्रो | चौथो | पाँचौ | | |
| विद्यालय नक्साङ्कन, पुनर्वितरण र समायोजन | वटा | १ | २ | ३ | १ | १ | ८ | |
| आधारभूत तहमा शिक्षक दरबन्दी मिलान | जना | ५ | ७ | १० | १० | १० | ४२ | |
| विद्यालय कर्मचारीको पारिश्रमिक व्यवस्थापन | जना | ५३ | ५३ | ५३ | ५३ | ५३ | ५३ | ५३ |
| शिक्षक तथा कर्मचारीलाई आइसिटी तालिम तथा ल्यापटपको व्यवस्था | जना | १० | १० | १० | १० | १० | ५० | १०० |
| आधारभूत तहमा विद्यार्थी भर्ना अभियान विद्यालयमा भौतिक पूर्वाधार विकास कार्यक्रम | वटा | १ | १ | १ | १ | १ | ५ | १० |
| अभिभावक शिक्षा कार्यक्रम सञ्चालन | वटा | १५ | २० | ३० | ३५ | ४० | ( | ४० |
| विद्यालयको कार्यसम्पादन परीक्षण | पटक | ९ | १६ | २८ | ३० | ४० | | |
| विद्यार्थी सिकाइ उपलब्धि लेखाजोखा | पटक | १ | १ | १ | १ | १ | | |
| स्थानीय पाठ्यक्रम निर्माण, प्रबोधीकरण र कार्यान्वयन | पटक | १ | | | १ | १ | | |
| प्रकोप, सङ्कट, महामारी, नैतिक शिक्षा र अनुशासन सम्बन्धी तालिम | वटा | ५ | ९ | १० | १२ | १५ | | |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| विद्यालयमा स्वास्थ्य तथा पोषण, दिवा खाजाको प्रबन्ध | विद्यालय | ४३ | ४३ | ४३ | ४३ | ४३ | ४३ | ४३ |
| छात्रवृत्ति, निःशुल्क पाठ्यपुस्तक वितरण र शैक्षिक सामग्री वितरण | विद्यालय | ४३ | ४३ | ४३ | ४३ | ४३ | ४३ | ४३ |
| कक्षा ५ र ८ मा स्तरीकृत परीक्षा सञ्चालन र व्यवस्थापन | पटक | १ | १ | १ | १ | १ | १ | |
| वि.व्य.स., शि.अ.सं लगायतको क्षमता अभिवृद्धि कार्यक्रम | जना | २० | २० | ३० | ३० | ३० | १२० | ३६० |
| यातायातको साधन प्रयोग गरी विद्यार्थीहरुलाई विद्यालयमा ल्याउने (मर्जको अवस्था ) | ० | ० | ० | ० | ० | ० | ० | ० |
| विद्यालय अनुगमन, मूल्याङ्कन, पृष्ठपोषण | वटा | १५ | २० | ३० | ४० | ४३ | ४३ | ४३ |

| आधारभूत तहका लागि प्रस्तावित कार्यक्रमहरू (Proposed Activities for Basic Level) | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | लगानीको अनुमान (Cost Estimates (in '000s) | | | | | Existing unit cost | Proposed unit cost |
| प्रस्तावित कार्यक्रमहरु | २०२४/२५ | २०२५/२६ | २०२६/२७ | २०२७/२८ | २०२८/२९ | | |
| | ८१/८२ | ८२/८३ | ८३/८४ | ८४/८५ | ८५/८६ | | |
| सामुदायिक आधारभूत बिद्यालयमा (कक्षा १-५) स्वीकृत र राहत दरबन्दीमा कार्यरत शिक्षकका लागि तलब भत्ता (दुर्गम भत्ता सहित) | 69,512.1 | 69,512.1 | 80,730.0 | 80,730.0 | 80,730.0 | | ५८५ |
| सामुदायिक आधारभूत बिद्यालयमा (कक्षा ६-८) स्वीकृत र राहत दरबन्दीमा कार्यरत शिक्षकका लागि तलब भत्ता (दुर्गम भत्ता सहित) | 19,491.3 | 19,491.3 | 21,216.0 | 21,216.0 | 21,216.0 | | ६२४ |
| आधारभूत तह ६-८ कालागि थप ..........वटा नयाँ शिक्षक दरबन्दी सिर्जना गर्ने वा सो बराबरको शिक्षण सिकाई बजेट अनुदान प्रदान गर्ने | (10,892.2) | (12,612.0) | (13,104.0) | (14,352.0) | (14,352.0) | | ६२४ |
| सामुदायिक आधारभुत तह (कक्षा १-८) बिद्यालयहरुमा कार्यरत कर्मचारी र साहयक कर्मचारीहरूका लागि तलब भत्ता (पोशाक भत्ता सहित) | 3,990.0 | 3,990.0 | 3,990.0 | 3,990.0 | 3,990.0 | | ११४ |
| सामुदायिक आधारभुत तह (कक्षा १-५) बिद्यालयहरुका लागि व्यवस्थापन/सन्चालन खर्च (शिक्षण सिकाई समाग्री, कम्तिमा १ सेट पाठ्यक्रम, शिक्षक निर्देशिका र Book corner समेतका लागि) | 4,200.0 | 4,200.0 | 4,200.0 | 4,200.0 | 4,200.0 | | १५० |
| सामुदायिक आधारभुत तह (कक्षा १-८) बिद्यालयहरुका लागि व्यवस्थापन/सन्चालन खर्च (शिक्षण सिकाई समाग्री, कम्तिमा १ सेट पाठ्यक्रम, शिक्षक निर्देशिका र Book corner समेतका लागि) | 1,400.0 | 1,400.0 | 1,400.0 | 1,400.0 | 1,400.0 | | २०० |
| आधारभूत तह (कक्षा १-८) का लागि प्र.अ.भत्ता | 252.0 | 252.0 | 252.0 | 252.0 | 252.0 | | ७.२ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| आधारभूत बिद्यालय (कक्षा १-८) का लागि सन्चालन र व्यवस्थापन बापत एकमुष्ठ अनुदान (SIP निर्माण/अद्यावधिक, SMC का सदस्यहरूको क्षमता विकास, अभिभावक शिक्षा, अतिरिक्त क्रियाकलाप, सामाजिक परीक्षण, EMIS व्यवस्थापन, School report card विकास र प्रयोग, School bulletin प्रकाशन, आदिका लागि) | 1,750.0 | 1,750.0 | 1,750.0 | 1,750.0 | 1,750.0 | | ५० |
| आधारभूत तह (कक्षा १-५) सन्चालित परम्परागत धार्मिक बिध्यालयहरु: गुरुकुल/आश्रम, गुम्बा र मदरसाका लागि बजेट अनुदान | 400.0 | 400.0 | 500.0 | 600.0 | 700.0 | | ५०० |
| बहुभाषिक कार्यक्रम (ML program) सन्चालन भएका बिद्यालयका लागि सन्चालन अनुदान | - | - | - | - | - | | १०० |
| पालिका तहको स्वास्थ्य केन्द्रहरूसँगको समन्वयमा बिद्यालय स्वस्थ्य कार्यक्रम सन्चालन अनुदान | | | | | | | |
| आधारभूत तह (कक्षा १-५) का लागि पाठ्यपुस्तक खरिब र बितरण अनुदान | 497.7 | 383.2 | 472.4 | 396.8 | 479.8 | | ०.४४ |
| आधारभूत तह (कक्षा ६-८) का लागि पाठ्यपुस्तक खरिब र बितरण अनुदान | 647.4 | 532.0 | 550.6 | 500.7 | 505.6 | | ०.९८ |
| कर्णाली क्षेत्रका ५ जिल्लाका आधारभूत तह (कक्षा १-५) का बालबालिकाका लागि दिवा खाजा व्यवस्थापन र सन्चालन अनुदान | 503.0 | 387.3 | 477.4 | 401.0 | 484.9 | | ४.४२ |
| कर्णाली कर्णाली बाहेक अन्य क्षेत्रका जिल्लाका आधारभूत तह (कक्षा १-५) का बालबालिकाका लागि दिवा खाजा व्यवस्थापन र सन्चालन अनुदान | 3,321.3 | 2,557.3 | 3,152.2 | 2,647.7 | 3,201.8 | | ३.२४ |
| आधारभूत तहमा अध्ययनरत बिद्यार्थीमध्ये करिब २०% बिद्यार्थीलाई मागमा आधारित साधारण छात्रवृत्ति (सबै कर्णाली क्षेत्रका बिध्यार्थीलाई समेत) बापतको बजेट अनुदान | 720.0 | 568.0 | 658.0 | 568.0 | 646.0 | | २ |
| आवासीय सुबिधा प्राप्त गर्ने बाहेकका बिभिन्न अपाङ्गता भएका बिद्यार्थीहरुलाई थप सुबिधा बापतको बजेट अनुदान | 113.4 | 222.6 | 151.2 | 172.2 | 29.4 | | ६ |
| आवासीय सुबिधा सहितको छात्रवृत्ति बापतको बजेट अनुदान | - | - | - | - | - | | ५० |
| कक्षा ६-८ का छात्राहरूलाई Sanitary Pad बितरण बापतको बजेट अनुदान | 407.7 | 336.2 | 349.7 | 320.0 | 324.0 | | १.३५ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| बिद्यालयहरुमा ICT lab स्थापना र ICT learning materials व्यवस्थापन बापतको बजेट अनुदान | 4,900.0 | 4,900.0 | 4,900.0 | 4,900.0 | 4,900.0 | | ७०० |
| समता रणनिति कार्यन्वयन गरी सोका आधारमा लक्षित स्थानीय तहहरूमा बिद्यालय बाहिर रहेका बालबालिकाहरुलाई बिद्यालय शिक्षामा ल्याई उनीहरूको शिक्षालाई निरन्तरता दिन पालिकाहरुलाई बजेट अनुदान | 25.0 | 28.0 | 31.0 | 29.0 | 27.5 | | ०.५ |
| शुन्य दरबन्दी भएका बिद्यालयहरूलाई एकमुष्ठ बजेट अनुदान | ८००.० | १,२००.० | १,६००.० | २,०००.० | २,४००.० | | १००० |
| SMCs र PTAs को क्षमता अभिबृद्दी र अभिभावकहरूलाई सचेतना कार्यक्रम | - | - | - | - | - | | ०.५ |
| आधारभूत तहको अन्तिम परीक्षा (कक्षा ८) व्यवस्थापन र सन्चालन बापत स्थानीय तहलाई बजेट अनुदान | ५८.५ | ४७.८ | ४९.३ | ४९.० | ५४.३ | | ०.२५ |
| **आधारभूत तहको जम्मा बजेट (लाखमा)** | १०२.१० | ९९.५५ | ११३.३३ | १११.७७ | ११२.९४ | | |

## ३.३ माध्यमिक शिक्षा

### परिचय

नेपालको संविधानले माध्यमिक शिक्षा निःशुल्क प्राप्त गर्ने हक प्रत्याभूत गरेको छ। नेपालको संविधानले माध्यमिक विद्यालय तहको शिक्षालाई स्थानीय तहका अधिकार क्षेत्रभित्र रहने व्यवस्था गरेको छ। माध्यमिक तहको शिक्षा कामको संसारमा प्रवेश गर्न सक्ने सिप सहितको नागरिक विकास तथा उच्च शिक्षाका लागि तयारीको आधार हो। राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ ले विद्यालय शिक्षालाई आधारभूत तह र माध्यमिक तह गरी विभाजन गरेको छ। यसले प्रारम्भिक बालकक्षा देखि कक्षा ८ सम्मलाई आधारभूत शिक्षा र ९-१२ लाई माध्यमिक शिक्षा हुने गरी पाठ्यक्रम तयार गरेको छ। राष्ट्रिय शिक्षा नीति २०७६ ले गुणस्तरीय माध्यमिक शिक्षामा सबैको पहुँच निःशुल्क हुने व्यवस्था उल्लेख गरेको छ। विज्ञान प्रविधि तथा नवप्रवर्तन नीति २०७६ ले विद्यालय तहदेखि परम्परागत मौलिक ज्ञान प्रविधि तथा सीपको बारेमा अध्ययन गरी वैज्ञानिक चिन्तन तथा सिर्जनशील अभिबृद्धि गर्ने रणनीति लिएको छ। वर्तमान व्यवस्था अनुसार माध्यमिक तहमा साधारण र प्राविधिक गरी २ धारमा शिक्षालाई व्यवस्थापन गरेको छ। प्राविधिक धारका विद्यालयहरू कक्षा ९ देखि सञ्चालन हुने नीतिगत व्यवस्था छ। संविधानले प्रदत्त गरेको शिक्षाका अधिकारलाई सुनिश्चित गर्न स्थानीय तहले शैक्षिक नीति तथा योजना निर्माण गर्न अपरिहार्य भएको छ।

**क) वर्तमान अवस्था**

गाउँपालिकाभित्र जम्मा ९ वटा माध्यमिक विद्यालयहरू सञ्चालनमा रहेका छन्। यी मध्ये सामुदायिक विद्यालय अन्तरगत ३ वटा कक्षा १० सम्म पठनपाठन हुने विद्यालय रहेका छन्भने बाँकी ६ वटामा कक्षा १२ सम्म पठनपाठन हुन्छ। प्राविधिक धार तर्फ १ विद्यालयमा बाली विज्ञान पढाइ हुँदै आएको छ। गाउँपालिका भित्रको तथा आसपासका गाउँपालिकाका विद्यार्थीहरु पठनपाठनको लागि यहाँका विद्यालयहरुमा आउने गर्दछन्। माध्यमिक तहमा अध्ययनरत विद्यार्थीहरुको संख्या ७६० जना रहेका छन्। माध्यमिक तह ९ देखि १२ को खुद भर्नादर ३५% रहेको छ। माध्यमिक तहमा ५३ जना शिक्षक दरबन्दी रहेका छन्। माध्यमिक तहमा औषत सिकाइ उपलब्धि ५७.५% रहेको छ।

***ख) उद्देश्यहरू***

१. माध्यमिक तहको शिक्षामा सबै बालबालिकाहरुको समतामूलक पहुँच र सहभागिता सुनिश्चित गर्नु,
२. माध्यमिक शिक्षा पूरा गरेका सबै बालबालिकाहरूमा न्यूनतम सिकाइ उपलब्धि हासिल हुने अवस्था सुनिश्चित गर्नु, कालिगण्डकी गाउँपालिकाको पाँच वर्षे शिक्षा योजना
३. माध्यमिक विद्यालयहरूको भौ**तिक** तथा शैक्षिक वातावरण बालमैत्री, समावेशी र सुरक्षित बनाउनु,

***ग) रणनीतिहरू***

१. विद्यालयहरूका वास्तविक अवस्था र नक्शाङ्कन गरी सबै बालबालिकाको पहुँच सुनिश्चित गर्न विद्यालयको पुनर्वितरण तथा समायोजन गर्ने,
२. सङ्घीय र प्रादेशिक सरकारसँग सहयोग, समन्वय र सहकार्य गरी माध्यमिक विद्यालयको क्षमता विकास गर्ने,
३. अति गरिब र विपन्न विद्यार्थीहरुको लागि प्रोत्साहनमूलक कार्यक्रमहरुको व्यवस्था गर्ने,
४. सङ्घीय र प्रादेशिक सरकारसँग सहयोग, समन्वय र सहकार्य गरी शिक्षकहरूलाई पेशागत र पुनर्ताजगी तालिमको व्यवस्था गर्ने ,
५. विद्यालयहरूको सूचना प्रविधिको विस्तार गरी शिक्षणलाई सहयोग गर्ने,
६. दरबन्दी र सिकाइ उपलब्धि कम भएका विद्यालयहरुमा अतिरिक्त कक्षा सञ्चालन गर्ने,
७. जीवन उपयोगी सिकाइसँग जोडेर विद्यार्थी मूल्याङ्कन प्रणालीको व्यवस्थापन गर्ने,
८. सबै माध्यमिक विद्यालयमा न्यूनतम सिकाइ वातावरण सुनिश्चित गर्ने,
९. माध्यमिक तहमा दक्ष विषय शिक्षकको व्यवस्था गर्ने,
१०. गणित, विज्ञान र अङ्ग्रेजी विषयहरूलाई दैनिक जीवनसँग जोडेर विद्यार्थी, अभिभावक र शिक्षकमा सहज

अनुभूति हुने गरी वातावरण तयार गर्ने,

११. सूचना प्रविधिको अधिकतम उपयोग गर्दै स्टिम (STEM) का अवधारणा अनुसार शिक्षण क्रियाकलाप सञ्चालन गर्ने,

१२. सक्षम र नेतृत्वदायी प्रधानाध्यापकको व्यवस्था गर्ने,

१३. आपतकालीन परिस्थितिमा शिक्षण कार्य सञ्चालनका लागि विद्यार्थी, शिक्षक र अभिभावकको क्षमताको विकास गर्ने,

१४. सङ्घीय र प्रादेशिक सरकारको सहयोगमा विद्यालय कर्मचारीको दरबन्दी सिर्जना गर्ने,

१५. विद्यार्थीको अतिरिक्त तथा सहक्रियाकलाप (संगीत, नृत्य, गायन, खेलकुद आदि) को स्तरोन्नति गर्न शिक्षक व्यवस्थापन गर्ने,

१६. विद्यालय अनुगमन, कक्षा अवलोकन, सुपरीवेक्षण र शिक्षक सहायता जस्ता कार्यलाई प्रभावकारी बनाउने,

१७. विद्यालय सुधार योजना, शैक्षणिक योजना, वार्षिक कार्यतालिका निर्माण र प्रयोग जस्ता विषयमा क्षमता अभिबृद्धि गरी शिक्षकका कार्य सम्पादन, कार्यको प्रभावकारिता र जवाफदेहितामा बृद्धि गर्ने,

१८. हाल सञ्चालनमा रहेको प्राविधिक धारका विद्यालयहरूको उचित व्यवस्थापन गर्दै आवश्यकता आधारमा स्थान अनुसार थप विद्यालय स्थापनामा जोड दिने,

१९. विद्यालयमा विद्यार्थीको नियमित स्वास्थ्य परीक्षणको साथ जङ्क फुड (पत्रु खाना) को प्रयोगलाई निषेध गरी स्थानीय अर्गानिक खाद्य पदार्थको प्रयोग गरी विद्यार्थीका पोषण तथा स्वास्थ्यमा गुणात्मक सुधार गरी व्यवहारमा परिवर्तन गर्ने

### *३.३.१ उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य*

**क) उपलब्धि**

१. माध्यमिक तहको शिक्षामा सबै बालबालिकाहरुको समतामूलक पहुँच र सहभागिता सुनिश्चित भएको हुनेछ ।

२. माध्यमिक शिक्षा पूरा गरेको सबै बालबालिकाहरूमा न्यूनतम सिकाइ उपलब्धि हासिल गरेका हुनेछन् ।

३. माध्यमिक विद्यालयहरूको भौतिक तथा शैक्षिक वातावरण बालमैत्री, समावेशी र सुरक्षित भएको हुनेछ ।

**ख) नतिजा**

१. माध्यमिक तहको (९-१२) को खुद भर्नादर ६० प्रतिशत पुगेको हुनेछ ।

२. माध्यमिक तहको औषत सिकाइ उपलब्धि ६०.५ प्रतिशत पुगेको हुनेछ ।

३. सुरक्षित र बालमैत्री कक्षाकोठाको निर्माण भएको हुनेछ ।

४. माध्यमिक तहमा कक्षागत र विषयगत शिक्षकको व्यवस्थापन भएको हुनेछ ।

**ग) प्रमुख क्रियाकलाप तथा लक्ष्य**

माध्यमिक शिक्षाको प्रमुख क्रियाकलापहरू तथा लक्ष्य

| सिन | सूचक | आधार वर्ष (२०८१/८२) | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|
| १ | माध्यमिक तह(कक्षा ९-१०) मा भर्ना भएका विद्यार्थी सँख्या | ४७७ | ४८८ | | | |
| २ | माध्यमिक तह(कक्षा ११-१२) मा भर्ना भएका विद्यार्थी सँख्या | २८३ | २९२ | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ३ | विज्ञान विषयमा अध्ययनरत विद्यार्थी सँख्या | ० | ० | ० | ० | ० |

## प्रमुख क्रियाकलाप र लक्ष्य

| क्र:सं. | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| 1 | विद्यालय नक्शाङ्कन, पुनर्वितरण तथा समायोजन | वटा | 43 | | | | | 43 | 43 | |
| २ | मापदण्ड अनुसार शिक्षक व्यवस्थापन | जना | 15 | 20 | 25 | 30 | 35 | 35 | 40 | |
| ३ | विद्यालयको न्यूनतम भौतिक पुर्वाधार विकास | वटा | 1 | 1 | 1 | 1 | 1 | 5 | 5 | |
| ४ | शिक्षक क्षमता विकास | जना | 30 | 30 | 30 | 30 | 30 | 150 | 150 | |
| ५ | विद्यालय कर्मचारीको पारिश्रमिक व्यवस्थापन | जना | 53 | 53 | 53 | 53 | 53 | 53 | 53 | |
| ६ | शिक्षक कर्मचारीलाई आइसिटी तालिम तथा ल्यापटपको व्यवस्था | जना | 20 | 20 | 20 | 20 | 20 | 100 | 200 | |
| ७ | प्र.अ. तथा शिक्षक पेशागत तालिम | जना | 5 | 5 | 5 | 5 | 5 | 25 | 43 | |
| ८ | विद्यालयको कार्यसम्पादन परीक्षण | वटा | 9 | 16 | 25 | 28 | 30 | | | |
| ९ | विद्यार्थी सिकाइ उपलब्धि लेखाजोखा | पटक | 1 | 1 | 1 | 1 | 1 | | 1 | |
| १० | बाल क्लव, जु.रे.स, स्काउट आदिको गठन | पटक | 1 | 1 | 1 | 1 | 1 | | 1 | |
| ११ | उत्कृष्ट शिक्षक, विद्यार्थी, कर्मचारी, वि.व्य.स. पदाधिकारी सम्मान तथा पुरस्कारको व्यवस्था गर्ने | जना | 4 | 8 | 8 | 8 | 8 | 36 | 72 | |
| १२ | प्रकोप, सङ्कट, दुर्घटना, माहामारी, नैतिक शिक्षा र अनुशासन सम्बन्धी तालिम | जना | 15 | 15 | 15 | 15 | 15 | 75 | 150 | |
| १३ | विद्यालयमा स्वास्थ्य तथा | वटा | 5 | 10 | 15 | 20 | 25 | 25 | 40 | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | पोषण कार्यक्रम सञ्चालन | | | | | | | | | |
| १४ | छात्रवृत्ति, नि:शुल्क पाठ्यपुस्तक वितरण र शैक्षिक सामग्री वितरण | जना | 90 | 100 | 100 | 100 | 150 | 540 | 850 | |
| १५ | माध्यमिक शिक्षा परीक्षा व्यवस्थापन सहयोग | जना | 9 | 9 | 9 | 9 | 9 | 9 | 9 | |
| १६ | वि.व्य. स., शि. अ. संघ लगायतको क्षमता अभिबृद्धि कार्यक्रम | जना | 20 | 25 | 30 | 35 | 40 | 150 | 200 | |
| १७ | अभिभावक शिक्षा कार्यक्रम | जना | 50 | 50 | 50 | 50 | 50 | 250 | 500 | |
| १८ | यातायातको साधन प्रयोग गरी विद्यार्थीहरुलाई विद्यालयमा ल्याउने (मर्जको अवस्था) | 00 | 0 | 0 | 0 | 0 | | | | |
| १९ | विद्यालय अनुगमन,मूल्याङ्कन, पृष्ठपोषण | वटा | 3 | 3 | 3 | 3 | 3 | | 3 पटक प्रति विद्यालय | |
| २० | बार्षिक परीक्षा सञ्चालन | पटक | 1 | 1 | 1 | 1 | 1 | | | |
| २१ | शिक्षासग सिप कार्यक्रम | | 1 | 2 | 3 | 4 | 5 | 14 | | |
| २२ | विद्यालय सहयोग कार्यक्रम | | | | | | | | | |
| २३ | सुचना र व्रोसर प्रकाशन | | | | | | | | | |
| २४ | स्थानीय पाठ्यक्रम र स्रेत पुस्तक वितरण | पटक | 1 | 1 | 1 | 1 | 1 | | 1 प्रति प्रति विद्यालय | |
| २५ | नियमित प्र अ बैठक | जना | 10 | 10 | 10 | 10 | 10 | | | |
| २६ | लेखा तालिम | जना | 10 | 16 | 25 | 25 | 25 | 5 | | |

| माध्यमिक तहका लागि प्रस्तावित कार्यक्रमहरू (Proposed Activities for Secondary Level) | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | लगानीको अनुमान (Cost Estimates (in '000s) | | | | | Existing unit cost | Proposed unit cost | बार्षिक भौतिक लक्ष्य (Yearly Physical Target) | | | | |
| प्रस्तावित कार्यक्रमहरु | २०२४/ २५ | २०२५/ २६ | २०२६/ २७ | २०२७/ २८ | २०२८/ २९ | | | २०२४/ २५ | २०२५/ २६ | २०२६/ २७ | २०२७/ २८ | २०२८/ २९ |
| | ८१/८२ | ८२/८३ | ८३/८४ | ८४/८५ | ८५/८६ | | | ८१/८२ | ८२/८३ | ८३/८४ | ८४/८५ | ८५/८६ |
| माध्यमिक तहसम्म संचलित बिद्यालयहरूको सङ्ख्या | ९ | ९ | ९ | ९ | ९ | | | ९ | ९ | ९ | ९ | ९ |
| सबै प्रकार र तहका बिद्यालय नक्शांकन, समायोजन र पुनरवितरण कार्यक्रम सन्चालन | ८०० | – | ८०० | – | ८०० | | ४०० | २ | | २ | | २ |
| सामुदायिक माध्यमिक बिद्यालयमा (कक्षा ९-१२) स्वीकृत र राहत दरबन्दीमा कार्यरत शिक्षकका लागि तलब भत्ता (दुर्गम भत्ता सहित) | ३७,०४४ | ३७,०४४ | ३७,०४४ | ३७,०४४ | ३७,०४४ | | ७५६ | ४९ | ४९ | ४९ | ४९ | ४९ |
| माध्यमिक तह (कक्षा ९-१२) का लागि प्र.अ.भत्ता | ११७ | ११७ | ११७ | ११७ | ११७ | | १३ | ९ | ९ | ९ | ९ | ९ |
| सामुदायिक माध्यमिक तह (कक्षा १-१० र १-१२) बिद्यालयहरुमा कार्यरत कर्मचारी र साहयक कर्मचारीहरूका लागि तलब भत्ता (पोशाक र दुर्गम भत्ता सहित) | १,७१५ | १,७१५ | १,७१५ | १,७१५ | १,७१५ | | १९१ | ९ | ९ | ९ | ९ | ९ |
| सामुदायिक माध्यमिक तह (कक्षा १-१० र १-१२) बिद्यालयहरुमा कार्यरत लेखा र प्रशासनिक कर्मचारीहरूका लागि तलब भत्ता (पोशाक र दुर्गम भत्ता सहित) | ३,४३४ | ३,४३४ | ३,४३४ | ३,४३४ | ३,४३४ | | ३८२ | ९ | ९ | ९ | ९ | ९ |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| माध्यमिक बिद्यालय (कक्षा १-१२) का लागि सन्चालन र व्यवस्थापन बापत एकमुष्ठ अनुदान (SIP निर्माण/अद्यावधिक, शिक्षण सिकाई सामग्री, कम्तिमा १/१ सेट पाठ्यक्रम र शिक्षक निर्देशिका, Book Corner, इन्टरनेट सुबिधा, सुद्ध पिउने पानी, बिद्धुत महशुल, आदि) | ४,५०० | ४,५०० | ४,५०० | ४,५०० | ४,५०० | | ५०० | ९ | ९ | ९ | ९ | ९ |
| माद्यमिक बिद्यालय (कक्षा १-१२) का लागि एकमुष्ठ अनुदान (SIP निर्माण/अद्यावधिक, SMC का सदस्यहरूको क्षमता विकास, अभिभावक शिक्षा, अतिरिक्त क्रियाकलाप, सामाजिक परीक्षण, EMIS व्यवस्थापन, School report card विकास र प्रयोग, School bulletin प्रकाशन, आदिका लागि) | ६३० | ६३० | ६३० | ६३० | ६३० | | ७० | ९ | ९ | ९ | ९ | ९ |
| माध्यमिक बिद्यालय (कक्षा १-१०) सन्चालित परम्परागत धार्मिक बिध्यालयहरु: गुरुकुल/आश्रम, गुम्बा र मदरसाका लागि बजेट अनुदान | - | - | - | - | - | | १२०० | ० | ० | ० | ० | ० |
| माध्यमिक तह (कक्षा ९-१०) का लागि पाठ्यपुस्तक खरिब र बितरण अनुदान | ३७९ | ३७९ | ३७९ | ३७९ | ३७९ | | ०.८ | ४७७ | ४७७ | ४७७ | ४७७ | ४७७ |
| माध्यमिक तह (कक्षा ११-१२) का लागि पाठ्यपुस्तक खरिब र बितरण अनुदान (पाठ्यपुस्तकको सङ्ख्या पाठ्यक्रम ढाँचाले तोके अनुसार हुने) | २८० | २८० | २८० | २८० | २८० | | १ | २८३ | २८३ | २८३ | २८३ | २८३ |
| माध्यमिक तहका बिद्यार्थीहरूमध्ये (कक्षा ९-१०) अतिबिपन्न छात्रवृत्ति (Pro-poor targeted | ३१५ | ३७२ | ४०१ | ४२९ | ४५८ | | ६ | ५२ | ६२ | ६७ | ७२ | ७६ |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| Scholarship) का लागि छनौट भएका बिद्यार्थीहरूलाई छात्रवृत्ति वितरण | | | | | | | | | | | | |
| माध्यमिक तहका बिद्यार्थीहरूमध्ये (कक्षा ११-१२) अतिबिपन्न छात्रवृत्ति (Pro-poor targeted Scholarship) का लागि छनौट भएका बिद्यार्थीहरूलाई छात्रवृत्ति वितरण | ३४० | ३६८ | ३९६ | ४२५ | ४५३ | | १० | ३४ | ३७ | ४० | ४२ | ४५ |
| कक्षा ९-१२ का छात्राहरूलाई Sanitary Pad बितरण बापतको बजेट अनुदान | ३३१ | ३४७ | ३२१ | ३१९ | ३६६ | | १.४ | २४५ | २५७ | २३८ | २३७ | २७१ |
| माध्यमिक बिद्यालय तहमा पुस्तकालय स्थापना र सन्चालन बजेट अनुदान | ३१५ | ४४१ | ५६७ | ६३० | ६९३ | | ७०० | ० | १ | १ | १ | १ |
| माध्यमिक बिद्यालय तहमा बिज्ञान प्रयोगशाला स्थापना र सन्चालन बजेट अनुदान | ३१५ | ४४१ | ५६७ | ६३० | ६९३ | | ७०० | ० | १ | १ | १ | १ |
| ध्यमिक बिद्यालय तहमा ICT प्रयोगशाला स्थापना, सिकाई सामग्री र सन्चालन बजेट अनुदान | ३१५ | ४४१ | ५६७ | ६३० | ६९३ | | ७०० | ० | १ | १ | १ | १ |
| नमूना बिद्यालय कार्यक्रम छनौटमा परेका माध्यमिक बिद्यालयमा भौतिक विकास कार्यक्रम बजेट अनुदान | - | - | - | - | - | | ५००० | ० | ० | ० | ० | ० |
| नमूना बिद्यालय कार्यक्रम छनौटमा परेका माध्यमिक बिद्यालयमा Master Plan कार्यान्वयन (पुस्तकालय व्यवस्थापन, ICT र बिज्ञान प्रयोगशाला, समाग्री र किट्सहरू, आदि) का लागि बजेट अनुदान | - | - | - | - | - | | १६६७ | ० | ० | ० | ० | ० |
| प्र.अ.हरूकालागि कार्य सम्पन्नका आधारमा प्रोत्साहन र नमूना बिद्यालय कार्यक्रम सन्चालन भएका बिद्यालयमा कार्य | १५० | १५० | १५० | १५० | १५० | | १५ | १० | १० | १० | १० | १० |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| सम्पन्नका आधारमा नियुक्त भएका शिक्षकहरुका लागि प्रोत्साहन बजेट अनुदान | | | | | | | | | | | |
| सबै प्रकारका छात्रबास सन्चालन बापत बजेट अनुदान | - | - | - | - | - | | २८८ | ० | ० | ० | ० | ० |
| कक्षा ९-१२ मा प्राबिधिक धार सन्चालन भएका बिद्यालयमा कार्यरत शिक्षक, प्रशिक र सहायक प्रशिकका लागि तलब र भत्ता बापतको बजेट अनुदान | - | - | - | - | - | | ७५६ | ० | ० | ० | ० | ० |
| कक्षा ९-१२ मा प्राबिधिक धार सन्चालन भएका बिद्यालयमा प्रति बिद्यार्थी सिकाई सामग्री, प्रयोगशाला सहयोग, औजार/सामग्री, प्रयोगात्मक सामग्री, OJT र सन्चालन खर्च बापतको बजेट अनुदान | ८२५ | ८२५ | ८२५ | ८२५ | ८२५ | | १५ | ५५ | ५५ | ५५ | ५५ | ५५ |
| कक्षा ९-१२ मा प्राबिधिक धार सन्चालन भएका बिद्यालयमा प्रयोगशाला स्थापना, औजार/सामग्री खरिद र व्यवस्थापन बापतको बजेट अनुदान | ६०० | ६०० | ६०० | ६०० | ६०० | | ३०० | २ | २ | २ | २ | २ |
| **माध्यमिक तहको जम्मा बजेट (लाखमा)** | **५२** | **५२** | **५३** | **५३** | **५४** | | | | | | | |

## ३.४ अनौपचारिक शिक्षा

### परिचय

औपचारिक पद्धतिभन्दा बाहिर फरक समयमा विभिन्न उमेर समूहमा दिइने शिक्षा नै अनौपचारिक शिक्षा हो । यो एउटा निरन्तर प्रक्रिया जस्तो पनि हो । औपचारिक शिक्षा प्रणालीको संरचना भन्दा बाहिर मानवजीवनका लागि आवश्यक ज्ञान, सीप र प्रक्रिया प्रशोधन गर्न जीवनपर्यन्त अर्थात आजीवन सिकाइ प्रणाली अनौपचारिक शिक्षा हो । अनौपचारिक शिक्षा त्यस्तो सांस्कृतिक केन्द्र हो जहाँ सहभागीहरू आफ्ना जीवनमा आइपर्ने समस्याहरूको बारेमा छलफल र समाधानका उपायहरू खोजी निर्णय कार्यान्वयन गर्दैछन् । आफ्नो जीवनको इतिहास आफै लेख्छन् । तसर्थ सिकाइ जीवन पद्धतिसँग जोडिएको हुनेछ । अनौपचारिक एवम् आजीवन शिक्षाले समाजमा विद्यमान विभिन्न किसिमका समूहका लागि आफ्ना लक्ष्य बनाई सेवा प्रदान गर्दछ । निरक्षरका लागि साक्षरता साक्षरका लागि साक्षरोत्तर सिकाइ अवसरका लागि स्तरबृद्धि शिक्षासँग सीप र आम्दानी जोड्दै शिक्षित समाजको विकासका लागि अनौपचारिक एवम् आजीवन शिक्षाले काम गर्दछ । संविधानले सुनिश्चित गरेको शिक्षा पाउने हक, राष्ट्रिय शिक्षा नीतिका सिद्धान्त, दिगो विकासको लक्ष्यमा समेत नागरिकले शिक्षा पाउने हकको कार्यान्वयन गर्न औपचारिक शिक्षासँग अनौपचारिक शिक्षा प्रणालीले समेत योगदान गर्दछ । विभिन्न सिकाइ अवस्थाको आधारमा थप सिकाइ अवसरको निर्माण गरी आजीवन सिकाइ संस्कृतिको विकास गर्न आवश्यक छ । यसका लागि अनौपचारिक तथा आजीवन सिकाइको पहुँचको विस्तार, गुणस्तर बृद्धि र संस्थागत क्षमताको विकास गर्नु पर्दछ । शिक्षा क्षेत्र योजना २०७९–२०८३ ले अनौपचारिक शिक्षा र आजीवन सिकाइका लागि १० वर्षभित्र निरन्तर सिकाइमा संलग्न समाज एवम् सिकाइ संस्कृतिको प्रवर्द्धन गर्ने तर्फ लैजान्छ । स्थानीय तहको अनौपचारिक शिक्षा र आजीवन सिकाइको वर्तमान अवस्था विश्लेषण धारमा समस्या एवम् चुनौतीहरूको पहिचान गर्दै चुनौतीहरूको सामना गर्न यसका उद्देश्य र नीतिहरू कार्यक्रम कार्यान्वयनबाट प्राप्त हुने प्रमुख नतिजा र प्रमुख क्रियाकलाप तथा लक्ष्यहरू यस खण्डमा समावेश गरिएको छ ।

**वर्तमान अवस्था**

यस कार्यक्रमले निरक्षरहरू विशेषतः १५ देखि ६० वर्ष उमेर समूहका निरक्षरहरूलाई साक्षर बनाउने कार्यमा योगदान गरेको देखिन्छ । यसका लागि गाउँपालिकाहरूमा अनौपचारिक शिक्षा तर्फका विभिन्न कार्यक्रमहरू सञ्चालनमा आएका थिए । यस कार्यक्रमले स्थानीय निकायहरूमा साक्षरताका कक्षा सञ्चालन गरी साक्षर हुनेलाई साक्षरोत्तर कार्यक्रम सञ्चालन गरिएको छ । सामुदायिक सिकाइ केन्द्रहरूले अनौपचारिक शिक्षा तर्फका कार्यक्रम सञ्चालन गर्ने व्यवस्था पनि गरियो तर यो कार्यक्रम जति प्रभावकारी हुन आवश्यक थियो त्यति प्रभावकारी हुन सकेन । गाउँपालिकामा १ वटा सिकाइ केन्द्र सञ्चालनमा रहको छ ।

राष्ट्रिय शिक्षा नीति २०७६ ले नेपाललाई पूर्ण साक्षर मुलुक तुल्याई अनौपचारिक वैकल्पिक परम्परागत र खुला शिक्षाको माध्यमबाट आजीवन सिकाइ संस्कृतिका विकास गर्न, सबै प्रकारका अपाङ्गता भएका व्यक्तिको लागि गुणस्तरीय शिक्षाको पहुँच सुनिश्चित गरी जीवन पर्यन्त शिक्षाका माध्यमबाट मर्यादित जीवनयापन गर्न सक्षम र प्रतिस्पर्धी नागरिक तयार पार्ने निर्धारण गरेको छ । यो कार्यक्रम तीन तहका सरकारको साझा अधिकार सूचीमा रहेकाले प्रदेश तहमा शिक्षा विकास निर्देशनालयले अनौपचारिक तथा जीवनपर्यन्त शिक्षाको कार्यान्वयनमा समन्वय र सहजीकरण गर्दैछ भने स्थानीय तहहरूमा शिक्षा युवा तथा खेलकुद महाशाखा/शाखाहरुले अनौपचारिक तथा जीवनपर्यन्त शिक्षाको योजना निर्माण तथा कार्यान्वयनमा समन्वय र सहजीकरण गर्ने जिम्मेवारी रहेको छ । स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले अनौपचारिक शिक्षा तथा आजीवन सिकाइको जिम्मेवारी स्थानीय तहलाई प्रदान गरेको छ । देश संघीय संरचनामा रुपान्तरण भए पश्चात अनौपचारिक तथा जीवनपर्यन्त सिकाइ व्यवस्थापनको जिम्मेवारी स्थानीय तहमा हस्तान्तरण भएका तर यसका मर्म अनुसार कार्यसम्पादन हुन सकेको देखिदैन । आवधिक रूपमा शैक्षिक सर्वेक्षण गर्ने व्यवस्था गर्न नसकिएकाले गाउँपालिकाको साक्षरता सम्बन्धी तथ्याङ्क अद्यावधिक हुन नसकिरहेको अवस्था छ ।

क) उद्देश्य

१. सबै नागरिकका लागि समावेशी तथा समतामूलक साक्षरता र आजीवन सिकाइका अवसर सुनिश्चित गर्ने
२. सामुदायिक सिकाइ केन्द्र मार्फत समुदायमा विभिन्न सिपमूलक तथा आयमूलक कार्यक्रमहरु सञ्चालन गर्ने

ख) रणनीति

१. सामूदायिक सिकाइ केन्द्रहरूको समायोजन तथा पुनर्वितरण गर्ने ।
२. सामूदायिक सिकाइकेन्द्र, विद्यालय, स्थानीय संघ संस्था, नागरिक समाज, सञ्चार माध्यम, अभिभावक परिचालन गरी साक्षरता तथा साक्षरोत्तर कक्षाहरू सञ्चालन गर्ने।
३. सिकारुका आवश्यकता अनुसार तहगत पाठ्यक्रम, सिकाइ मोडुलहरू र भाषिक विविधता अनुरूपका सामग्रीको प्रयोग गर्ने ।
४. सरोकारवालाहरूसँगको समन्वय, सहकार्य र साझेदारीमा अनौपचारिक प्रौढ विद्यालय, वैकल्पिक, खुला तथा परम्परागत विद्यालयहरूको सुदृढीकरण गर्ने ।
५. बहुउद्देश्यीय संयन्त्रका रूपमा सुदृढीकरण गरी समावेशी एवम् समतामा आधारित आजीवन सिकाइको थलोका रूपमा विकास गर्ने ।
६. सामूदायिक सिकाइ केन्द्र मार्फत विभिन्न आयआर्जन तथा सिपमूलक कार्यक्रमहरु सञ्चालन गर्ने ।
७. अनौपचारिक माध्यमबाट सिकिएका ज्ञान तथा सीपहरुको परीक्षण र प्रमाणीकरण गरी राष्ट्रिय योग्यता प्रारुपले गरेको व्यवस्था बमोजिम प्रमाणपत्रको व्यवस्था मिलाउने ।

**ग) प्रमुख उपलब्धि तथा नतिजा**

सबै नागरिकका लागि साक्षरता, निरन्तर शिक्षा र आजीवन सिकाइका अवसर प्राप्त हुनेछन् ।

| क्रसं | सूचक | आधार वर्ष (२०८१/८२) | २०८१/८२ | २०८२/८३ | २०८३/८४ | २०८४/८५ | २०८५/८६ |
|---|---|---|---|---|---|---|---|
| १ | आधारभूत सुविधा सम्पन्न सामूदायिक सिकाइ केन्द्रको सँख्या | 1 | 1 | 2 | 3 | 5 | 7 |
| २ | सामूदायिक पुस्तकालयको सँख्या | 0 | 1 | 2 | 3 | 6 | 7 |

## घ. प्रमुख क्रियाकलाप र लक्ष्य

| सिन | प्रमुख क्रियाकलापहरू | इ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कै |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | निरक्षरहरूको तथ्याङ्कसंकलन तथा खण्डिकृत डाटा वेस तयारी | जना | ५० | १०० | २०० | ३०० | ५०० | ११५० | | |
| २ | साक्षरता तथा साक्षरोत्तर शिक्षा कार्यक्रम सञ्चालन | कक्षा | १ | २ | ३ | ४ | ५ | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ३ | सामूदायिक सिकाइ केन्द्रको सुदृढीकरण | | | | | | | | | |
| ४ | सामुदायिक सिकाइ केन्द्रहरुको क्षमता अभिवृद्धि | | | | | | | | | |
| ५ | सामुदायिक सिकाई केन्द्रहरुको व्यवस्थापन अनुदान | लाख | २ | ३ | ३ | ३ | ३ | ३ | | |
| ६ | आजीवन सिकाइका कार्यक्रमहरु सामुदायिक सिकाइ केन्द्र मार्फत सञ्चालन | | | | | | | | | |
| ७ | सीप विकास र आयआर्जनमा कार्यक्रम सञ्चालन | | | | | | | | | |
| ८ | सामुदायिक सिकाइ केन्द्र थप | वटा | १ | १ | १ | १ | १ | ५ | | |

## ३.४.१ प्राविधिक तथा व्यवसायिक शिक्षा

**परिचय**

प्राविधिक शिक्षालाई स्थापना नगरी दिइने शिक्षाबाट शिक्षित बेरोजगार मात्र उत्पादन हुनेछन् । त्यसकारण कामसँग शिक्षालाई जोड्ने र दक्ष जनशक्तिलाई राष्ट्रनिर्माणमा प्रयोग गर्न प्राविधिक शिक्षा आवश्यक छ । शिक्षाले विकासलाई निकास दिन सक्नु पर्छ । त्यस्ता परिकल्पना प्राविधिक शिक्षाबाट मात्र सम्भव छ । हाम्रो शिक्षा प्रणालीलाई संरचना रुपमा बदल्न र शिक्षाबाट जीवनयापनमा सहयोग पुऱ्याउने प्राविधिक तथा व्यवसायिक शिक्षाको महत्व झन बढेको पाइन्छ । हाम्रो गाउँपालिकालाई समृद्ध गाउँपालिका बनाउन गाउँपालिकामा उपलब्ध स्रोत साधनलाई अधिकतम उपयोग गर्न सक्ने जनशक्ति उत्पादन गर्न अपरिहार्य हुनेछ । प्राविधिक तथा व्यवसायिक सीप विकास गरी गा.पा. मा हरेक प्राविधिक क्षेत्रमा सु-निश्चित हुने जनशक्ति उत्पादन हुन सकेमा गा.पा. समृद्ध बन्ने कुरामा कुनै दुई मत छैन । शिक्षालाई सीप, सीपलाई रोजगार, रोजगारलाई उत्पादन र उत्पादनलाई बजारसँग जोड्न सक्ने शिक्षा प्रणालीको विकास र विस्तार गर्न सकिन्छ भने राज्यलाई शैक्षिक बेरोजगार भिड थेग्न थप चुनौती हुने देखिन्छ । नेपालमा सीप र व्यवसायको विकास, हस्तकला, मूर्तिकला र वास्तुकलाका वस्तुहरूको उत्पादन लिच्छवीकालदेखि भएको पाइन्छ । औपचारिक रुपमा प्राविधिक तथा व्यवसायिक शिक्षाको शुरुवात वि.स. १९९९ सालमा स्थापित प्राविधिक तथा व्यवसायिक शिक्षाको विस्तार गर्न वि.स. २०६८/०६९ देखि भएको हो । सघन रुपमा प्राविधिक तथा व्यावसायिक तालिम परिषद् (CTEVT) ले प्राविधिक तथा व्यावसायिक धारको विद्यालयहरू सञ्चालन गरिरहेका छन् । नेपाल सरकारको एक स्थानीय तह एक प्राविधिक विद्यालय नीति समेत रहेको छ ।

लुम्बिनी प्रदेश गुल्मी जिल्ला अन्तरगत कालिगण्डकी गाउँपालिका कृषि तथा पशुपालनको क्षेत्रमा उपयुक्त मानिन्छ । विगतदेखि यस क्षेत्रमा कृषि तथा भेटेनरी अन्तरगत प्राविधिक शिक्षालय स्थापना गर्न यहाँका जनताहरूको उच्च आकांक्षाहरू बीचबाट यस अन्तरगत १ वटा माध्यमिक विद्यालयमा कृषि बाली विज्ञान विषय अन्तरगत प्राविधिक तथा व्यवसायिक विद्यालय सञ्चालनमा आएका छन् । यस धारको शिक्षा स्थानीय स्तरमा स्रोत साधनमा आधारित व्यवसायिक सीप र उद्यमशीलतामा आधारित आय आर्जनमा सङ्लग्न भई आत्मनिर्भर स्वावलम्बन हुन सिक्नु पर्छ । प्राविधिक तथा व्यवसायिक विद्यालयको विकासको लागि आम सरोकारवाला स्थानीय सरकार, प्रदेश र संघीय सरकार समेतको उच्च अपनत्व विकास हुन जरुरी छ ।

**क) उद्देश्य**

१. प्राविधिक, व्यवसायिक र सीपमूलक शिक्षामार्फत, शैक्षिक बेरोजगारी न्यूनीकरण गर्नु,

२. प्राविधिक र व्यवसायिक शिक्षा मार्फत सीपयुक्त, स्वरोजगार र आत्मनिर्भर जनशक्ति उत्पादन गर्नु,

३. गाउँपालिका र यस क्षेत्रभित्र उपलब्ध स्रोत साधनमा आधारित रोजगार, व्यवसाय, उद्योग मार्फत आर्थिक विकास र समृद्धिमा योगदान पुऱ्याउनु,

**ख) रणनीतिहरू**

१. प्राविधिक तथा व्यवसायिक शिक्षाको लागि सरोकारवालाहरूको सहभागिता र स्थानीय सरकारको अपनत्व र लगानीमा वृद्धि गर्ने,
२. कृषि क्षेत्र उद्योग, बजारको आवश्यकताको आधारमा योग्यता र क्षमता अनुसार सान्दर्भिक, उपयोगी, गुणस्तर, प्राविधिक जनशक्ति विकास गर्न इच्छुक सबैलाई अवसर प्रदान गर्ने,
३. शिक्षामा पिछडिएका वर्ग क्षेत्र र समुदायलाई समेट्ने विशेष सुहलियत दिन नीति अवलम्बन गर्ने,
४. प्रयोगात्मकतर्फ विशेष प्राथमिक दिन प्रयोगात्मक फिल्डका लागि जग्गा खरिद एवम्व्यवस्थापन गर्ने,
५. घर अपायक पर्ने क्षेत्रका विद्यार्थीहरूलाई प्राविधिक शिक्षामा पहुँच विस्तार गर्न आवासीय सुविधा दिने कार्यका लागि छात्रावास व्यवस्थापन गर्ने,
६. प्राविधिक विद्यालय, स्थानीय सरकार र समुदायबीच खेती प्रणालीको सम्भाव्यता र अनुसन्धान कार्यका लागि समन्वयात्मक कार्यक्रम तय गरी अगाडि बढाउने,
७. प्राविधिक विद्यालयमा अध्ययन गर्न इच्छुक लक्षित वर्गका बालबालिकाहरूलाई वडा कार्यालय मार्फत स्तर पहिचान गरी आर्थिक सुविधासहित अध्ययनका लागि सिफारिस गर्ने,
८. प्राविधिक धारमा अध्ययनरत विद्यार्थीहरूका लागि (On the job Training) र शैक्षिक सहुलियतका लागि छात्रवृत्ति लगायत अनुदान उपलब्ध गराउने,
९. प्राविधिक शिक्षाको विकासका लागि उक्त धारमा कार्यरत शिक्षकहरूको क्षमता अभिवृद्धि र प्रविधि सम्बन्धी तालिम सञ्चालन गर्नका साथ आइसिटी कम्प्युटर ल्याबको स्थापना गर्ने,
१०. गाउँपालिकाको सहयोगमा प्राविधिक तथा व्यावसायिक धारका विद्यालयमा व्यावसायिक तथा सीपमूलक विषयगत प्रयोगशाला स्थापना गरी अनुसन्धान कार्य अगाडि बढाउने,

### *ग) उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य*

अ) उपलब्धि

उपलब्ध प्राकृतिक स्रोत र साधनहरूको प्रयोग र परिचालन गर्दै, आर्थिक उपार्जन र समृद्धिमा योगदान गर्न सक्ने निम्न र मध्यम स्तरका प्राविधिक, व्यवसायिक र उद्यमी जनशक्ति उत्पादन हुनेछ ।

आ) नतिजा

१) गाउँपालिकामा स्थापित प्राविधिक तथा व्यवसायिक विद्यालय धारतर्फका उत्कृष्ट विद्यालय भएको हुनेछ । यस धारमा अध्ययनरत विद्यार्थीहरू स्वरोजगारमूलक, स्वउत्प्रेरित, व्यावसायिक, उद्योगी र रोजगार प्राप्त भएको हुनेछ ।

२) प्राविधिक तथा व्यवसायिक विद्यालयबाट शिक्षा प्राप्त गरेका विद्यार्थीहरू गाउँपालिका लगायत यस क्षेत्रको स्थानीय स्रोत साधन उपयोग गरी समृद्ध गाउँपालिका निर्माणमा योगदान दिन सक्ने जनशक्ति हुनेछन्।

३) प्राविधिक तथा व्यवसायिक शिक्षामा पिछडिएका वर्ग, क्षेत्र र समुदायको सहभागिता अभिवृद्धि हुनेछ । प्रयोगात्मक सिकाइका लागि उपयुक्त फिल्ड व्यवस्था हुनेछ । प्राविधिक शिक्षाप्रति सरोकारवाला, स्थानीय सरकार, प्रदेश र सङ्घीय सरकारको अपनत्व वृद्धि भई थप लगानीमैत्री वातावरण निर्माण हुनेछ ।

| सिन | प्रमुख क्रियाकलापहरू | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१० वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १ | व्यावसायिक धारको विद्यालय थप गर्ने | पटक | | | | | | | | |
| | छात्रवृत्तिको व्यवस्था पटक निरन्तर | कक्षा | | | | | | | | |
| ३ | भवनको व्यवस्था (छात्रावास सहित) | | १ | | | | | | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ४ | प्राविधिक विद्यालय कर्मचारी व्यवस्थापन | | | | | | | | | |
| ५ | प्रयोगात्मक अभ्यासका लागि फिल्डको व्यवस्था | | आवश्यकता अनुसार उपलब्ध गराउने | | | | | | | |
| ६ | प्रयोगशालामा सामानको व्यवस्था | | आवश्यकता अनुसार उपलब्ध गराउने | | | | | | | |
| ७ | विद्यार्थीहरूका लागि (On the job Training) र शैक्षिक सहुलियतका लागि छात्रवृत्ति लगायत अनुदान | | आवश्यकता अनुसार उपलब्ध गराउने | | | | | | | |

## परीच्छेद ४: अन्तरसम्बन्धित विषय तथा क्षेत्रहरु

### ४.१ पाठ्यकम र मूल्याङ्कन

**परिचय**

विभिन्न आवश्यकताका विषयवस्तुहरू समावेश गरी विद्यालयमा नियमित पठनपाठन गर्ने उद्देश्यका साथ तयार गरिएको योजनावद्ध तरिकाले गराईएको सङ्गठित शैक्षणिक सामग्रीलाईनै पाठ्यक्रम भनिन्छ । जसले प्राथमिकतापूर्ण विषयवस्तु हरूलाई समेटेर विद्यालयको नियमित कार्यकम अनुरूप कक्षा कोठासम्म पुऱ्याउँछ। शिक्षा पद्धतिलाई मार्गदर्शन गर्ने महत्वपूर्ण आधार पाठ्यक्रम हो। यो एउटा गतिशील र लचिलो प्रक्रिया हो। पाठ्य्क्रमको माध्यमबाट प्राप्त हुने ज्ञान, सीप तथा अभिवृत्तिबाट व्यक्तिलाई समाज तथा विश्वपरिवेश अनुकुल समायोजन हुनु , रोजगारी प्राप्त गर्नु, पेशाव्यवसाय छनौट तथा सञ्चालन गर्न र आर्थिक किय्राकलापमा सङ्लग्न हुन सहयोग पुग्दछ र पुग्नुपर्दछ । पाठ्य्क्रम सान्दर्भिक, विभेदरहित, समतामूलक, समावेशी, प्रविधिमैत्री, सिकारु केन्द्रित सिक्नु र तथ्यपरक हुनुपदर्छ। वास्तवमा मानवीय आवश्यकता, बालबालिकाको रुचि, सामाजिक मूल्य मान्यता र समाज तथा विश्व परिवेशमा विकास भएका ज्ञान, सीप तथा परिवेश अनकुल पाठय्क्रम एउटा गतिशील र लचिलो प्रक्रिया हो।

विद्यालय स्तरको पाठ्यक्रमलाई तयार पार्नेकार्यको सुरुवात वि.सं. २०२८ को राष्ट्रिय शिक्षा पद्धतिको योजना देखि भएको पाइन्छ। विद्यालय तहको शिक्षाको मार्गदर्शक दस्तावेजको रूपमा वि.सं. २०४९ तथा वि.स. २०६३ मा राष्ट्रिय पाठ्य्क्रम प्रारूप तयार गरी सोहीअनुसार पाठ्यक्रम विकास र उक्त पाठ्यक्रमको कार्यान्वयन गर्ने परिपाटी सुरु गरिएको छ । यसै क्रममा राष्ट्रिय पाठ्यक्रम प्रारुप २०७६ लागु भई हाल चरणवद्ध रुपमा विद्यालयमा पाठय्क्रमहरु लागु भइरहेका छन्। आधारभूत तह १-३, ४-५ र ६-८ र माध्यमिक तह कक्षा ९-१० र कक्षा ११-१२ का लागि अलगअलग पाठ्यक्रम निर्माण गरी कार्यान्वयनमा ल्याइएको छ। विद्यालयको पाठ्यक्रमलाई समय सान्दर्भिक वा समय अनुकुल बनाउन कक्षा १-३ मा अन्तर सम्बन्धित विषयवस्तुलाई एकीकृत गरिएको, आधारभूत तहमा स्थानीय कला, संस्कृति, भाषा, इतिहास, परम्परा, सीप तथा ज्ञानमा आधारित स्थानीय पाठ्यक्रम स्थानीय तहले विकास गरी कार्यान्वयन गर्नुपर्ने र सबै कक्षाका विषयलाई यथासम्भव स्थानीय परिवेश तथा दैनिक जीवनसँग सम्बन्धित गराई सिकाइ क्रियाकलाप सञ्चालन गर्नुपर्ने व्यवस्था गरिएको छ । सैद्धान्तिक ज्ञानलाई व्यावहारिक र प्रयोगात्मक सीपमा रुपान्तरण गर्न सह क्रियाकलाप/अतिरिक्त क्रियाकलापमा जोड दिइएको छ । पूर्वीय दशर्नका वेद, योग, संस्कतृ भाषा, संस्कृत व्याकरण जस्ता विषयहरू समावेश गरिएका छन् भने स्थानीय परिवेश अनुसार भूगोल, सहकारी, वन, कृषि, पर्यटन, आयुर्वेद, जडिबुटी,योग जस्ता विषयहरू समाबेस गरि **<u>हाम्रो कालिगण्डकी</u>** नामको स्थानीय विषयको पाठ्क्रममा समावेश गरिएको छ। व्यावसायिक शिक्षा, स्वास्थ्य शारीरिक र वातावरण शिक्षा, सिजर्नशील तथा अभिव्यक्तशील कला जस्ता परम्परागत विषयलाई निरन्तरता दिँदै हस्तकला, वास्तुकला, चित्रकला, नतृ्य, संगीत, धर्म तथा सस्कृति जस्ता मौलिक विषयहरूसमाबेस गरेर पाठ्यक्रमलाई समय सान्दर्भिक र व्यावहारिक बनाउनु न्यायोचित देखिन्छ।

हालको पाठ्यक्रमले विद्यार्थी मूल्याङ्कनलाई शिक्षण सिकाइ क्रियाकलापको अभिन्न अङ्गको रूपमा लिएको हुँदा निश्चित मापदण्ड तयार गरी विषयवस्तुमा आधारित मूल्याङ्कन हुने गरेको छ। माध्यमिक तहको पाठ्यक्रममा प्राविधिक धारको पनि व्यवस्था गरिएको छ । पछिल्लो चरणमा सिकाइलाई कामको संसारसँग जोड्न STEM शिक्षाको अवधारणालाई पाठ्य्क्रममा समावेश गरिएको छ। STEM भनेको विज्ञान, प्रविधि, इन्जिनियरिङ र गणित विषयका ४ विशिष्ट विधामा विद्यार्थीहरूलाई शिक्षा प्रदान गर्ने अवधारणामा आधारित एउटा पाठ्यक्रम हो । STEM को माध्ययमबाट विद्यार्थीलाई अनुसन्धानमुखी बनाई विविध प्रकारका समस्याहरू समाधान गर्न सहयोग पुऱ्याउने, रचनात्मकता, तार्किक सोच, विश्लेषणात्मक सिप, नवपर्वतन गर्ने क्षमता र समस्या समाधान गर्ने क्षमताको विकास हुन जान्छ। तसर्थ विद्यालय तहको पाठ्यक्रममा विज्ञान प्रविधि, इन्जिनियरिङर गणित जस्ता विषयहरूलाई एकीकृत रूपमा अगाडि बनाइएको छ । पाठ्यक्रमको प्रभावकारी कार्यान्वयनका लागि शिक्षक तयारी, विकास र

विषयगत शिक्षकको व्यवस्था र विद्यालयमा आधारित पेशागत सहयोग पद्धति स्थापना र सञ्चालन, स्थानीय पाठ्यक्रम र पाठ्यसामाग्री विकासका लागि क्षमता विकास, पाठ्यक्रम विकास र समय अनुकुल परिमार्जनगर्न सहभागिताको सुनिश्चितता, पाठ्यक्रम विकास तथा अध्यावधिक कार्यलाई अनुसन्धानमा आधारित बनाउने, प्रारम्भिक कक्षाहरूमा आवश्यकता अनुसार मातृभाषा, स्थानीय भाषा, बहुभाषा प्रयोग, विद्यालय तहको प्राविधिकधारको पाठ्यक्रममा सुधार, परिमार्जन र समायोजन, अपाङ्गताको प्रकृतिअनुसार पाठ्यक्रममा लचकता प्रदान गर्ने, पाठ्यपुस्तकको गुणस्तर सुधार र बहुपाठ्यपुस्तक नीतिको कार्यान्वयन, मूल्याङ्कन पद्धतिलाई शिक्षण सिकाइसँग जोड्ने, सिकाइ सहजीकरण र मूल्याङ्कनमा सूचना प्रविधिको उपयोग सहितको वैकल्पिक विधिको प्रयोग वर्तमान नयाँ पाठ्यक्रममा रहेका चुनौतीहरू हुन् ।

**क) वर्तमान अवस्था**

नेपालमा वि.स. २०२८ को राष्ट्रिय शिक्षा पद्धतिको योजनामा पहिलोपटक पाठ्यक्रमलाई दस्तावेजीकरण गरिएको थियो । विद्यालय तहको शिक्षाको मार्गदर्शक दस्तावजेका रूपमा वि.सं. २०६३ मा राष्ट्रिय पाठ्यक्रम प्रारूप तयार गरी सोही अनुसार पाठ्यक्रम विकास तथा कार्यान्वयन गर्ने परिपाटी सुरु भएको थियो । समयको मागसँगै वि.सं. २०७६ सालमा विद्यालय शिक्षाको नयाँ पाठ्यक्रम प्रारूप तयार गरी सोही वर्ष लागु गरियो वि.स. २०७८ मा कक्षा २, ३, ६ र १२ मा पाठ्यक्रम कार्यान्वयन भयो भने अन्य कक्षाहरूमा राष्ट्रिय पाठ्यक्रम प्रारूप २०६३ अनुसार निर्माण गरिएका पाठ्यक्रमहरू कार्यान्वयनमा रहेका छन् । वि.सं. २०८० सम्म विद्यालय तहका सबै कक्षाहरूमा नयाँ पाठ्यक्रम लागु भएको छ । कक्षा १ देखि ८ सम्म स्थानीय पाठ्यक्रम कार्यान्वयन भई रहेको छ ।

विद्यालय शिक्षाको राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ अनुरूपको पाठ्यक्रममा कक्षा १-३ सम्म अन्तर सम्बन्धित विषयहरूलाई एकीकृत गरिएको छ । विद्यालय तहको पाठ्यक्रम निर्माण गर्ने जिम्मेवारी राष्ट्रिय पाठ्यक्रम विकास तथा मूल्याङ्कन परिषद्लाई प्रदान गरिएतापनि कक्षा १-३ सम्म १६० कार्य घण्टा बराबर को मातृभाषा वा स्थानीय विषय र कक्षा ४–८ मा १२८ कार्य घण्टा बराबरको स्थानीय वा संस्कतृ विषयका पाठ्यक्रम विद्यालय वा स्थानीय तहले निर्माण गरी कार्यान्वयन गर्ने व्यवस्था गरिएको छ ।

मूल्याङ्कन सम्बन्धी नीतिगत व्यवस्थालाई हेर्दा कक्षा १-३ सम्म सबै निरन्तर मूल्याङ्कनका आधारमा कक्षोन्नति गर्ने व्यवस्था रहको छ । कक्षा ४-५ मा ५० प्रतिशत निरन्तर, ५० प्रतिशत आवधिक परीक्षाबाट हुने र कक्षा ६-८ मा ४० प्रतिशत निरन्तर मूल्याङ्कन र ६० प्रतिशत आवधिक परीक्षा गर्ने व्यवस्था छ । कक्षा ८ को आवधिक परीक्षा गाउँपालिका स्तरीय मूल्याङ्कन गर्नु पर्ने व्यवस्था रहेको छ । कक्षा १-७, कक्षा ९ र कक्षा ११ को मूल्याङ्कन विद्यालयबाट हुने व्यवस्था गरिएको छ भने कक्षा १० (एस.इ.इ.) र कक्षा १२ को आवधिक मूल्याङ्कन भने राष्ट्रिय परीक्षा बोर्ड मार्फत हुने गरेको छ ।

पाठ्यक्रममा आधारित पाठ्यपुस्तकहरुको उपलब्धतालाई अध्ययन गर्दा तत्काल नयाँ पाठ्यक्रम लागू भएका विषयहरुको पाठ्यपुस्तक पाठ्यक्रम विकास केन्द्रले तयार पारेको र केन्द्रले सुचीकृत गरेको प्रकाशन गृह वा लेखकहरुको पाठ्यपस्तुक पाईन्छन् ।

**ख) उद्देश्य**

कालिगण्डकी गाउँपालिकाको यस शैक्षिक योजनाले पाठ्यक्रम र पाठ्यसामग्री सम्बन्धी निम्नलिखित उद्देश्यहरू राखेको छ ।

- राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ बमोजिमको संसोधित पाठ्यक्रमको कार्यान्वयन गर्नु
- सिकाइ क्रियाकलापलाई दैनिक जीवनसँग सम्बन्धित गराउने र विषयवस्तुलाई अन्तर सम्बन्धित गराई सिकाइ क्रियाकलाप सञ्चालन गर्नु
    - कक्षा १ देखि ८ सम्मको स्थानिय पाठ्यक्रम र पाठ्यसामग्री निर्माण गरी समय सापेक्ष सान्दर्भिक, गुणस्तरीय र प्रभावकारी बनाई कार्यान्वयन गर्ने

- सिकारूको सिकाइलाई निरन्तर, आवधिक तथा स्तरीकृत साथै प्रमाणमा आधारित मूल्याङ्कनको व्यवस्था गर्नु
- सामुदायिक विद्यालयहरूमा विज्ञान तथा प्राविधिक शिक्षाको समयानुकूल विकासको लागि आवश्यक पूर्वाधारको विकास गर्नु
- सामुदायिक विद्यालयहरूमा स्टेमका माध्यमबाट गणित तथा विज्ञान विषयको नतिजा सुधार गर्नु
- पूवीर्य दर्शनमा आधारित योगा, ध्यान, व्यायाम, प्राकृतिक चिकित्सा, बुद्ध उपदेशका विषयमा विद्यार्थीहरूलाई अभ्यस्त गराउनु
- विद्यार्थीहरूलाई अतिरिक्त तथा सहक्रियाकलापमा सङ्लग्न गराइ उनिहरुको आन्तरिक क्षमता अभिवृद्धि गर्नु
- जीवन उपयोगी सिप तथा व्यावहारिक शिक्षामा जोड दिनु ।

**ग) रणनीति**

गाउँपालिकाको शैक्षिक सुधारका निम्ति माथि उल्लिखित उद्देश्यहरू हासिल गर्न निम्न लिखित रणनीतिहरू अवलम्बन गरिनेछ :

१. प्रत्येक विद्यालयका शिक्षकहरू राष्ट्रिय पाठ्यक्रम प्रारूप २०७६ बमोजिम निर्माण र संशोधन भएका नयाँ पाठ्यक्रम विद्यालय स्तरमा प्रबोधीकरण गरी सोही अनुसार शिक्षण क्रियाकलाप गरिनेछ ,
२. स्थानीय तहले निर्माण गरेको पाठ्यक्रमको समयानुकूल तथा पाठ्य पुस्तक निर्माण तथा परिमार्जन गराई सोको कार्यान्वयनको लागि विद्यालयलाई जवाफदेही बनाइनेछ ,
३ स्थानीय पाठ्यक्रम तथा पाठ्यसामग्रीको विकास तथा प्रयोगको लागि विद्यालयलाई सक्षम बनाइनेछ
४ विषयवस्तुलाई अन्तर सम्बन्धित गराई सिकाइ क्रियाकलाप सञ्चालन गरिने छ ,
५ विकास गरिएको पाठ्यक्रम तथा पाठ्यसामग्रीलाई सम्बन्धित शिक्षक लगायत सरोकारवालाहरुलाई प्रभावकारी ढङ्गले प्रवोधीकरण गरिनेछ ,
६ विपद्, महामारी तथा सङ्कटको अवस्थामा सिकाइलाई निरन्तरता दिन विद्यालयको संरचनागत सुधार गरी र शिक्षकको क्षमता अभिवृद्धि गरिनेछ ,
७ शिक्षक निर्देशिका, पाठ्यक्रम, पाठ्यपुस्तक, सन्दर्भ सामग्रीहरूको व्यवस्थापन गरिने छ,
८ पाठ्यक्रममा आधारित सिकाइलाई सुनिश्चित गर्न शिक्षकको पेशागत सक्षमता विकासलाई निरन्तरता दिइनेछ,
९ शिक्षण सिकाइ क्रियाकलापलाई बालकेन्द्रित, लैङ्गिक तथा अपाङ्गमैत्री बनाइ सूचना, सञ्चारको उचित प्रयोगद्वारा सिकाइलाई समयसापेक्ष रुपमा प्रभावकारी बनाइनेछ ,
१० विद्यालयहरूलाई वैकल्पिक शिक्षण सिकाइ अनरुपका शैक्षिक क्रियाकलापमा सक्षम बनाइदै लगिनेछ,
११ सहपाठी सिकाइ समूह गठन गरी कमजोर क्षमता भएका बालबालिकालाई सहयोग गर्ने व्यवस्थालाई कार्यान्वयनमा ल्याइनेछ,
१२ प्रविधिमार्फत शिक्षण सिकाइकार्यलाई प्रयोगमा ल्याइनेछ,
१३ हरेक सामुदायिक विद्यालयमा सूचना, सञ्चार तथा प्रविधि ल्याब र सिकाइ सामग्रीयुक्त पुस्तकालयको स्थापना सुनिश्चित गरिनेछ,
१४ विद्यार्थीको सिकाइ उपलब्धिलाई शिक्षकको वृत्ति विकाससँग आवद्ध गर्ने
१५ आधारभूत तहमा हुने स्तरीकृत परीक्षालाई सुधार गरिनेछ ,
१६ स्टेमको अवधारण अनुसार गणित र विज्ञान विषयको उपलब्धि वृद्धि गर्न शिक्षकहरूको क्षमता विकास गरिनेछ
१७ विज्ञान तथा गणित विषयमा सृजनात्मक सामग्री प्रदर्शन गर्ने व्यवस्था गरिनेछ
१८ पूवीर्य दर्शनमा आधारित योगा, ध्यान, व्यायाम, प्राकृतिक चिकित्सा, बुद्ध उपदेश इत्यादि विषयमा प्रयोगात्मक कार्यसँगै छलफल गराइनेछ

१९ मुल्याङ्कन र नतिजाको प्रणालीमा एकरुपता ल्याईनेछ
२० शैक्षिक सत्रको सुरुवातमै परीक्षा तालिका प्रकाशन गरिनेछ
२१ व्यावसायिक शिक्षा, स्वास्थ्य शारीरिक र वातावरण शिक्षा, सिजर्नशील तथा अभिव्यक्तशील कला जस्ता परम्परागत विषयवस्तुका साथै हस्तकला, वास्तुकला, चित्रकला, नत्य, संगीत, धर्म तथा सस्कृति जस्ता मौलिक विषयहरू सङ्लग्न गरी स्थानीय पाठ्यक्रमलाई परिमार्जन गर्दै लगिनेछ

**घ. उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य**

अ) उपलब्धि

- यस योजनाको लागु भए पश्चात पाठ्यक्रम समय सान्दर्भिक र व्यवस्थित हुनेछ
- दैनिक जीवनमा आवश्यक आधारभूत सक्षमता सहित, सृजनशील, सकारात्मक सोच भएका सिकाइ प्रति प्रतिवद्ध नागरिक तयार गर्न सहयोग हुने अपेक्षा गरिएको छ।

आ) नतिजा

- कक्षा १-३ को एकीकृत पाठ्यक्रमले अपेक्षा गरेका व्यवहारकुशल सीपहरू कार्यान्वयन हुने,
- बाल विकासदेखि कक्षा १२ सम्मका पाठ्यक्रमहरू कार्यान्वयन हुने,
- स्थानीय पाठ्यक्रम परिमार्जन र पाठ्यपुस्तक निर्माण र प्रयोगले स्थानीय परिवेशको पहिचान र अपनत्वलाई स्पष्टता दिलाउने
- स्टेम अवधारणा अनुसार शिक्षण प्रक्रियाले गणित र विज्ञान विषयको नतिजाको उपलब्धिमा उल्लेखनीय सुधार हुने
- सिकाइ क्रियाकलापहरु बालमैत्री र स्थानीय परिवेश अनुकुल तथा आवश्यकता अनुसार हुने
- सूचना, सञ्चार तथा प्रविधिमा आधारित शिक्षणले कक्षागत वा तहगत सिकाइ उपलब्धि वृद्धि हुने
- मूल्याङ्कनमा एकरुपताका लागि आधारभूत कार्यविधि लागु हुने।

## ४.२ शिक्षक व्यवस्थापन र विकास

**क. परिचय**

शिक्षाको विकास र सेवा प्रवाहलाई प्रभावकारी, दक्षता, समता, समानता, वातावरण मैत्री बनाउन शिक्षक व्यवस्थापन जरुरी छ। यसको लागि जनशक्ति, योजना, दरबन्दी सिर्जना तथा भर्ना, सेवा सुविधा, सामाजिक सुरक्षा (तलब, भत्ता, पोशाक, बिमा, औषधि उपचार आदि) पेशागत विकास पर्दछन्। शिक्षकको व्यवस्थापन अन्तर्गत दरबन्दी सिर्जना गर्ने, रिक्त स्थानको पहिचान गर्ने, पदपूर्ति माग गर्ने, प्रतिशत निर्धारण गर्ने दरखास्त आव्हान तथा सङ्कलन जाँच तथा स्वीकृति लिने परीक्षा सञ्चालन (लिखित, मौखिक, प्रयोगात्मक) उम्मेदवारहरूको मूल्याङ्कन तथा छनौट नतिजा प्रकाशन, सूचना प्रकाशन, नियुक्तिका लागि सिफारिस, नियुक्ति पदस्थापन कार्य विवरण तयार गर्ने सम्मका कार्यहरू पर्दछन्। यसका अतिरिक्त का.स.मू. जिम्मेवारी, वृत्तिविकास, सरुवा, बढुवा आदि गरिने गर्दछ। शिक्षकहरूको तालिम, अवलोकन भ्रमण, अनुसन्धान र विकास तथा जिम्मेवारी बढुवा, तह वृद्धि सेवा सुविधा सामाजिक सुरक्षा जस्ता कार्यहरू पनि पर्दछन्।

गाउँपालिकाको यस योजनामा शिक्षण पेशालाई रोजाइको पेशाको रुपमा विकास गर्ने,शिक्षक तयारी गर्ने कक्षा कोठाको शिक्षण सिकाइलाई गुणस्तरीय बनाउने,शिक्षक सहयोग प्रणालीलाई सुदृढ बनाउने अभिप्राय रहेको छ। शिक्षक व्यवस्थापन तथा विकासलाई व्यवस्थित र प्रभावकारी बनाउने उद्देश्य पूरा गर्नका लागि अपनाइने रणनीतिहरू कार्यक्रम कार्यान्वयनबाट हासिल हुने अपेक्षित नतिजा तथा मुख्य मुख्य क्रियाकलाप तथा लक्ष्यहरू समावेश गरिएको छ।

**ख. शिक्षक तयारी**

विद्यालय तथा विश्वविद्यालयहरूले सञ्चालन गर्दै आएका प्राज्ञिक सरहका योग्यतालाई व्यावसायिक योग्यता र शिक्षक तालिम दुबै मानिएको छ। पूर्व सेवाकालिन शिक्षक शिक्षा कार्यक्रमहरू विभिन्न विश्वविद्यालयहरूले सञ्चालन गर्दै आएका छन् । शिक्षा विषयमा १२ कक्षा, बी.एड वा एम.एड प्राप्त गरेपछि अध्यापन अनुमतिपत्रका लागि योग्य मानिन्छ । अध्यापन अनुमतिपत्र प्राप्त गरेको व्यक्ति मात्र शिक्षकका लागि योग्य हुन्छ । विभिन्न मुलकहरूमा मूल विषयमा योग्यता प्राप्त भएपछि शिक्षक तयारी छुट्टै कार्यक्रममा सञ्चालन हुन्छन् । पन्धौ योजनाले शिक्षकको न्यूनतम शैक्षिक योग्यतामा पुनरावलोकन तथा आवधिक रुपमा योग्यता परीक्षण गर्ने प्रणाली स्थापना गरिने उल्लेख गरेको छ । विश्व विद्यालयका शिक्षक शिक्षा कार्यक्रमहरू एकातिर अनुसन्धान र विकास शिक्षणमा आधारित हुन नसक्नाले शिक्षण सम्बन्धी व्यावहारिक कुशलताको कमी देखिएको छ भने अर्कोतिर सीमित अवधिमा विषयवस्तु र शिक्षण सम्बन्धी विशेष अध्ययन गर्न पर्ने भएकाले दुवै पक्षमा पर्याप्त सिकाइ हुन नसक्ने अवस्था छ परिवर्तित कक्षा ११ र १२ को पाठ्यक्रममा सङ्कायगत संरचना नभएकाले अब कक्षा १२ उत्तीर्ण शिक्षक हुनेका लागि निश्चित समयको कोर्ष व्यवस्था गरी सो पूरा गर्नुपर्ने व्यवस्था आवश्यक छ । तर दीर्घकालीन रुपमा भने आधारभूत तह र माध्यमिक तहको शिक्षक बन्नका लागि क्रमशः न्यूनतम शैक्षिक योग्यता स्नातक तह र स्नातकोत्तर तह उत्तीर्ण भई एकवर्षे शिक्षक तयारी कोर्ष पूरा गरेको हुनुपर्ने कानुनी व्यवस्था गर्नु उपयुक्त हुनेछ ।

अस्थायी वा विद्यालयको निजी स्रोतमा शिक्षक नियुक्त गर्ने शिक्षकको कार्यसम्पादन मूल्याङ्कन गर्ने कार्य स्थानीय तहले गरिरहेको अवस्था छ । शिक्षक अध्यापन अनुमतिपत्रका लागि परीक्षा सञ्चालन गर्ने रिक्त दरबन्दीमा शिक्षक पदपूर्तिका लागि परीक्षा सञ्चालन गरी नियुक्तिका लागि सिफारिस गर्ने र शिक्षक बढुवा सम्बन्धी कार्य शिक्षक सेवा आयोगले गर्दै आएको छ । आयोगबाट सिफारिस भइ आएका शिक्षकहरूलाई नियुक्ति गरी पदस्थापन गर्ने कार्य स्थानीय तहहरूले गर्दै आएका छन् । यसै गरी शिक्षकको पेशागत विकासका लागि नीति निर्माण गर्ने काम सङ्घले प्रमाणीकरण तथा Customized तालिम पाठ्यक्रम निर्माण गर्ने र प्रशिक्षक तयार गर्ने कार्य संघीय सरकारबाट भइरहेको छ । शिक्षककोक्षमता अभिवृद्धिका लागि तालिम सञ्चालन गर्ने कार्य प्रदेश शिक्षा तालिम केन्द्रहरूबाट हुँदै आएका छन् । विद्यालयमा विभिन्न किसिमका शिक्षकहरू रहेका छन् । सेवा सर्त र सुविधा फरक फरक छन् । शिक्षकको कार्यसम्पादन मूल्याङ्कन बढुवा प्रयोजनकोलागि मात्र भएको र यसलाई विद्यार्थीको सिकाइ उपलब्धिसँग जोडी शिक्षकलाई विद्यार्थीको सिकाइमा जिम्मेवार बनाउने काम जुन उद्देश्य अनुरुप सञ्चालन भईरहेको छ त्यस अनुरुपको प्रगति भने हुन सकेको छैन ।

### ग. शिक्षण पेशाप्रति आकर्षण र नियुक्ति

शिक्षण पेशा एक महत्वपूर्ण तथा प्राज्ञिक पेशा हो । जसले गर्दा शिक्षण पेशालाई समाजमा प्रतिष्ठित पेशाका रूपमा लिइने अवस्था सुधार हुदै गएको छ । नियमितरूपमा स्थायी नियुक्ति गर्ने कार्यको थालनि शिक्षण पेशामा थप आकर्षण बढेकोअवस्था छ । आगामी दिनहरूमा शिक्षक पेशागत विकास तथा सहयोग, पूर्वानुमान योग्य सरुवा र बढुवा प्रणाली, कार्यसम्पादनमा आधारित प्रोत्साहन तथा सुविधा, दण्ड र पुरस्कार सम्बन्धी स्वच्छ र पारदर्शी प्रणाली विश्वविद्यालयमा सर्वोत्कृष्ट स्थान ल्याउन सफल, मेहनती, मेधावी तथा प्रतिभावान व्यक्तिहरूलाई शिक्षक पदमा कुल रिक्त पदको निश्चित प्रतिशतमा सोझै प्रवेश गराउन सकिने गरी संघको सरकारले काननूी तथा प्रक्रियागत व्यवस्था गरी शिक्षण पेशालाई रोजाइको पेशाका रुपमाविकास गराउन आवश्यक देखिएको छ। शिक्षकहरूको पदपूर्ति हालसम्म सङ्घीय शिक्षक सेवा आयागेबाट गर्ने गरिएकोमा त्यसलाई प्रदेश स्तरसम्म विस्तार गर्न आवश्यक छ।

### घ. शिक्षण सिकाइ क्रियाकलाप

बालबालिकाको सिकाइ उपलब्धि मुख्यतया कक्षाकोठामा सञ्चालन गरिने शिक्षण सिकाइ क्रियाकलापमा भरपर्छ । शिक्षण सिकाइलाई विद्यार्थी केन्द्रित , प्रविधिमैत्री, परियोजनामा आधारित, समूह कार्यमा आधारित, सामुदायिक क्रियाकलापमा आधारित बनाउन आवश्यक छ । कक्षा कोठाको शिक्षण सिकाइमा सुधार ल्याउन कमजोर सिकाइ स्तर भएका विद्यार्थीका लागि विशेष सहयोग, अपाङ्गता भएका बालबालिकाको सिकाइको सुनिश्चितता, शिक्षण सिकाइमा सूचना तथा सञ्चार प्रविधिको प्रयोग, निरन्तर विद्यार्थी मूल्याङ्कन, परियोजना तथा प्रयोगात्मक कार्यमा

जोड, उपचारात्मक शिक्षण पद्धति, परीक्षाको नतिजा विश्लेषण र त्यसबाट प्राप्त पृष्ठपोषणका आधारमा शिक्षण सिकाइमा सुधार गर्ने जस्ता कार्यहरू शिक्षकबाट अपेक्षित रूपमा हुन नसकेको विभिन्न अध्ययन प्रतिवेदनहरूले औंल्याएका छन् । कतिपय विद्यालयको कमजोर भौतिक पूर्वाधार,उच्च गतिको इन्टरनेट सुविधाको कमी, विषयगत, दक्ष, योग्य शिक्षकको कमी, शैक्षणिक सामग्रीको कमीका कारणले कक्षाकोठाको शिक्षण सिकाइमा अपेक्षित सुधार हुन नसकेको अवस्था छ ।

### ङ. शिक्षकको उत्तरदायित्व

शिक्षक, विद्यार्थी अभिभावक, समुदाय तथा विद्यालय प्रशासन प्रधानाध्यापक प्रति उत्तरदायी हुनुपर्छ । शिक्षक विद्यार्थी प्रति उत्तरदायी हुनु भनेको आफूले पढाउने विधि विषय विद्यार्थीकोसिकाइ तथा कार्यसम्पादन प्रति जवाफदेही हुनु हो । पाठ्यक्रमले तोकेका सिकाइ उपलब्धिमा भएको प्रगति र विकासमा जवाफ दिनु विद्यार्थीको गुणस्तरीय जीवनका विषयमा जवाफदेही हुनु भन्ने बुझिन्छ । शिक्षकले विद्यार्थीको सिकाइ तथा विकासका बारेमा अभिभावकलाई जानकारि दिनु पर्दछ विद्यालयको आचारसंहिता पालन गर्दै दैनिक कार्यतालिका अनुसार अध्यापन गर्ने, विद्यार्थीको सिकाइको लेखाजोखा तथा मूल्याङ्कन गर्ने जस्ता कार्यजिम्मेवार शिक्षकले गर्नु पर्ने हुन्छ ।

पन्ध्रौं योजनाले शिक्षकले कक्षा कोठामा बिताउने समयलाई नियमित पठनपाठनसँग आबद्ध गर्दै शिक्षकहरूलाई पेशाप्रति समर्पित बनाई शिक्षाको गुणस्तर सुधारका लागि स्थानीय तहका उत्प्रेरणा कार्यक्रम सञ्चालन गरिने व्यवस्था गरेको छ । राष्ट्रिय शिक्षा नीति २०७६ अनुसार शिक्षकलाई प्रशासनिक रुपमा प्रधानाध्यापक प्रति र सिकाइ उपलब्धिका लागि विद्यार्थी र अभिभावक प्रति जवाफदेही बनाउने र प्रधानाध्यापकलाई सिकाइ र विद्यालय व्यवस्थापनका लागि विद्यार्थी अभिभावक र स्थानीय तह प्रति जवाफदेही बनाइने उल्लखे गरेकोछ । विद्यार्थीहरूले परीक्षामा हासिल गरेकोपरिणाम समेतको आधारमा शिक्षकको कार्यसम्पादन मूल्याङ्कन गरी शिक्षण सिकाइ क्रियाकलापमा सुधारका लागि शिक्षकहरूलाई जिम्मेवार र जवाफदेही बनाउने व्यवस्था उक्त नीतिले गरेको छ । विद्यार्थीको सिकाइ उपलब्धि कमजोर हुनुमा अर्को समस्या भनेको शिक्षक सरुवा र विद्यालयमा अनुपस्थिति हो विभिन्न जिल्लाको कोटामा गएर परीक्षा उत्तीर्ण गर्नेर नियुक्त पाएपछि तुरुन्तै सरुवाको पहलमा लाग्ने प्रवृत्तिले विद्यालयको दैनिक पठनपाठनमा निकै बाधा परेको छ । अझ सरुवा भएपनि लामो समयसम्म पदपुर्ति नहुदाँ विद्यालयमा बालबालिकाहरू पढाइबाट लामो समयसम्म वञ्चित हुनुपरेको अवस्था समेत छ । सरुवा प्रणाली व्यवस्थित नहुँदा दुर्गम र पहुँच कमजोर भएका ठाउँमा शिक्षक अपुग हुने तर सुविधा सम्पन्न स्थानमा शिक्षक थुप्रिने अवस्था रहेको छ ।

### च. शिक्षकको पेशागत सहयोग पद्धति

शिक्षक पेशागत सहयोगका विभिन्न माध्ययमहरु प्रचलनमा छन् जस्तै कक्षा अवलोकन र छलफल, मेन्टोरिङ्ग नियमित अनुगमन तथा पृष्ठपाषेण आदानप्रदान शिक्षकहरूको सिकाइ र सञ्चालन Conference सहपाठी सँगको अन्तरक्रिया प्रतिबिम्वन अभ्यास आदि । नेपालमा राष्ट्रिय शिक्षा पद्धतिको योजनाले leader र feeder विद्यालयको अवधारणा अगाडि सारेको थियो यसै गरी विद्यालय सुपरिवेक्षणबाट शिक्षक सहायता उपलब्ध गराउन प्राथमिक विद्यालय निरीक्षक, माध्यमिक विद्यालय निरीक्षकहरूको व्यवस्था गरिएको थियो ग्रामीण विकासका लागि सेती परियोजना र सो पश्चात नेपालको शिक्षा सुधारको लागि धेरै परियोजनाहरू कार्यान्वयनमा आए प्राथमिक शिक्षा परियोजना, विज्ञान शिक्षा विकास परियोजना आदिले शिक्षकको पेशागत सहयोगलाई महत्व दिई विभिन्न तालिम तथा क्षमता विकास कार्यक्रम सञ्चालन भएको देखिन्छ । शिक्षक पेशागत सहयोगका लागि १०५३ वटा स्रोतकेन्द्रहरू स्थापना भई ती स्रोतकेन्द्रहरू मार्फत शिक्षकको पेशागत सहयोग प्रदान गर्दै आइरहेकोमा संघीय संरचनाको कार्यान्वयनसँगै स्रोत केन्द्र पद्धति विघटन भएकोछ । यसलाई हटाएपछि स्थानीयस्तरमा रहेका शिक्षा शाखाहरूले शिक्षक सहायता भन्दा पनि शिक्षा प्रशासनमा समय लगाउनु परेको अवस्था छ विद्यालय निरीक्षण तथा सुपरिवेक्षणको कार्य स्थानीय शिक्षा शाखाबाट अत्यन्त न्यून रुपमा भएको पाइन्छ ।

**छ. शिक्षक क्षमता विकास कार्यक्रम**

समय अनुसार शिक्षकहरूका क्षमता विकासका कार्यक्रमहरू सञ्चालन हुनुआवश्यक छ । शिक्षकको पेशागत विकासका विभिन्न तरिकाहरू छन् । शिक्षक तालिम कार्य, क्रियात्मक अनुसन्धान, शिक्षकहरूकोसिकाइ सञ्जाल, अवलोकन भ्रमण, Mentoring, कार्यशाला, सेमिनार आदि । शिक्षकको पेशागत विकास यिनै कार्यहरूबाट सम्भव हुन्छ । नेपालमा शिक्षकको पेशागत क्षमता अभिवृद्धि गर्न धेरै योजना तथा कार्यक्रमहरू सञ्चालन भए । विगतमा शैक्षिक जनशक्ति विकास केन्द्र अन्तर्गतका शिक्षक तालिम केन्द्रहरू २९ वटा र अगुवा स्रोतकेन्द्रहरू र स्रोतकेन्द्रहरू मार्फत लामो तथा छोटो अवधिका शिक्षक तालिम कार्यक्रमहरु सञ्चालन हुँदै आएको थियो । शिक्षक पेशागत विकासका कार्यक्रमहरू सञ्चालनका लागि मापदण्ड बनाउने प्रारूप बनाउने तालिम पाठ्यक्रम विकास गर्ने र प्रशिक्षक प्रशिक्षण सञ्चालन गर्ने कार्य यस केन्द्रबाट हुँदै आएको छ । शिक्षकको पेशागत विकासका लागि सातवटा प्रदेश स्तरीय शिक्षक तालिम केन्द्रहरू बाट मात्र ठूलोसख्यांमा शिक्षकहरूलाई प्रमाणीकरण तालिम प्रदान गर्नकठिन भएको अवस्था छ । यसैगरी शिक्षकलाई तालिम वास्तविक आवश्यकतामा आधारित बनाउन र तालिममा सिकेका ज्ञान तथा सीपको कक्षाकोठामा प्रयोगमा ल्याउन आवश्यक देखिएको छ ।

**ज. शिक्षकको आपूर्ति र वितरण**

शिक्षा नियमावलीले विद्यालयमा रहने शिक्षक दरबन्दीको व्यवस्था गरेकोमा शिक्षक विद्यार्थी अनुपात हिमाली भेगमा १:४०, पहाडी भेगमा १:४५ र तराई तथा काठमाडौ उपत्यकामा १:५० रहेको छ । यसलाई आधार मानेर शिक्षक संख्या कम भएका विद्यालयमा स्थानीय तहबाट नियुक्त भएका शिक्षकहरू तथा विद्यालयको निजी स्रोत मा नियुक्त शिक्षकहरू पनि रहेका छन् जिल्ला र विद्यालयबीच शिक्षक विद्यार्थी अनुपात फरक फरक छ। आधारभूत र माध्यमिक तहमा सबै विद्यालयमा विषयगत शिक्षकको व्यवस्था गर्ने कार्य पनि उत्तिकै चुनौतीपूर्ण छ। मुलुक संघीय संरचनामा गएसगैंनियुक्ति, कार्यसम्पादन मूल्याङ्कन जस्ता कार्यको जिम्मेवारी स्थानीय तहमा रहेकाले स्थानीय तहले स्थानीय स्रोतमा शिक्षक नियुक्ति गर्नेकार्य गर्ने गरेका छन् ।

**झ. प्रमुख समस्या तथा चुनौतीहरू**

माथि उल्लिखित विश्लेषणका आधारमा कालिगण्डकी गाउँपालिकामा शिक्षक व्यवस्थापन र विकासकासर्न्दभमा निम्न लिखित समस्या र चुनौतीहरू रहेका छन् :

अ) समस्या

- शिक्षकमा उत्प्रेरणाको कमी,
- उत्तरदायित्व र जवाफदेहितामा कमी, दण्डहिनताले प्रश्रय पाउनु,
- कक्षागत र विषयगत शिक्षकको अभाव,
- आवश्यकता अनुसारको शिक्षक दरबन्दी अभाव्
- शिक्षक नियुक्ति, सरुवा, बढुवा बारे परिवर्तित सन्दर्भ अनुसार ऐन नियम नहुनु,
- शिक्षण पेशालाई रोजाइको पेशाका रुपमा विकास गर्न नसकिनु,
- विद्यालय तहको पाठ्यक्रम र शिक्षण आवश्यकतालाई सम्बोधन हुने गरी शिक्षक तयारी कोर्ष व्यवस्था नुहुनु

आ) चुनौतीहरू

- शिक्षकको मनोवृत्तिमा परिवर्तन गर्नु (घरपायक मात्र खोज्ने, जिम्मेवारी बोध कम),
- विपत र सङ्कटपूर्ण अवस्थामा शिक्षण सिकाइ सञ्चालन गर्न
- पाठ्यक्रमले निर्धारण गरेका सिकाइ उपलब्धि सुनिश्चित गर्न
- पेशागत विकास कोष अवसर विस्तार र प्रभावकारितामा सुधार गर्ने गरी संस्थागत प्रबन्ध गर्न,

- विद्यार्थी सिकाइ उपलब्धिलाई शिक्षकको कार्यसम्पादन मूल्याङ्कनसँग आवद्ध गर्ने आवश्यक शिक्षक दरबन्दी सुनिश्चित गर्न,

**ञ) उद्देश्य**

कालिगण्डकी गाउँपालिकाको शिक्षा क्षेत्र योजनामा शिक्षक व्यवस्थापन र विकासका उद्देश्यहरू निम्नानुसार निर्धारण गरिएका छन् :

- शिक्षकको छनोट नियुक्ति र पुनः वितरणलाई सुदृढ बनाउनु,
- शिक्षक तयारीको वर्तमान स्वरुप तथा प्रक्रियामा परिवर्तन गरी सक्षम शिक्षक आपूर्ति गर्नु
- सबै तहमा योग्यता पुनरावलोकन गरी विषयवस्तु जान्ने निपूर्ण शिक्षकको सुनिश्चित गर्नु,
- शिक्षक विकास तथा निरन्तर पेशागत सहयोग प्रणाली स्थापना गर्नु,
- पेशागत विकास र सिकाइ आदानप्रदान कार्यक्रमका माध्यमबाट सबै तहमा सक्षम, प्रतिबद्ध र अभिप्रेरित शिक्षकहरूको प्रबन्ध गर्नु,
- शिक्षक पेशागत विकास तथा निरन्तर सहयोग प्रणाली स्थापना गर्नु,
- शिक्षक तालिमको माध्यमबाट शिक्षकलाई पेशाप्रति उत्प्रेरित र जवाफदेही बनाउनु,
- आवश्यक प्रोत्साहन, सिकाइ आदानप्रदान कार्यक्रम, निरन्तर पेशागत सहयोगको माध्यमबाट सबै तहमा सक्षम, प्रतिवद्ध र अभिप्रेरित शिक्षक व्यवस्था गर्नु,

**ट) रणनीतिहरू**

माथि उल्लेख गरिएका उद्देश्य प्राप्तिका लागि यस शिक्षा योजनाले निम्न रणनीतिहरु तयार गरेको छ :

- वर्तमान शिक्षक शिक्षा कार्यक्रमलाई पुनरावलोकनका लागि सङ्घीय सरकारसँग अनुरोध गरिनेछ,
- शिक्षण सक्षमता प्रारुपलाई अद्यावधिक गरी शिक्षक तयारी र छनोट प्रक्रियामा आवद्ध गर्न सङ्घीय सरकार तथा प्रदेश सरकारमा अनुरोध गरिनेछ,
- शिक्षक विद्यार्थी अनुपातको आधारमा तहगत र विषयगत रुपमा शिक्षक दरबन्दी मिलान र दरबन्दी पुर्नवितरण तथा थप गरिनेछ,
- प्रारम्भिक बालविकास र पूर्व प्राथमिक शिक्षा कक्षा १-३ का लागि कक्षा १२ उत्तीर्ण, कक्षा ४-८ का लागि स्नातक तह उत्तीर्ण र कक्षा ९-१२ का लागि स्नातकोत्तर उत्तीर्ण गरेका शिक्षकको योग्यता कायम हुने गरी कानूनी व्यवस्थाका लागि संघीय सरकारमा अनुरोध गरी गाउँ शिक्षा ऐनमा पनि समाहित गरिनेछ ।
- रिक्त शिक्षक दरबन्दीमा तत्काल पदपुर्ति हुने व्यवस्थाका लागि स्थानीय स्तरमा कानुनी व्यवस्था प्रबन्ध गरिनेछ,
- उच्च कार्य सम्पादन गर्ने शिक्षकहरूको लागि प्रोत्साहन र पुरस्कृत गरिनेछ,
- नव प्रवेशी शिक्षकहरूका लागि अभिमुखीकरण मार्फत जिम्मेवार र उत्तरदायी बनाउन आवश्यक व्यवस्था मिलाइनेछ,
- शिक्षकले कक्षा कोठामा विताउने समय सुनिश्चित गर्न प्रधानाध्यापकलाई जिम्मेवारी बनाइनेछ,

**ठ) उपलब्धि र नतिजा**

अ) उपलब्धि

यो योजना लागू भएपश्चात सक्षम, योग्य, उत्तरदायी र अभिप्रेरित शिक्षकको व्यवस्था भई विद्यार्थीको सिकाइमा सुधार हुनेअपेक्षा गरिएको छ ।

आ) नतिजा

- सबै विद्यालयमा सूचना प्रविधिको व्यवस्थापन भइ शिक्षण सिकाइ सहज र उपलब्धिमा वृद्धि भएको हुने
- सबै विद्यार्थीहरूमा आधारभूत सञ्चार प्रविधिको सुविधामा पहँचु हुने
- विद्यालय व्यवस्थापन र सुशासनमा सुधार आउने
- अनुगमन, मूल्याङ्कन, सुपरीवेक्षण, सूचना सम्प्रेषणमा सुधार आउनुका साथै जनशक्ति र समयको बचत हुने
- शिक्षकहरूमा सूचना प्रविधिमैत्री शिक्षण क्षमता विकास भएको हुने
- विद्यार्थीहरूको सिकाइ प्रभावकारी, समय सान्दर्भिक र गुणस्तरीय हुने
- विद्यालय तथा कक्षा कोठाहरू सूचना प्रविधिमैत्री हुने
- सिकाइ सहजीकरणको लागि एक शिक्षक एक ल्यापटपको व्यवस्था हुने

| शिक्षक व्यवस्थापन र तालिम कार्यक्रमका लागि प्रस्तावित कार्यक्रमहरू (Proposed Activities for Teacher Management and Training) | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | लगानीको अनुमान (Cost Estimates (in '000s) | | | | | Existing unit cost | Proposed unit cost | बार्षिक भौतिक लक्ष्य (Yearly Physical Target) | | | | |
| प्रस्तावित कार्यक्रमहरु | २०२४/२५<br>८१/८२ | २०२५/२६<br>८२/८३ | २०२६/२७<br>८३/८४ | २०२७/२८<br>८४/८५ | २०२८/२९<br>८५/८६ | | | २०२४/२५<br>८१/८२ | २०२५/२६<br>८२/८३ | २०२६/२७<br>८३/८४ | २०२७/२८<br>८४/८५ | २०२८/२९<br>८५/८६ |
| शिक्षक योग्यता र बितरणको अध्यावधिक मापदण्डका आधारमा शिक्षक व्यवस्थापन (पुनर बितरण र समायोजन) | १०० | – | १०० | – | १०० | | १०० | १ | | १ | | १ |
| नयाँ नियुक्ति भएका शिक्षकहरुलाई सेवा प्रवेश तालिम | १९९ | १९९ | १९९ | १९९ | १९९ | | ३० | ७ | ७ | ७ | ७ | ७ |
| १५% देखि ३५% माध्यमिक शिक्षकहरुलाई गणित, विजयन र अंग्रेजी बिषयको बिषयबस्तुहयूको पाठ अध्ययन सामग्री विकाससम्बन्धी तालिम दिने | ५१ | ६९ | ८६ | १०३ | १२० | | ७ | ७ | १० | १२ | १५ | १७ |
| शिक्षकहरुलाई ICT मा आधारित तीनदिने Online/Offline सिकाई सम्बन्धी तालिम | १६६ | २२१ | ३३२ | ४४२ | ५५३ | | ५ | ३३ | ४४ | ६६ | ८८ | १११ |
| सबै प्रकारका शिक्षक तालिमहरू सन्चालनका लागि प्रशि १० दिने प्रशिक्षण तालिम (TOT) | ४,००० | ४,००० | ४,००० | ४,००० | ४,००० | | २० | २०० | २०० | २०० | २०० | २०० |
| प्रारम्भिक कक्षा सिकाई (EGL) सम्बन्धी ५ दिने प्रशिक प्रशिक्षण तालिम | १० | ६ | – | ५ | – | | ५ | २ | १ | | १ | |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ECED सँग सम्बन्धित बिभिन्न तालिमहरुको नयाँ मापदण्डका आधारमा तालिमहरुको गुणस्तर सुनिश्चित गर्न प्रशिक प्रशिक्षण सन्चालन गर्ने | ० | – | ० | – | – | | १५ | ० | | ० | | |
| सबै बिद्यालयका प्र.अ.हरुलाई जिम्मेवार बनाई Teacher's Time-on-task सम्बन्धी तयार गरिएको प्रणालीको अनिवार्य कार्यान्वयन गरिने | ४५ | ३५ | ७० | ७० | – | | ५ | ९ | ७ | १४ | १४ | |
| बिद्यालयमा आधारित अनुगमन र सहयोग प्रणाली अन्तर्गत प्र.अ.हरुका लागि Teachers, Mentors सम्बन्धी ३ दिने तालिम दिने | २ | ५ | २ | ९ | ९ | | ३ | १ | २ | १ | ३ | ३ |
| शिक्षक अनुगन कार्यक्रमका लागि क्षमता अभिबृद्दी गर्ने | ३०००० | ३०००० | ३०००० | ३०००० | ३०००० | | १० | ३००० | ३००० | ३००० | ३००० | ३००० |
| तालिम परिषदबाट स्वीकृत शिक्षक तालिम पाठ्यक्रमका आधारमा माध्यमिक तहका शिक्षकहरुलाई ४५ दिने TPD Certification तालिम प्रदान गर्ने (जस्मा १५ दिने तालिम Face to Face दिने, १५ दिने तालिम Online/Offline विधिमा देने र १५ दिने तालिम बिद्यालयमा आधारित अभ्यासात्मक रुपमा देने) | २६२.५ | २६२.५ | ९६ | ७२ | ७२ | | ३० | ८.७५ | ८.७५ | ३ | २ | २ |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| माध्यमिक तहका शिक्षकहरुलाई दिइदै आएको Online TPD Certification तालिमलाई निरन्तरता दिने | | | | | | | | | | | | |
| आधारभूत तहका (कक्षा ६-८) शिक्षकहरुलाई TPD Certification तालिम प्रदान गर्ने (जस्मा १५ दिने तालिम Face to Face दिने, १५ दिने तालिम Online/Offline विधिमा देने र १५ दिने तालिम बिद्यालयमा आधारित अभ्यासात्मक रुपमा देने) | १०२ | १०२ | १०२ | १०२ | १०२ | | ३० | ३ | ३ | ३ | ३ | ३ |
| आधारभूत तहका (कक्षा ६-८) शिक्षकहरुलाई दिइदै आएको Online TPD Certification तालिमलाई निरन्तरता दिने | | | | | | | | | | | | |
| आधारभूत तहका (कक्षा १-५) शिक्षकहरुलाई TPD Certification तालिम प्रदान गर्ने (जस्मा १५ दिने तालिम Face to Face दिने, १५ दिने तालिम Online/Offline विधिमा देने र १५ दिने तालिम बिद्यालयमा आधारित अभ्यासात्मक रुपमा देने) | २७६ | २७६ | २७६ | २७६ | २७६ | | २० | १४ | १४ | १४ | १४ | १४ |
| आधारभूत तहका (कक्षा ६-८) शिक्षकहरुलाई दिइदै आएको Online TPD Certification तालिमलाई शिक्षक तालिम | १६२,००० | १६२,००० | १६२,००० | १६२,००० | १६२,००० | | १८ | ९००० | ९००० | ९००० | ९००० | ९००० |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| एकीकृत पाठ्यक्रमका आधारमा निरन्तरता दिने | | | | | | | | | | | |
| नयाँ भर्ना हुने ECED Teachers/Facilatotars हरूलाई १५ दिने (९० घण्टा) सेवा प्रवेश तालिम प्रदान गर्ने | ६५ | ६५ | ६५ | ६५ | ६५ | | ३० | २ | २ | २ | २ | २ |
| हाल कार्यरत सबै ECED Teachers/Facilatotars हरूलाई दुई Modules मा प्रत्येक ५/५ बर्षमा पुनर्ताजगी तालिम प्रदान गर्ने | ४५,००० | ४५,००० | ४५,००० | ४५,००० | ४५,००० | | ३० | १५०० | १५०० | १५०० | १५०० | १५०० |
| आधारभूत र माध्यमिक तहका प्र.अ.हरुलाई नेतृत्व विकास तालिम प्रदान गर्ने (जस्मा १५ दिने तालिम Face to Face दिने र १५ दिने तालिम बिद्यालयमा आधारित अभ्यासात्मक रुपमा देने) | ३०,००० | ३०,००० | ३०,००० | ३०,००० | ३०,००० | | ३० | १००० | १००० | १००० | १००० | १००० |
| शिक्षकहरूलाई Face to Face र Online दुवै विधिमा मागमा आधारित Soft-skills integration, EGL Skill, एकीकृत शिक्षण सिकाई र शिक्षण सिकाईका अन्य क्षेत्रमा छोटो अवधिका तालिमहरू प्रदान गर्ने | १३८ | १३८ | १३८ | १३८ | १३८ | | १० | १४ | १४ | १४ | १४ | १४ |
| बिशेष शिक्षाका बिद्यालयहरूमा कार्यरत शिक्षकहरू र बिशेष शिक्षाका स्रोतकक्षाहरू सन्चालन | – | – | – | – | – | | १५ | ० | ० | ० | ० | ० |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| गर्ने स्रोत शिक्षकहरूलाई तालिम प्रदान गर्ने | | | | | | | | | | | | |
| बिशेष शिक्षाका बिद्यालयहरूमा कार्यरत शिक्षकहरू र बिशेष शिक्षाका स्रोतकक्षाहरू सन्चालन गर्ने स्रोत शिक्षकहरूलाई तालिम प्रदान गर्ने | – | – | – | | | | १० | ० | ० | ० | ० | ० |
| समाहित शिक्षा सन्चालन भएका बिद्यालयहरूमा कार्यरत शिक्षकहरूलाई तालिम प्रदान गर्ने | – | – | – | – | – | | १५ | ० | ० | ० | ० | ० |
| **तपाइको पालिकाबाट थप गर्न चाहेका कार्यक्रमहरु:** | | | | | | | | | | | | |
| एक शिक्षक एक ल्यापटप कार्यक्रम | ५००,००० | ५००,००० | ५००,००० | ५००,००० | | | | | | | | |
| **शिक्षक व्यवस्थापन र तालिम कार्यक्रमको जम्मा बजेट (हजारमा)** | ७७२.४२ | ७७२.३८ | ७७२.४६ | ७७२.४८ | २७२.६३ | | | | | | | |

## ४.३ शिक्षामा समता र समावेशीकरण

### क) परिचय

पहुँच र सहभागिताको लागि समानतामा पुग्ने उद्देश्य हासिल गर्न असमानहरु बिच गरिने असमान व्यवहार नै शैक्षिक समता हो । विभेद र वञ्चितीकरणमा परेका वर्ग समुदाय र क्षेत्रलाई गुणस्तरीय शिक्षामा सजिलै पहुच को सुनिश्चिता सम्भव हुदैन । यो आफैंमा गन्तव्य नभई एउटा माध्यम मात्र हो । कालिगण्डकी गाँउपालिका एउटा विविधताले भरिपूर्ण गाउँपालिका हो । यसमा ब्राहमण, क्षेत्री, दलित, जनजाति, अपाङ्गता भएका बालबालिकाहरुको बसोबास रहेको छ । फरक फरक शारीरिक क्षमता भएका, कमजोर आर्थिक अवस्था भएका, समाजमा पछि परेका र पछि पारिएका दलित महिला अपाङ्गता भएका व्यक्तिहरुको बसोबास यहाँको समुदायमा रहेको छ । सामाजिक साँस्कृतिक तथा विभिन्न परम्परागत कार्यले गर्दा लैगिक विभेद कायमै रहेको छ ।  समता बनाउन विशेष तथा थप प्रबन्ध गर्नुपर्दछ । समता अभिवृद्धि विविधतालाई समावेश गर्न प्रत्येक बालबालिकाले स्वीकारिएकोर महत्व दिएको महसुस गर्नुपर्दछ ।

ठाउँ क्षेत्र अनुसार विविधताको सम्मान र समता तथा समावेशीता अभिवृद्धि गरी शिक्षामा सबैकोसहज पहुँच र अर्थपूर्ण सहभागितामा कायम गर्दैसिकाइ सुनिश्चितता गर्नका लागि यसका कारण तथा बाधाहरु पहिचान गरी ती बाधाहरु हटाउनु पदर्छ । समावेशिता अभिवृद्धि गर्नका लागि योजना निर्माण गरी त्यस अनुरुप कार्यक्रम सञ्चालन गर्नु आजको आवश्यकता हो ।

### ख) वर्तमान अवस्था

कालिगण्डकी गाउँपालिकामा समदायमा आधारित बालविकास केन्द्र सहित ४७ वटा विद्यालयहरु सञ्चालनमा रहेका छन् । उक्त विद्यालयहरुमा विभिन्न जातजाति, धर्म, आर्थिक अवस्थाका विद्यार्थीहरु अध्ययन गर्दै आएका छन् । कतिपय विद्यालयहरुमा शारीरिक अपाङ्गता भएका बालबालिकाहरु समेत रहेका छन् । यस्तो अवस्थाका विद्यार्थीहरुको शिक्षामा पहुँच वृद्धिकालागि छात्रवृति प्रदान गर्ने गरिएको छ । तर कतिपय विद्यालयमा अपाङ्गता भएका बालबालिकाको सङ्ख्या रिपोर्टिङ नभएकाले सङ्ख्या कम देखिन गएको छ । ती बालबालिकाहरु, विद्यालय शिक्षाको पहुँच बाट टाढा रहेको अवस्था छ । आर्थिक हिसाबले विपन्न परिवारका बालबालिकाहरु, अभिभावक र सहारा बिहीन बालबालिकाहरु समेत समुदायमा रहेका छन् तर तिनको लगत र तथ्याङ्क व्यवस्थित हुन सकिरहेको छैन । खासगरी  आधारभूत तहका कक्षा १–८ मा अध्ययन गर्ने सबै छात्राहरु र दलित बालबालिकाहरुलाई कुनै न कुनै रुपमा सहयोग गरिँदै आएको छ । त्यसैगरी विद्यार्थी मूल्याङ्कनका क्रममा समेत अपाङ्गता भएका बालबालिकाहरुलाई थप समयको व्यवस्था समेत गरिने प्रावधान छ । गाउँपालिकाले धेरै महत्वपूर्ण कामहरु गरिरहेको भएतापनि अझैपनि शिक्षामा सबै वर्गको समान पहँचु भने पुग्न सकिरहेको छैन ।

### ग) समस्या तथा चुनौतीहरु

कालिगण्डकी गाउँपालिकाको हालको अवस्थाको विश्लेषणको आधारमा कमजोर तथा समाजमा पछि परेको वर्गको शिक्षाको पहुँचमा देखिएका समस्या तथा चुनौतीहरु निम्न रहेका छन् :

- विद्यालयहरुमा लैङ्गिक र अपाङ्गमैत्री भौतिक तथा शैक्षिक वातावरण निर्माण हुन नसक्नु,
- विद्यालयमा विभेद रहित वातावरण हनु नसक्नु,
- अपाङ्गता भएका बालबालिकाहरुको तथ्याङ्क सङ्कलन विश्लेषण र अभिलेखीकरण हुन नसक्नु,
- समाजमा पछि परेको वर्ग दलित, गरिब,अपाङ्गता भएको व्यक्तिलाई प्रदान गरिने सहायतान्यून हुनु,
- समाजमा अझै पनि विभेद कायम रहिरहनु,
- बालमैत्री व्यवहार नहुनु,

**घ) उद्देश्य**

शिक्षामा सबै वर्गको पहुँच बढाउन कालिगण्डकी गाउपाँलिकाले निम्न उद्देश्यहरु तय गरेको छ।

- सिकाइमा सबैको सहभागिता वृद्धि गरी गुणस्तर सुनिश्चित गर्ने
- शिक्षामा समतामूलक पहुँच पुऱ्याउने,
- समुदाय तथा विद्यालयमा हुने सबै प्रकारका विभेद , दुव्यर्वहार र हेपाइ आदिलाई न्यूनीकरण गर्ने
- शैक्षिक सुशासन कायम गर्न विद्यालय तथा विभिन्न संघसंस्था र कार्यालयहरुलाई जवाफदेही बनाउने ।

**ङ) रणनीतिहरु**

कालिगण्डकी गाउँपालिकाले शिक्षा क्षेत्रमा सबै वर्गको समान पहुँच तथा सहभागिता बढाई शैक्षिक स्तर उकास्नका लागि यस योजना मार्फत निम्न रणनीतिहरु तय गरिएको छ :

१. सबै तह र प्रकारका विद्यालयहरुमा लैङ्गिक तथा अपाङ्गतामैत्री भौतिक संरचनाहरुको निर्माण गर्न सहयोग गरिनेछ ।

२. घरधुरी सर्वेक्षण गरी बालबालिकाहरुको सबै प्रकारको विवरण सङ्कलन गरी अद्यावधिक गरी राखिनेछ ।

३. साधारण विद्यालयमा भर्नाभई अध्ययन गर्न नसक्ने विशेष प्रकृतिका बालबालिकाहरुको लागि स्रोतकक्षाको व्यवस्था गरिनेछ ।

४. विद्यालयमा हुने सबै प्रकारका विभेदहरुको अन्त्य गर्न सबै शिक्षक विद्यार्थीलगायतका सरोकार वालाहरुलाई अभिमुखीकरण गरिनेछ र त्यसको कडाइका साथ लागु गरिनेछ ।

५. समावेशी तथा समतामूलक पहुँचको सुनिश्चितताकोलागि यथोचित छात्रवृत्तिको रकम उपलब्ध गराइनेछ ।

६. विद्यार्थीहरुलाई खासगरी किशोरीहरुलाई हुने विभेद र हेपाइ आदिलाई न्यून गर्न सचेतनामुलक कार्यक्रमका साथै अनुगमन तथा निरीक्षण, अनुसन्धान गरिनेछ र विभेद गरेको पाइएमा त्यस्ता व्यक्तिलाई कानुनको दायरामा ल्याइनेछ ।

७. विद्यालयमा हुने सबै गतिविधिहरुमा बालबालिकाहरुको समावेशी सहभागिताको सुनिश्चितता गरिनेछ ।

**च) उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य**

अ) उपलब्धि

कालिगण्डकी गाउँपालिकाले यस योजना अनुसार समाजमा पछाडि परेका र आथिर्क तथा सामाजिक रुपले कमजोर अपाङ्गता भएका र सहारा विहीन बालबालिकाहरुको विद्यालयमा समातामलूक पहुँचमा वृद्धि हुने अपेक्षाराखेको छ ।

आ) नतिजा

१. विद्यालय तहको शिक्षामा समतामूलक पहुँच र समावेशी सहभागिता सहित सबैका लागि गुणस्तरीय शिक्षा सुनिश्चित हुने ।

२. अपाङ्गता, गरीव, विपन्न, अभिभावक विहिन, बेसहारा आदि बालबालिकाहरुको अभिलेख गाउँपालिकामा हुने ।

३. विद्यालयहरुमा लैङ्गिक जातीय सामाजिक एवम् सबै प्रकारका विभेदकोअन्त भएको हुने ।

४.लक्षित समूहले तोकिए बमोजिम छात्रवृत्ति प्राप्त गरी अध्ययन गरेकोहुने ।

## ४.४ विद्यालय स्वास्थ्य तथा पोषण कार्यक्रम

**परिचय**

बालबालिकाको विकास तथा सिकाइसँग उनीहरूको स्वास्थ्य तथा पोषणका अवस्थाको प्रत्यक्ष सम्बन्ध रहेको हुन्छ । स्वास्थ्य तथा पोषणको राम्रो अवस्थाले बालबालिकालाई सिकाइ सहभागिता बढाई उपलब्धि सुधार गर्न प्रोत्साहित गर्दछ । सरसफाइ तथा स्वच्छता सम्बन्धी अभ्यासका अतिरिक्त महिनावारी सम्बन्धी सरसफाइ तथा स्वच्छता सम्बन्धी सहयोग तथा शिक्षा पनि उत्तिकै आवश्यक रहेको छ । विद्यालयमा आधारित स्वास्थ्य तथा पोषण सम्बन्धी

यस्ता कार्यक्रमहरूले विद्यार्थीको भर्ना तथा टिकाउ दर बढाउन र कक्षामा अनुपस्थित हुन तथा बिचमा विद्यालय छाड्नेदर घटाउन योगदान गरी सिकाइ उपलब्धि सुधार गर्न सहयोग गर्दछ ।
बालबालिका स्वस्थ नभएसम्म उनीहरूले राम्रोसँग शिक्षा हासिल गर्न सक्दैनन् भन्ने कुरा त सर्वसाधारण अभिभावकहरूलाई पनि जानकारी भएको विषय हो । त्यसका लागि विद्यालयले स्वच्छ खानेपानी, खाजा, सफा शौचालयको व्यवस्था गर्नु पर्दछ भने यी सबै काममा विद्यालयलाई सघाउनु अभिभावकहरूको कर्तव्य हुन आउँछ । अहिले बालबालिकामा बजारमा पाइने पाकेटमा राखिएका चाउचाउ, बिस्कुट जस्ता खाद्यपदार्थ र विभिन्न ब्राण्डका पेय पदार्थहरू खाने बानी नै बसिसकेको छ । यस्ता पदार्थहरू स्वास्थ्य र पोषणको दृष्टिले कुनै महत्वका नहुनुका साथै हानिकारक पनि भएको समाचार र सन्देश विभिन्न सञ्चार माध्यमहरूमा समय समयमा प्रकाशित भएको पाइन्छ । त्यसैले यस विषयलाई गम्भिरतापूर्वक लिएर विद्यालयमा स्वास्थ्य र पोषण सम्बन्धी कार्यक्रमहरू सञ्चालन गर्नु पर्दछ ।
नेपालमा सन् १९७४ देखि छानिएका जिल्लाका छानिएका प्राथमिक विद्यालयमा विश्व खाद्य कायर्क्रमको खाद्यान्न अनुदानमा आधारित दिवा खाजा कार्यक्रम प्रारम्भ भएकोमा आर्थिक वर्ष २०७७/२०७८ देखि सामुदायिक विद्यालयमा पूर्व प्राथमिकदेखि कक्षा ५ का सबै विद्यार्थीलाइ प्रति विद्यार्थी रु १५।- बराबरको खाजा खुवाउन थालिएको छ । सामुदायिक विद्यालयमा दिवा खाजा मापदण्ड तथा व्यवस्थापन कार्यविधि २०७६ बमोजिम दिवा खाजा व्यवस्थापनको पाटो अगाडि बढाइएको अवस्था छ ।

**ख) वर्तमान अवस्था**

कालिगण्डकी गाउँपालिकाका सवै माध्यमिक र केही आधारभूत विद्यालयहरुमा छात्र र छात्राका लागि अलग अलग शौचालय निर्माण गरिएको र निर्माण गर्ने प्रक्रियामा रहेका छन् । कक्षा ६ देखि १२ सम्म अध्ययनरत छात्राका लागि महिनावारी स्वच्छता व्यवस्थापनका लागि विगत केही वर्ष अघि देखि सुरु गरिएको निःशुल्क सेनिटरी प्याड वितरण कार्यक्रमलाई यस वर्षदेखि प्रभावकारी बनाउँदै लगिएको छ । केहि विद्यालयमा दाताहरुको सहयोगमा भेण्डिङ मेसिन जडान गरिएको छ र सबै माध्यमिक विद्यालयहरुमा डिस्पोजल मेसिन वितरण गरिएको छ । केही विद्यालयका लागि प्राथमिक उपचार सामग्रीका बाकस र बालिकाहरूका लागि आइरन चक्की प्रदान गरिएकोछ । हाल गाउँपालिका अन्तर्गतका ४५ वटा विद्यालयमा दिवा खाजाको व्यवस्था गरिएको छ । जसबाट आर्थिक अवस्था कमजोर भएका विद्यार्थीहरु धेरै लाभान्वित भएका छन् ।

**ग) चुनौती**

सबै आधारभूत तथा माध्यमिक विद्यालयमा दिवा खाजा, स्वास्थ्य र सरसफाई तथा स्वच्छताका कार्यक्रमका लागि पर्याप्त तथा दिगो वित्तीय प्रबन्ध सुनिश्चित गर्न, उपयुक्त स्वरूप निर्धारण गरी पौष्टिक तथा स्वस्थकर विद्यालय खाजा सुनिश्चित गर्न, दिवा खाजा तथा मानव विकास लगायत पोषण तथा स्वास्थ्यका आधारभूत गुणस्तरका लागि विद्यालयका प्राविधिक क्षमता विकास गर्न, विद्यालय खाजा कार्यक्रमलाई स्थानीय कृषि तथा व्यापारसँग जोड्न, विद्यालयखाजालाई सबै कक्षाका विद्यार्थीले प्राप्त गर्ने गरी कानूनी प्रबन्ध गर्न, विद्यालय खाजा, विद्यालय स्वास्थ्य, पोषण, सरसफाई तथा स्वच्छता सम्बन्धी कार्यविधि २०७४ ले उल्लखे गरे अनुसार सबै विद्यालयहरूमा हुनु पर्ने खानेपानी, सरसफाइ तथा स्वच्छता सुविधाहरूमा स्वच्छ पिउने पानी सहित पर्याप्त पानी, विद्यार्थी सङ्ख्या अनुसार अलग अलग सफा र सुरक्षित स्थानमा बाल, लैङ्गिक, अपाङ्गता र वातावरणमैत्री शौचालय, वातावरणीय सरसफाई, हरियाली वातावरण र स्वच्छता सुविधा, विद्यालयमा महिनावारी स्वच्छता व्यवस्थापन, सफा र स्वच्छ खाद्य पदार्थ, सवैविद्यालयमा Wash सुविधा सहितको शौचालय निर्माण एवम् सञ्चालन गर्ने विषय अझ पनि गाउपाँलिकाको लागि चुनौतीपूर्ण नै रहेको छ ।

**घ) लक्ष्य**

विद्यालय उमेर समूहका सवै बालबालिकाहरुलाई स्वास्थ्य तथा पोषणको अवस्थामा सुधार, सिकाइमा सुधार, विद्यालयमा टिकाउ सहित सुरक्षित तथा रमाइलो सिकाइ वातावरणको पूर्ण पहुँच तथा सहभागिता सुनिश्चित गर्ने ।

**ङ) उद्देश्य**

- विद्यालय खाजासँग सम्बन्धित सेवाहरूमा सुधार गरी प्रत्येक विद्यालयमा बालबालिकालाई स्वस्थकर तथा पौष्टिक खाना प्राप्तिको सुनिश्चितता गर्ने ।
- विद्यालयमा बालबालिकाको स्वास्थ्य, पोषण र सरसफाई तथा स्वच्छताकोसेवामा सुधार गर्ने ।
- विद्यालयमा अध्ययन गर्ने बालबालिकाहरूको स्वास्थ्य, पोषण र सरसफाई तथा स्वच्छता सम्बन्धी व्यवहारलाई प्रोत्साहन गर्ने र सिकाइ उपलब्धिमा सुधार गर्ने ।

**च) रणनीतिहरू**

- बालबालिकाका लागि विद्यालयमा नै पोषिलो र ताजा खाजा तयार गर्नुका साथै खाजा भान्सा तथा भण्डार, भान्सामा प्रयोग हुने आवश्यक भाडावर्तन र अन्य सामग्रीहरू तथा समूहमा हात धुने लगायतका सुविधा विस्तार गर्दै लगिनेछ ।
- दिवा खाजा कार्यक्रमलाई क्रमशः विस्तार गर्दै अभिभावकको संलग्नतामा माध्यमिक तहसम्मका विद्यार्थीका लागि खाजाको प्रवन्ध गरिने छ ।
- विद्यार्थीले दिवा खाजा पाउने कुरालाई अधिकारको रूपमा स्थापित गराउन कानुनी प्रबन्ध गरिने छ ।
- विद्यालयमा विद्यार्थी सङ्ख्याको अनुपातमा पर्याप्त पानी, साबुन तथा सरसफाई सामग्री सहित आवश्यक सङ्ख्यामा छात्र र छात्राका लागि अलग अलग शौचालय तथा युरिनल, किशोरीहरूका लागि चेन्ज रुम, प्रयोग भइसकेका सामग्री व्यवस्थापन, हात धुने ठाउँ, स्वच्छ खानेपानी, कक्षाकोठा तथा विद्यालय परिसर सरसफाईको प्रबन्ध र घेराबाराको व्यवस्था गरिने छ ।
- विद्यालयहरूमा प्राथमिक उपचार किट वितरण, बालबालिकाहरूको आवधिक स्वास्थ्य जाँच, जुकाको औषधि तथा सुक्ष्मपोषक तत्व प्रदायक ट्यावलटेहरू (भिटामिन ए र आइरन, फोलिक एसिड आदि) को वितरण र किशोरीहरूको महिनावारी स्वच्छताका लागि स्यानिटरी प्याड वितरणलाई स्वास्थ्य क्षेत्रको सहकार्यमा नियमित, निरन्तरता र प्रभावकारी बनाइनेछ ।
- खाद्य सुरक्षा, सफाई, किशोरीहरूका लागि महिनावारी स्वच्छता र पोषण सम्बन्धी शिक्षा प्रदान गर्न स्वास्थ्य र कृषि क्षेत्रसँग समन्वय गरी संयुक्त कार्य योजना निर्माण गरी कार्यन्वयन गरिने छ ।
- दिवा खाजा लगायत स्वास्थ्य, पोषण तथा सरसफाई र स्वच्छता सम्बन्धी कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन साधन, संयन्त्र र प्रक्रियामा पुनरावलोकन गरी प्रभावकारी बनाइनेछ ।

**छ) उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप तथा लक्ष्य**

**अ) उपलब्धि**

विद्यालयमा अध्ययन गर्नेसबै बालबालिकाको स्वास्थ्य तथा पाषेणको अवस्थामा सुधार, मनोसामाजिक कुशलतामा अभिवृद्धि तथा सिकाइमा सुधार सहित सुरक्षित तथा रमाइलो सिकाइ वातावरणमा पूर्ण पहुँच तथा सहभागिता हुने ।

**आ) प्रमुख नतिजाहरू**

- विद्यालय दिवा खाजालाई विद्यार्थीको अधिकारका रूपमा स्थापित गर्न कानूनी प्रबन्ध हुने ।
- दिवा खाजालगायत स्वास्थ्य तथा पोषण कार्यक्रममा तीन तहको सरकार र अन्य क्षेत्र समेतको लागत साझेदारीमा व्यवस्थापन गरिनेछ ।

- बालविकास शिक्षादेखि आधारभूत तह कक्षा ८ सम्मका सामुदायिक विद्यालयका सबै बालबालिकाहरूले स्वस्थकर, पौष्टिक र स्थानीय उत्पादनमा आधारित दिवा खाजा स्थानीय तह मार्फत विद्यालयबाट प्राप्त हुने
- गाउँपालिका अर्न्तगतका विद्यालयका सबै कक्षाका विद्यार्थीहरूलाई अभिभावकको सहभागितामा दिवा खाजा वा खाना प्राप्त हुने ।
- विद्यालयमा पर्याप्त पानी, साबुन तथा सफाई सामग्री सहित आवश्यक सङ्ख्यामा छात्र र छात्राका लागि अलग अलग शौचालय तथा युरिनल, किशोरीहरूका लागि चेन्ज रुम, प्रयोग भइसकेका सामग्री व्यवस्थापन, हात धुने ठाउँ, स्वच्छ तथा पिउने पानी, कक्षाकोठा तथा विद्यालय परिसर सरसफाइको प्रबन्ध र घेराबारको व्यवस्था हुने ।
- विद्यालयहरूमा प्राथमिक उपचार किट वितरण, बालबालिकाहरूका स्वास्थ्य जाँच, जुकाको औषधि तथा सुक्ष्मपोषक तत्व प्रदायक ट्यावलेटहरू किशारीहरुको मासिक महिनावारीमा स्यानिटरी प्याड वितरण हुने ।
- विद्यालयमा विद्यार्थीलाई स्वास्थ्य, खाद्य सुरक्षा, सफाइ तथा स्वच्छता, किशोरीहरूका लागि महिनावारी स्वच्छता र पोषण सम्बन्धी आधारभूत शिक्षा प्राप्त हुने ।

### ४.५ आपतकालीन तथा सङ्कटकालीन अवस्थामा शिक्षा

**क) परिचय**

विश्वमा बेलाबेलामा देखापर्ने विभिन्न रोगजन्य महामारी, प्राकृतिक विपत्ति, द्वन्द्व, युद्ध जस्ता संकटको समयमा सबै ठाउँमा विद्यार्थीहरु विद्यालयमा नै जम्मा भएर पठनपाठन गर्न सक्ने अवस्था नरहन पनि सक्छ। यस्तो अवस्थामा समेत बालबालिकाहरु शिक्षाबाट वञ्चित नहुन भन्ने उद्देश्यका साथ र उनीहरुको सिक्न पाउने अधिकारलाई संरक्षण दिदैं सिकाइलाई निरन्तरता दिनको लागि वैकल्पिक उपाय सहित तयार पारिएको शैक्षिक कार्यक्रमलाई आपतकालीन तथा सङ्कटकालीन अवस्थामा शिक्षा भन्ने गरिन्छ । यसको मूल उद्देश्य भनेको संकटकालीन तथा विपद्को अवस्थामा पनि बालबालिकाहरुलाई सुरक्षित राख्नुका साथै समग्र शिक्षा क्षेत्रलाई निर्वाध रुपमा क्रियाशील हनेुगरी शैक्षिक कायर्क्रमको तयारी र सञ्चालन गर्नु रहेको छ। यस अवधारणा अन्तर्गत सम्भावित जोखिमको पूर्व तयारी, आपतकालीन अवस्थामा क्षति कम हुने गरी तत्कालको व्यवस्थापन आदि जस्ता कार्यढाँचा समेटिएको हुन्छ ।

नेपालमा पनि प्रकोप व्यवस्थापन तथा सङ्कटकालीन अवस्थामा शिक्षा प्राप्त गर्ने बालबालिकाहरुको अधिकारलाई कुण्ठित हुन नदिने गरी नीतिगत तथा कानुनी व्यवस्थाका अतिरिक्त आवधिक योजना, शिक्षा क्षेत्रको दीर्घकालीन योजना र वार्षिक बजेट तथा कार्यक्रममा समेत समावेश गरिदै आएको छ । विषेशत देशमा लामो समयसम्म चलेको आन्तरिक द्वन्द्व, २०७२ सालको भूकम्प, कोभिड १९, लगायत स्थानीय क्षेत्रमा घट्ने प्राकृतिक प्रकोपहरुका कारण बालबालिकाको शिक्षा प्राप्त गर्ने अधिकारमा बाधा नपुगोस् भन्ने उद्देश्यले शिक्षा क्षेत्रको योजना (सन् २०२१–२०३०) मा समेत यस कुरालाई समावेश गरिएको छ । यसै महत्वलाई मध्यनजर गर्दै कालिगण्डकी गाउँपालिका गुल्मीले पनि आपत्कालीन तथा संकटकालीन अवस्थामा शिक्षा योजना तयार गर्नुपर्दछ भन्नेमान्यताका साथ वर्तमान अवस्थालाई समेत विश्लेषण गरी क्रियाकलाप र उपलब्धिहरु समावेश गरिएको छ ।

**ख) वर्तमान अवस्था**

नेपालमा २०७२ सालमा आएको भूकम्प, कोभिड तथा स्थानीय स्तरमा हुने बाढी, पहिरो, डुवान जस्ता विपद्ले विद्यालयमा धेरै दिनसम्म असर पारेका प्रशस्त उदाहरणहरु रहेका छन् । कालिगण्डकी गाउँपालिका समेत यो समस्याबाट अछुतो रहन सकेको छैन्। विकट भौगोलिक अवस्था भएको गुल्मी जिल्लाको कालिगण्डकी गाउँपालिकाका विद्यालयहरु पनि बर्षाको समयमा बढी प्रभावित हुने गरेका छन्। कोभिड-१९ को विषम परिस्थितिमा त झन् आपतकालीन शिक्षाको योजना स्थानीय तहबाट नै गरी आवश्यकताका आधारमा लागु गर्न तयार हुनुपर्छ भन्ने पाठ सबैलाईसिकाएको छ । नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले मिति २०७७।०२।१८ मा

जारी गरेको वैकल्पिक प्रणालीबाट विद्यार्थीको सिकाइ सहजीकरण निर्देशिका, २०७७ का अनुसार वैकल्पिक प्रणाली भन्नाले कोभिड-१९ वा यस्तै प्रकारको विपद् वा महामारी जस्ता कारणले पठनपाठन गर्नकठिन भएकोवा हुने अवस्थामा रेडियो, एफ.एम. रेडियो, टेलिभिजन, अनलाईन, परियोजना पाठहरु, स्वअध्ययन सामग्री, दूर शिक्षा तथा खुल्ला शिक्षालगायतका वैकल्पिक माध्यम वा पद्धतिबाट अध्ययन सुचारु राख्ने विधि र प्रक्रियालाई आत्मसात् गर्दै यस निर्देशिकाले सूचना प्रविधिलाई पनि विशेष जोड दिएको छ ।

आपतकालीन अवस्थाको शिक्षा योजना बनाउँदा के कस्ता कुराहरुलाईसमावेश गर्ने भन्ने कुरा प्रमुख मुद्दा हो । स्थानीय तहले आपतकालीन अवस्थाको शिक्षा योजना निर्माण गर्दा केन्द्रीय योजनासँग कसरी तारतम्य मिलाउने ? योजना अल्पकालीन बनाउने की दीर्घकालीन बनाउने भन्ने जस्ता चुनौतीहरु भने रहेका छन् । यस्ता चुनौतीहरुलाई विचार गर्दै गाउँपालिकाले आपतकालीन शिक्षा योजना बनाउँदा अवस्था, स्रोत साधनको व्यवस्थापन र जिम्मेवारीका कुराहरुलाई महत्वकासाथ सम्बोधन गर्नुपर्दछ ।

**ग) उद्देश्य**

देश तथा स्थानीय क्षेत्रमा विभिन्न अवस्थामा आईपर्न सक्ने आपतकालीन तथा संकटकालीन अवस्थामा समेत बालबालिकाको पढ्नपाउने अधिकारलाई सुनिश्चित गर्ने यो योजनाको मुख्य उद्देश्य रहेको छ । यसका साथै संकटकोसमयमा प्रतिकार्यकोसंयन्त्र विकास गरी अल्पकालीन तथा दीर्घकालीन पुनर्स्थापनाका योजनामा समेत सहयागे गर्ने रहेको छ ।

**घ) रणनीतिहरु**

कालिगण्डकी गाउँपालिकाले शैक्षिक सुधारका लागि आपतकालीन तथा सङ्कटको समयमा शिक्षा क्षेत्रमा निम्न रणनीतिहरु अपनाउने छ :

- प्रकोप, विपद्, महामारीको पूर्व अनुमान अनुसार सङ्घीय सरकारले बनाएका कार्यविधिहरुको लागु गर्ने संयन्त्रको विकास गरिने छ ।
- स्थानीय सरोकारवाला र विज्ञहरुसँग अन्तरक्रिया छलफल गरी स्थानीय स्तरमा सुहाउँदो तहगत रुपमा वैकल्पिक सिकाइ पाठ योजना तयार पारिनेछ ।
- स्थानीय एफ.एम. रेडियो, रेडक्रस,स्काउट, स्थानिय क्लव,आमासमुह लगायतका संस्थाहरुसँग समन्वय गरिनेछ ।
- विपद् प्रतिरोधी पूर्वाधारहरुको निर्माणमा जाडे दिइने छ ।
- स्थानीय विज्ञहरु समेत समेटी गाउँपालिका स्तरीय एउटा विपद् व्यवस्थापन समिति बनाईनेछ । जसमा विद्यालय शिक्षा हेर्ने उपसमिति समेत बनाई कार्य सम्पादन गरिनेछ ।

**ङ) उपलब्धि, नतिजा तथा क्रियाकलाप**

**अ) उपलब्धि**

यो योजनाको कार्यान्वयन भएपश्चात आपत्कालीन तथा संकटको समयमा समेत गाउँपालिका भित्रका विद्यालयहरुमा पठनपाठन गर्ने विद्यार्थीहरुले वैकल्पिक माध्यमबाट भएपनि सिकाइलाई निरन्तरता दिँदै प्रतिकार्य क्षमता समेत बढाउँदै लैजानेछन् भन्ने अपेक्षा गरिएको छ ।

आ) नतिजा

- विद्यालय तथा स्थानीय शिक्षा प्रणालीमा आपतकालीन तथा संकटको समयका लागि व्यावहारिक योजना निर्माण भई आवश्यकताका आधारमा लागु हुने ।
- प्रकोप महामारीमा समेत सिकाइ निरन्तर हुने।
- संघीय तथा प्रादेशिक योजनाहरुसँग समेत तालमले हुने ।

## ४.६ विद्यालय भौतिक पुर्वाधार विकास

शिक्षा ऐन तथा नियमावलीमा तोकेको मापदण्ड अनुसार बालबालिकाको पठनपाठनको लागि सुरक्षित विद्यालय, पढ्नका लागि कक्षाकोठा, खेल्नका लागि खेलमैदान, दिसा पिसाबका लागि शौचालय, सरसफाइ र पिउनका लागि खानेपानी जस्ता भौतिक पूर्वाधारहरु विद्यालयका आधारभूत संरचना अन्तर्गत पर्दछन् । राष्ट्रिय शिक्षा नीति, २०७६ अनुसार विद्यालयमा भवन, कक्षाकोठा, फर्निचर, प्रयोगशाला, खानेपानी, पुस्तकालय, बुक कर्नर. शिक्षक कक्ष, प्रधानाध्यापक कक्ष, सभाहल, कम्प्युटर कक्ष, मञ्च, बगैंचा जस्ता भौतिक पूर्वाधार तयार गर्ने, विद्यालय भवनलगायत सम्पूर्ण भौतिक पूर्वाधार विपद् जोखिममुक्त बनाउँदै सबै विद्याललाई सुरक्षित एवम् बालमैत्री का साथै हरित विद्यालयको रूपमा विकास गर्ने जस्ता नीतिगत व्यवस्था नेपाल सरकारद्धारा गरिएको छ ।

कालिगण्डकी गाउँपालिकामा रहेका ४७ ओटा सामुदायिक विद्यालयहरूमध्ये धेरै जसो विद्यालयमा आवश्यकता अनुसार भवन र कक्षाकोठा भएतापनि केही विद्यालयमा अझैपनि आवश्यकता अनुसारको कक्षा कोठाको अभाव देखिन्छ । धेरैजसो विद्यालयमा खेल्नका लागि पर्याप्त खेलकुद मैदान, विद्यालय घेरावार, शुद्ध पिउनेपानी, पर्याप्त पुस्तक सहितको पुस्तकालय, आवश्यक पर्ने सामग्री सहितको प्रयोगशाला, जिन्सी कोठा, बुक कर्नर जस्ता पूर्वाधार पुग्न सकेको छैन । पढाई सञ्चालनको लागि आवश्यकता अनुसारको कक्षाकोठा, प्रशासन कक्ष, लेखा शाखा कक्ष, बैठक कक्ष जस्ता सुविधाहरू अझै नपुग देखिन्छ । कतिपय विद्यालयमा त सुरक्षित र स्वच्छ पिउने पानी र WASH को व्यवस्था समेत छैन । पुस्तकालयका लागि आवश्यक पर्ने टेबुल, कुर्चि, दराज लगायतका फर्निचर, प्रयोगशालामा सामग्रीको अभाव छ । २०७२ सालको भूकम्पका कारण क्षति पुगेका विद्यालय भवनहरूको मर्मत सम्भार अझ पनि बाँकी छन् । आवश्यकता अनुसार कक्षाकोठा, छात्राका लागि बेग्लै शौचालय, बुक कर्नर समेत हालसम्म पूर्ण हुन सकेको छैन । भौतिक पूर्वाधार सन्दर्भमा एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणालीमा आवद्ध गरिए पनि प्राविधिक एवम् वस्तुनिष्ठ आँकलन गर्न सकिएको छैन । विद्यालय भवन निर्माणका लागि लागु गरिएका लागत अनुमान समेत भौगोलीक विकटताको कारणले सबैठाउमा उपयुक्त तरिकाले कायम हुन सकेको छैन । पूर्वाधार विकासका विधि तथा प्रक्रियालाई पारदर्शी र जवाफदेही बनाउने, सुरक्षित विद्यालयको लागि उपयुक्त मापदण्ड विकास गर्ने, पूर्वाधार विकासका लागि Master Plan निर्माण, आवश्यक स्रोतको ब्यवस्थापन, भौतिक पूर्वाधारहरू अपाङ्गतामैत्री, बालमैत्री तथा लैङ्गिकमैत्री बनाउने चुनौतीहरू वर्तमान अवस्थामा रहेकाछन् ।

### क) उद्देश्यहरू

पर्याप्त भौतिक पूर्वाधार विकास कार्यक्रम मार्फत गुणस्तरीय विद्यालय शिक्षाको व्यवस्थापनमा सहयोग पुर्याउनु यस योजनाको मुख्य उद्देश्य रहेको छ । यो उद्देश्य हासिल गर्न निम्नलिखित उद्देश्य निर्धारण गरिएको छ

- सुरक्षित विद्यालयको अवधारणा अनुरूप गुणस्तरीय विद्यालय शिक्षा व्यवस्थापनमा सहयोग गर्नु,
- विद्यालयका भौतिक पूर्वाधार विकासका लागि तोकिए बमोजिमको मापदण्ड कार्यान्वयन गर्नु/गराउनु
- पारदर्शिता र जवाफदेहिताको सुनिश्चितता गरी भौतिक पूर्वाधार विकास कार्यहरू सञ्चालन गर्नु,
- सबै विद्यालयमा आवश्यकता अनुसार पर्याप्त पूर्वाधारको विकासको कार्यमा संघीय सरकार, प्रदेश सरकार, NGO/INGO सँग लागत साझेदारीको आधारमा स्रोत व्यवस्थापन गर्नु ।

### ख) रणनीतिहरू

माथि उल्लेख गरिएका उद्देश्यहरू हासिल गर्नकालागि तपसिलमा उल्लिखित रणनीतिहरू अवलम्बन गरिनेछ :

- विद्यालयको तह र विद्यार्थी सङ्ख्याका आधारमा आवश्यक पर्ने भौतिक पूर्वाधारको आँकलन गरिनेछ,

- भूगोल, हावापानी, विद्यार्थी सङ्ख्या र लागतका आधारमा भौतिक पूर्वाधार विकास सम्बन्धी मापदण्ड तयार गरिनेछ,
- विद्यालयहरूकालागि आवश्यकपर्ने भौतिक पूर्वाधार विकासका लागि सङ्घीय र प्रदेश सरकार तथा स्थानीय NGO/INGO सँग स्रोत व्यवस्थापनमा लागत साझेदारीको अवधारणा अपनाइनेछ,
- विद्यालयमा पूर्वाधार विकासका कार्य आवश्यकता र प्राथमिकताको आधारमा निर्माण गर्ने अवधारणा कार्यान्वयनको आरम्भ गरिनेछ ।
- पूर्वाधार विकाससँगै सुरक्षित विद्यालय, सामाजिक एवम् वातावरणीय पक्षलाई एकीकृत प्रणालीको रूपमा संस्थागत क्षमता सुदृढीकरण गरिनेछ ।
- सम्बन्धित सरोकारवालाहरूबीच समन्वय, सहकार्य र साझेदारीमा आवश्यक पर्ने भौतिक पूर्वाधारको समुचित उपयोग सुनिश्चितता गरिनेछ ।

**बिद्यालय भौतिक निर्माण र सुधार कार्यक्रमका लागि प्रस्तावित कार्यक्रमहरू (Proposed Activities for School Infrastructure Development and Improvement)**

| | **लगानीको अनुमान (Cost Estimates (in '000s)** | | | | | **Existing unit cost** | **Proposed unit cost** | **बार्षिक भौतिक लक्ष्य (Yearly Physical Target)** | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| प्रस्तावित कार्यक्रमहरु | २०२४/ २५ | २०२५/ २६ | २०२६/ २७ | २०२७/ २८ | २०२८/ २९ | | | २०२४/ २५ | २०२५/ २६ | २०२६/ २७ | २०२७/ २८ | २०२८/२९ |
| | ८१/८२ | ८२/८३ | ८३/८४ | ८४/८५ | ८५/८६ | | | ८१/८२ | ८२/८३ | ८३/८४ | ८४/८५ | ८५/८६ |
| भूकम्प प्रभावित नभएका जिल्लाहरूका स्थानीय तहका छनौट भएका बिद्यालयहरूमा WASH सुबिधा र फर्निचर सहितको ४ कोठे ब्लकका बिद्यालय निर्माण गर्ने | 15730 | 15730 | 20020 | 24310 | 20020 | | 6500 | 2 | 3 | 4 | 4 | 3 |
| भूकम्प प्रभावित जिल्लाहरूका स्थानीय तहका छनौट भएका बिद्यालयहरूमध्ये कक्षा १-५ सम्म सन्चालित बिद्यालयहरूलाई रू. २००,०००/००, कक्षा ६-८ सम्म सन्चालित बिद्यालयहरूलाई रू. ३००,०००/०० र माध्यमिक तह सम्म सन्चालित बिद्यालयहरूलाई रू. ५००,०००/०० बिद्यालय | 3190 | 3190 | 3190 | 3190 | 1914 | | 290 | 11 | 11 | 11 | 7 | 4 |

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| मर्मत खर्च बापतको अनुदान दिने | | | | | | | | | | | | |
| विपद् जोखिम व्यवस्थापन र resilience लचिलोपन सम्बन्धी बृहत योजनाको कार्यान्यन गर्ने | 1000 | 1000 | 1000 | 1000 | 1000 | | 1000 | 1 | 1 | 1 | 1 | 1 |
| ECED बालबालिकाहरुका लागि WASH सुबिधा सहितको छुट्टै शौचालय निर्माण गर्ने | 940 | 1410 | 940 | 940 | 470 | | 200 | 5 | 7 | 5 | 5 | 2 |
| **तपाइको पालिकाबाट थप गर्न चाहेका कार्यक्रमहरु:** | | | | | | | | | | | | |
| **बिद्यालय भौतिक निर्माण र सुधार कार्यक्रमका लागि प्रस्तावित कार्यक्रमको जम्मा बजेट (लाखमा)** | 21 | 21 | 25 | 29 | 23 | | | | | | | |

## ४.७ विद्यालयमा सुचना तथा सञ्चार प्रविधि

**क) परिचय**

एक्काइसौं शताब्दीको समयलाई सूचना प्रविधिको युग भन्ने गरिन्छ। सूचनाको सङ्कलन, सम्प्रेषण, एवम् सञ्चार गर्ने पत्रपत्रिका, कम्प्युटर, हार्डवेयर, सफ्टवेयर, नेटवर्क, इन्टरनेट लगायतका प्रविधिको समष्टिगत रुपलाई नै सूचना तथा सञ्चार प्रविधि भन्ने गरिन्छ। आजको समयमा वैज्ञानिक आविष्कार तथा आधुनिक प्रविधिको प्रयोगले अकल्पनीय परिवर्तन ल्याएको छ । पारम्परिक मूल्य मान्यतालाई सूचना प्रविधिमा आएको महत्वपूर्ण परिवर्तनले त्याग्दै विस्थापित गरिएको ठाउँमा नवीन मूल्य मान्यतालाई स्थापित गर्दै लगेको आजको समयको वास्तविकता हो ।

कक्षाकोठामा प्रविधि प्रयोगका कारण हाम्रो परम्परागत पठनपाठनको सिद्धान्तलाई विस्थापित गरी नयाँ अवधारणाको सुरुवात भएको पाइन्छ । शिक्षाका पाठ्यक्रम निर्माणदेखि त्यसको कार्यान्वयन मूल्याङ्कनका सम्पूर्ण अवधिमा सूचना तथा प्रविधिको महत्वपूर्ण भूमिका हुन्छ । समयानुकुल सूचना र प्रविधिको विकास तथा प्रयोगमा अगाडि बढेको मुलुकको शैक्षिक, आर्थिक सामाजिक, साँस्कृतिक, पर्यटकीय एवम् अन्य क्षेत्रमा भएको प्रगति उल्लेखनीय छ भने सूचना र प्रविधिमा कम पहुँचहुने मुलुकहरुको बीचमा ठूलो खाडल रहेको आभास हुन्छ। रेडियो, टेलिभिजन, कम्प्युटर, प्रोजेक्टर, डिजिटल क्यामेरा, स्मार्ट बोर्ड तथा इमेल इन्टरनेट जस्तो सूचना तथा सञ्चार प्रविधिका उपकरणहरु शिक्षण सामग्रीका रुपमा परम्परागत सामग्री भन्दा बढी सान्दर्भिक, उपयुक्त, दक्ष र प्रभावकारी रुपमा प्रयोग गर्ने क्रम बढिरहेको छ।

विश्वको कुनै एउटा कुनामा बसेर अर्को कुनाको खबर तथा ज्ञानका कुरा सजिलै हासिल गर्न सकिने र आफ्ना प्रतिक्रियालाई तुरुन्तै प्रदान गर्नसकिन्छ । प्रविधिको प्रयोगगर्दा शैक्षिक संस्थामा आर्थिक बोझ पर्न सक्छ र शिक्षकले पनि आफूलाई प्राविधिक रुपमा तयार हुनु पर्ने देखिन्छ। जब हाम्रा शैक्षिक संस्थाहरु प्रविधिमैत्री हुन्छन् तब विद्यार्थीले आवश्यकता अनुसार शैक्षिक क्रियाकलापमा समाबेस हुने गर्दछन् ।

सूचना प्रविधिको प्रयोगले शिक्षक र विद्यार्थी दुवैका लागि शिक्षण सिकाइ क्रियाकलापमा हुने पहुँचलाई वृद्धि गर्न सकिन्छ। अफलाईन तथा अनलाईन दुवै माध्यमबाट र दूरशिक्षाको माध्यमबाट शिक्षा शिक्षा लिने र दिने प्रक्रियालाई सहजीकरण गर्न सकिन्छ । मल्टीमिडियाको प्रयोगले कक्षाकोठामा सिकाई कार्यबढि प्रभावकारी हुन्छ । त्यसैले कालिगण्डकी गाउँपालिका अन्तर्गत रहेका सबै विद्यालयमा राष्ट्रिय नीति र स्थानीय आवश्यकता अनुसार शिक्षामा सूचना प्रविधिलाई समावेश गर्दै अगाडि बढ्नुपर्ने आवश्यकता रहेको छ ।

**ख) वर्तमान अवस्था**

कोभिड-१९ को विषम परिस्थितिमा सूचना प्रविधिको महत्व अझ बढेकोछ । नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले जारी गरेको वैकल्पिक प्रणालीबाट विद्यार्थीको सिकाइ सहजीकरण निर्देशिका, २०७७ का अनुसार वैकल्पिक प्रणाली भन्नाले कोभिड-१९ वा यस्तै प्रकारको विपद् वा महामारी जस्ता कारणले पठनपाठन गर्न कठिन भएको वा हुने अवस्थामा रेडियो, एफ.एम. रेडियो, टेलिभिजन, अनलाईन, परियोजना पाठहरु, सिकाई चौतारी, स्वअध्ययन, दुर तथा खुल्ला शिक्षालगायतका वैकल्पिक माध्यम वा पद्धतिबाट अध्ययन सुचारु राख्ने विधि र प्रक्रियाले सूचना तथा सञ्चार प्रविधिलाई विशेष जोड दिएको छ ।

शिक्षामा सूचना प्रविधिकोप्रयोग का लागि कालिगण्डकी गाउपाँलिकाले सञ्चालन गरको कार्यक्रमहरुमा प्रत्येक विद्यालयहरुलाई सूचना प्रविधि क्षेत्र प्रयोगका लागि माध्यमिक विद्यालयहरुमा ICT कार्यक्रम सञ्चालनमा ल्याएको थियो । विशेष गरी लेखा कर्मचारीलाई ICTतालिमकोव्यवस्थापन गरिएको थियो । यस गाउँपालिकाको शिक्षामा सूचना प्रविधिको अवस्था सुधारोन्मुख रहेपनि धेरै समस्या र चुनौती समेत रहेका छन् । इन्टरनेट सुविधाको अभाव, सबै विद्यार्थीसँग स्मार्ट मोबाइल नभएको, डाटाहरुको व्यवस्थापनमा कठिनाइ भएको, CUG सेवा सहज उपलब्ध हनु नसकेको, सबै विद्यार्थीहरुलाई आवद्ध गर्न कठिनाइ भएको देखिन्छ ।

कालिगण्डकी गाउँपालिका भित्र शिक्षा तथा सूचना प्रविधिमा निम्न समस्याहरु तथा चुनौतीहरु देखिएका छन् :

- दक्ष प्राविधिक जनशक्तिको अभाव हुनु,
- शिक्षकहरूको ठूलो हिस्सा प्रविधिमा अभ्यस्त नभएकोले सिकाइलाई प्रविधिमैत्री बनाउन कठिनाइ हुनु,
- इन्टटरनेट प्रयोगका सकारात्मक प्रभाव तथा सम्भावित जोखिमको विश्लेषण गरी सिकाइ प्रक्रियामा प्रयोग गर्ने ज्ञान तथा सीपको कमी हुनु,
- सबै शिक्षकहरूलाई सूचना प्रविधिको प्रयोग सम्बन्धी क्षमता विकास गर्न नसक्नु,
- शिक्षण सस्थाहरूमा द्रुतगतिको इन्टरनेटको विस्तार गर्न नसक्नु
- आइसिटी प्रयोगशालालाई आवश्यक पुर्वाधारहरूको विकासका लागि आवश्यक प्राविधिक तथा मानवीय स्रोतको व्यस्थापन गर्नु,
- सबै विद्यालयमा सूचना प्रविधिमैत्री कक्षाकोठाको व्यवस्थापन गर्न नसक्नु,
- सूचना प्रविधिमैत्री पाठ्यक्रम र पाठ्यपुस्तक तथा अन्य डिजिटल सामग्रीको उत्पादन र प्रयोग नहुनु,
- सूचना प्रविधिको प्रयोग गर्न शिक्षकहरुलाई तालिम प्रदान गरी सिप विकास गर्ननसक्नु,
- सूचना प्रविधिको उपयोगको लागि शिक्षकहरुमा जागरुकता, लगनशीलता र आफूलाई अद्यावधिक बनाउन नसक्नु,
- सूचना प्रविधिको क्षेत्र मा आवश्यकता अनुसार लगानी नहुनु,
- भौगोलिक विकटताका कारण सबै ठाउँमा इन्टरनेट सुविधा नहुनु,
- निम्न आय भएका अभिभावकहरुले यसका सामग्रीहरु खरिद गर्न नसक्नु,
- सबैलाई प्रविधिको पहुँच पुऱ्याउन यो आफैंमा महंगो हुन जानु र स्थानीय सरकारले निःशुल्क इन्टरनेटको व्यवस्था गर्न नसक्नु ।

**ग. उद्देश्य**

माथि उल्लिखित समस्याहरुको निराकरण गर्दै सूचना प्रविधिमा कालिगण्डकी गाउँपालिकाको शिक्षा क्षेत्र अगाडि बढाउन निम्न उद्देश्यहरु राखिएको छ :

- सूचना तथा सञ्चार प्रविधिको पहुँच बिस्तार गरी शिक्षक तथा विद्यार्थीहरुलाई प्रविधिमैत्री बनाई शिक्षाको गुणस्तर अभिवृद्धि गर्ने
- विद्यार्थीहरुको सिकाइलाई प्रभावकारी, समय सान्दर्भिक र गुणस्तरीय सूचना प्रविधिको प्रयोग सबै विद्यालयमा बिस्तार गर्ने,
- शिक्षा सेवालाई छिटो, सजिलो तथा सहज र रमाइलो बनाउने,
- शैक्षिक व्यवस्थापन प्रभावकारी, उपलब्धिमूलक र कुशल तथा पारदर्शी बनाउने,
- गाउँपालिका क्षेत्रभित्र निःशुल्क इन्टरनेट सेवालाई प्रभावकारि बनाउने ।

**घ. रणनीतिहरु**

कालिगण्डकी गाउँपालिकाले शैक्षिक सुधारका लागि सूचना प्रविधिको क्षेत्रमा निम्न रणनीतिहरु अपनाउने छ :

- सबै विद्यालयमा सूचना प्रविधिका आधारभूत संरचनाको व्यवस्थापन गरिनेछ
- शिक्षकहरुको क्षमता अभिवृद्धि गर्न तालिम तथा डिजिटल सामाग्री (एक शिक्षक एक ल्यापटप कार्यक्रम) साझेदारीका आधारमा व्यवस्थापन गरिनेछ ।

- सूचना तथा सञ्चार प्रविधिको माध्यम र साधनको पहूचमा वृद्धि गरिनेछ ।
- शिक्षण संस्थाहरूमा निःशुल्क रूपमा उच्च द्रुत गतिको इन्टरनेट सेवा विस्तारको लागि सहजीकरण गरिनेछ ।
- स्थानीयस्तरमा अनलाइनमा आधारित शैक्षिक सूचना व्यवस्थापन प्रणालीको विकास गरी विद्यालयहरूको शैक्षिक तथ्याङ्कलाई व्यवस्थापन गरिनेछ ।
- अनलाइन तथा वैकल्पिक प्रविधिका साधनहरूलाई शिक्षण सिकाइमा साधनको रुपमा प्रयोग गरी सिकाइ क्षमता वृद्धि गरिनेछ ।
- कक्षाकोठाहरु प्रविधि तथा सूचनामैत्री बनाइने छन् ।
- विद्यालयमा इ पुस्तकालयकोव्यवस्था गर्दै लगिनेछ ।
- अपाङ्गता भएका बालबालिकाहरुका लागि उपयोगी हुने गरी डिजिटल सामग्री वितरण गरिनेछ ।
- IEMIS लाई थप व्यवस्थित गरिने छ ।
- इन्टरनेट प्रदायक संस्थाहरुसँग समन्वय गरी सूचना तथा सञ्चार प्रविधिको पहुँच सहज बनाइनेछ ।
- गाउँपालिका क्षेत्रभित्र निःशुल्क इन्टरनेट उपलब्ध गराउने व्यवस्था मिलाउँदै लगिने छ ।
- सूचना तथा सञ्चार प्रविधिमा आधारित सिकाइ सामग्रीको विकास गर्दै लगिनेछ ।
- गाउँपालिकामा डिजिटल प्रविधिमा आधारित सिकाइ प्रोटल विकास गरी प्रयोगमा ल्याइनेछ ।
- सामुदायिक सिकाइ केन्द्रलाई डिजिटल साक्षरता सीप विकासका लागि उपयोगमा ल्याइनेछ ।

**ङ. उपलब्धि, नतिजा**

**अ) उपलब्धि**

शिक्षक तथा विद्यार्थीहरुको लागि सूचना तथा सञ्चार प्रविधिको सहज पहुँच सहित शिक्षण सिकाइमा अधिकतम प्रयोग भएको हुनेछ ।

**आ) नतिजा**

- सबै विद्यार्थीहरुमा आधारभूत सञ्चार प्रविधिको सुविधामा पहुँच हुने,
- सबै विद्यालयमा सूचना प्रविधिको व्यवस्थापन भइ शिक्षण सिकाइ सहज र उपलब्धिमा वृद्धि भएको हुने,
- विद्यालय व्यवस्थापन र सुशासनमा सुधार आउने,
- अनुगमन मूल्याङ्कन, सुपरीवेक्षण सूचना सम्प्रेषणमा सुधार आउनुका साथै जनशक्ति र समयको बचत हुने,
- विद्यार्थीहरुको सिकाइ प्रभावकारी, समय सान्दर्भिक र गुणस्तरीय हुने,
- शिक्षकहरुमा सूचना प्रविधि मैत्री शिक्षण क्षमता विकास भएको हुने,
- विद्यालय तथा कक्षा कोठाहरु सूचना प्रविधि मैत्री हुने,
- सिकाइ सहजीकरणको लागि एक शिक्षक एक ल्यापटपको व्यवस्था हुने,
- स्थानीय समुदायले पनि प्रविधिको उपयोग गर्न सिक्ने ।

## परिच्छेद ५

### ५.१ सुशासन तथा व्यवस्थापन

**परिचयः**

सुशासन भनेको शासनको उचित, पारदर्शी, जिम्मेबारीपूर्ण र नैतिक तरिकामा सञ्चालन गर्ने प्रक्रिया हो । सरकारले संघीय। प्रदेश र स्थानीय स्तरका सबै कार्यहरुलाई जनताको भलाइका लागि व्यवस्थित र न्यायपूर्ण तरिकाले सञ्चालन गर्नुपर्ने कुरालाई जनाउँछ । शिक्षा प्रति निर्णय तथा कार्यान्वयनको समग्र प्रक्रियाले शासकीय प्रवन्धलाई बुझाउँछ । गाउँपालिकामा शैक्षिक योजनाको प्रभावकारी ढङ्गले कुशलतापूर्वक कार्यान्वयन गरी सरोकारबालाको सहभागिता र सिकाइमा सुधार गर्न आवश्यक संरचना, भूमिका तथा कार्यप्रक्रियाले सहभागिता तथा सहमतिमा निर्णय गर्न वा निर्णय कार्यान्वयन गर्न विधि विधानको सर्वोच्चतालाई प्रोत्साहन गरी अभिभावक र विद्यार्थीलाई सिकाइप्रति जवाफदेही बनाई सुशासन कायम गर्न सकिन्छ । शैक्षिक क्षेत्रमा सुशासन कायम गरी गुणस्तरीय शिक्षा प्रदान गर्न राज्यका तीनै तहका सरकार, सरकारी तथा गैर सरकारी संस्था र विद्यालय सबैको भूमिका महत्वपूर्ण हुन्छ । शैक्षिक योजना निर्माण गर्न, योजनाको कार्यान्वयन गर्न, संस्थागत क्षमता विकास गर्न, प्रभावकारी अनुगमन तथा मूल्याङ्कन प्रणाली स्थापित गर्नु पर्दछ। सुशासन र व्यवस्थापनका लागि योजनाको उद्देश्य, कार्यक्रमको स्वरुप, अपेक्षित नतिजा, संवैधानिक प्रावधानका साथै सङ्घीय संरचनामा विभिन्न तहका सरकारका दायित्व, ज्ञान, प्रविधि, मूल्यमान्यता तथा दृष्टिकोणमा आएका परिवर्तनलाई विचार पुऱ्याउनु पर्दछ । नेपालको संविघानमा संध, प्रदेश र स्थानीय तह गरी तीन तहका सरकारका एकल र साझा अधिकारका सूची सहित शिक्षाको शासकीय प्रबन्ध तथा व्यवस्थापन हुने व्यवस्था छ ।

यस पालिकाले पनि आफ्नो अधिकारको प्रयोग गरी सम्पूर्ण नागरिकहरुको शिक्षा प्राप्त गर्ने नैसर्गिक अधिकारको प्रत्याभूति दिलाउन शिक्षा सम्बन्धी ऐन तथा नियमावली निर्माण गरी शैक्षिक सुशासन तथा व्यवस्थापन गर्ने गरेको छ ।

**क) शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकास**

शिक्षा प्रणालीलाई प्रभावकारी, गुणस्तरीय र दिगो बनाउनको लागि उचित व्यवस्थापन र संस्थागत क्षमता विकास हुन जरुरी हुन्छ । शिक्षाको व्यवस्थापन भनेको शिक्षा क्षेत्रलाई सङ्गठित, योजनाबद्ध र प्रभावकारी तरिकाले सञ्चालन गर्ने प्रक्रिया हो जसले शिक्षालाई सर्वसुलभ, समावेशी र गुणस्तरीय बनाउन मद्दत गर्दछ। नेपालमा भएको शासकीय स्वरुपको परिवर्तन संगै शैक्षिक संरचनामा पनि केही परिवर्तन गरिएको छ । नेपालको सङ्घीय संरचना, शिक्षामा भएको सङ्ख्यात्मक विस्तार, ज्ञान, विज्ञान, प्रविधि र सञ्चारमा भएको विकास, सामाजिक चेतनामा आएको परिवर्तन समेतलाई विचार गरी शैक्षिक गतिविधिलाई प्रभावकारी बनाउन शिक्षाको व्यवस्थापन तथा क्षमता विकास गर्दै सुशासनको प्रत्याभूति प्रदान गर्न आवश्यक छ ।

नेपालको शैक्षिक व्यवस्थापनका लागि सङ्घमा शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालय र सो अन्तरगतका शिक्षा तथा मानव श्रोत विकास केन्द्र, पाठ्यक्रम विकास केन्द, शैक्षिक गुणस्तर परिक्षण केन्द्र, जिल्ला तहमा शिक्षा विकास तथा समन्वय इकाई र पालिका तहमा शिक्षा युवा तथा खेलकुद शाखा रहेका छन् । स्वायत्त निकायका रुपमा शिक्षक सेवा आयोग र राष्ट्रिय परीक्षा बोर्ड रहेका छन् ।

पालिका तहमा शिक्षालाई व्यवस्थापन गर्न गाउँ शिक्षा समिति, वडा शिक्षा समिति, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक सङ्घ, तथा विद्यालय मुख्य संयन्त्रका रुपमा रहेका छन् । शिक्षा योजनामा उल्लिखित नीति तथा कार्यक्रमको सफल कार्यान्वयनको लागि सरोकार वालाको क्षमता विकास हुन जरुरी छ । यसका लागि सहभागितामूलक योजना निर्माण र प्रबोधीकरण मार्फत कार्यान्वयन संयन्त्रको क्षमता विकास गरिनेछ ।

**ख. वर्तमान अवस्था**

नेपालको संविधान २०७२ ले स्थानीय तहलाई दिएको अधिकार प्रयोग गरी गाउँपालिकाको शैक्षिक व्यवस्थापनका लागि स्थानीय शिक्षा ऐन २०७७ जारी गरी स्वबमोजिम विद्यालय तहको शिक्षाको व्यवस्थापन गर्दै आएको छ । स्थानीय शिक्षा ऐन २०७७ मा विद्यालय शिक्षाको व्यवस्थापनका लागि गाउँपालिका अध्यक्षको संयोजकत्वमा गाउँ शिक्षा समिति गठन गर्ने व्यवस्था रहेको छ । सो बमोजिमको समितिले गाउँपालिका भित्रका विद्यालयको रेखदेख र व्यवस्थापन गर्ने गरेको छ ।

यस गाउँपालिकामा प्रमुख प्रशासकीय अधिकृतको नेतृत्वमा प्रशासनिक कार्य सञ्चालन भइरहेको छ । गाउँपालिकामा रहेका विभिन्न शाखा तथा महाशाखा मध्ये शिक्षा युवा तथा खेलकुद शाखा पनि एक हो । जसको नेतृत्व शाखा प्रमुख अग्नीधर पराजुलीले गर्नुभएको छ । प्रमुख बाहेक अन्य एक जना कर्मचारी मात्र भएका कारण शिक्षा सम्बन्धी योजना निर्माण, कार्यान्वयन र अनुगमनमा समस्या हुने गरेको पाइन्छ ।

शैक्षिक उपलब्धी हासिल गर्न विद्यालय व्यवस्थापन एउटा प्रमुख र महत्वपूर्ण पक्ष हो । प्राप्त स्रोत साधनको उचित व्यवस्थापन र नपुग स्रोत साधनकोखोजी गर्ने जिम्मेवारी विद्यालय व्यवस्थापन पक्षमा पर्दछ । विद्यालयको उद्देश्य र लक्ष्य मात्र नभइ राष्ट्रिय उद्देश्य परिपूर्ति गर्ने कार्यस्थल विद्यालय भएकाले यसको व्यवस्थापकीय पाटो बलियो हनु जरूरी छ । कालिगण्डकी गाउँपालिका भित्रका सबै विद्यालयहरूको व्यवस्थापन, रेखदेख र सञ्चालनका लागि प्रत्येक विद्यालयमा एक विद्यालय व्यवस्थापन समिति रहने व्यवस्था छ । विद्यालय व्यवस्थापकीय क्षेत्रका निर्णयहरू व्यवस्थापन समितिकै मातहतमा निर्णय गरी कार्यान्वयन गर्ने गरिन्छ । व्यवस्थापन समितिले गरेका निणर्यहरूलाई विद्यालयको आधिकारिक निर्णय मान्ने वर्तमान व्यवस्था रही आएको छ । विद्यालयमा सञ्चालन हुने भौतिक, आर्थिक र शैक्षिक कार्यहरूको सञ्चालन व्यवस्थापन समितिको सक्रियतामा सम्पन्न गरिन्छ । विद्यालयको रेख दखे , सञ्चालन, निरीक्षण, र व्यवस्थापन गर्ने, आर्थिक स्रोत जुटाउने, बजेट स्वीकृत गर्ने, शिक्षक सेवाको सुरक्षा र सम्बर्धन गर्ने, रिक्त शिक्षक पदपूर्ति गर्ने व्यवस्थापकीय कार्यहरू व्यवस्थापन समितिले गर्दै आइरहेको छ । विद्यालयको व्यवस्थापकीय पाटोलाई बलियो बनाउन शिक्षक अभिभावक संघ रहने व्यवस्था छ । शिक्षक र अभिभावकको सम्बन्ध सुमधुर बनाइ शिक्षण सिकाइको व्यवस्थापनमा समितिले भूमिका खेल्ने गर्दछ । विद्यालयको प्राज्ञिक तथा प्रशासकीय प्रमुखको रूपमा काम गर्न प्रत्येक विद्यालयमा एक प्रधानाध्यापक रहेको हुन्छ । विद्यालयमा कार्यरत शिक्षकहरू मध्येबाटै प्रधानाध्यापक नियुक्ति गर्नेव्यवस्था वर्तमान नियमावलीमा रहेको छ । विद्यालयको शैक्षिक गुणस्तर कायम गर्ने, अनुशासन कायम राख्ने, शिक्षक, अभिभावक व्यवस्थापन समिति बीचमा सुमधुर सम्बन्ध कायम गर्ने, विद्यालयको प्रशासनिक कार्य सञ्चालन गर्ने जिम्मेवारी प्रधानाध्यापकको रहेको छ । विद्यालयको रेख देख, सञ्चालन र व्यवस्थापनका लागि व्यवस्थापन समितिले कार्य गरिरहे पनि व्यवस्थापन पक्षमा केही समस्याहरू बाँकी नै छन् । गाउँपालिकाले आफ्नो अधिकार क्षेत्रानुसार ऐन नियम व्यवस्था गर्न नसक्नु, व्यवस्थापन समितिको कार्य क्षेत्र वृहत हुनु, व्यवस्थापन समितिका पदाधिकारीहरू दक्ष र शिक्षित नहुनु व्यवस्थापन समितिले सक्रिय रूपमा कर्तव्य र अधिकारको प्रयोग गर्न नसक्नु, प्रधानाध्यापकको छुट्टै व्यवस्था नहुनु, प्रर्याप्त दरबन्दी नहुनाले प्र.अ.को कार्यसम्पादन कमजोर हुनु, योग्य र नियमानुसार प्र.अ. को व्यवस्था नहुनु इत्यादि समस्याहरू रहेका छन् । कालिगण्डकी गाउँपालिकामा शिक्षाको व्यवस्थापन तथा संस्थागत क्षमता विकासमा देखिएका चुनौतीहरू निम्नानुसार रहेका छन् ।

- नीति तथा कानुनको अभाव,
- स्रोत साधनको अभाव,
- जनशक्ति व्यवस्थापन,
- अभिभावक तथा समुदायको कम सङ्लग्नता,
- विद्यालयको सस्थागत क्षमता अभाव,
- समावेशी शिक्षामा समस्या,
- शैक्षिक गुणस्तर सुधार,

- शिक्षाको व्यवस्थापकीय पक्ष सवल र सक्षम बनाउन,
- सरोकारबालाहरुलाई शैक्षिक व्यवस्थापनमा सक्रिय सहभागिता बनाउन,
- शिक्षकहरूलाई शिक्षा ऐन नियमावलीमा व्यवस्था भए अनुसार सक्रिय बनाउन,
- दक्ष र योग्यता प्राप्त प्रधानाध्यापको व्यवस्था गर्न,
- प्रधानाध्यापक र विद्यालय व्यवस्थापन समितिलाई जवाफदेही र उत्तरदायी बनाउन,
- गाउँपालिकाका शिक्षा ऐन, नियम निर्माण र प्रभावकारी कार्यान्वियन गर्न ।

**ग) उद्देश्य**

- नीति तथा कानुनको निर्माण गर्नु,
- स्थानीय तहको अधिकार क्षेत्रअनुसार कार्य गर्नु ,
- स्थानीय तहमा आवश्यक शिक्षक व्यवस्थापन तथा संस्थागत सुधार गर्नु,
- जनशक्तिको लागि संस्थागत क्षमता अभिवृद्धि गर्नु,
- विद्यालय पूर्वाधार तथा स्रोत साधनको विकास गर्नु,
- सिकाइमा अभिभावकको सङ्लग्नता बढाउनु,
- गुणस्तरीय शिक्षालाई प्रवर्धन गर्नु,
- शिक्षाको पहुँच र समावेशीता विस्तार गर्नु,
- प्रविधि सम्पन्न शिक्षालाई प्रबर्धन गर्नु,
- व्यवसायिक तथा सीपमूलक शिक्षालाई प्रबर्धन गर्नु,
- शिक्षामा सुशासन र पारदर्शिता कायम गर्नु ।

**घ) रणनीति**

- स्थानीय तहमा शिक्षाको व्यवस्थापनलाई प्रभावकारी बनाउन आवश्यक नीति तथा योजना सुदृढीकरण गर्ने ।
- विद्यालय पूर्वाधार तथा भौतिक स्रोतको विकास गर्ने ।
- संस्थागत संरचनाअनुसार जनशक्तिको व्यवस्थापन गर्ने ।
- कार्यरत जनशक्तिको पेशागत विकास गर्ने ।
- गुणस्तरीय शिक्षा तथा पाठ्यक्रम विकास गर्ने ।
- प्रविधिमैत्री शिक्षा प्रणालीको विकास गर्ने ।
- शिक्षामा वित्तीय व्यवस्थापन र पारदर्शिता कायम गर्ने ।
- शैक्षिक व्यवस्थापनका लागि आवश्यक स्रोत साधनको व्यवस्थापन गर्ने ।
- प्रधानाध्यापकलाई थप जिम्मेवार बनाई क्षमता विकास गर्ने ।
- अभिभावक शिक्षाका माध्यमबाट शिक्षण सिकाइ र व्यवस्थापनमा अभिभावकको संलग्नता बढाउने ।
- गाउँपालिकामा गाउँ शिक्षा तालिम केन्द्र तथा रोस्टर प्रशिक्षकको व्यवस्थापन गर्ने ।
- स्थानीय तहको शिक्षा समितिले माथिल्लो निकायसँग समन्वयात्मक सम्बन्ध स्थापना गर्ने ।
- गाउँ तथा वडा शिक्षा समितिलाई प्रभावकारी बनाउने ।

- नियमित अनुगमन,मूल्याङ्कन तथा सुधार प्रकृया लागु गर्ने ।

**ङ) उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य**

उपलब्धी

- नीति तथा कानुनी संरचनाको विकास हुनेछ ।
- विद्यालय पुर्वाधारको विकास हुनेछ ।
- शिक्षक व्यवस्थापन तथा तालिम प्रणालीको विकास हुनेछ ।
- विद्यार्थी भर्ना तथा सिकाइ उपलब्धीमा सुधार हुनेछ ।
- प्रविधि सम्पन्न शिक्षा प्रणालीको विस्तार हुनेछ ।
- व्यवसायिक तथा सीपमूलक शिक्षाको विकास हुनेछ ।
- विद्यालय व्यवस्थापनमा पारदर्शिता र समुदायको सहभागिता वृद्धि हुनेछ ।
- शिक्षासँग सम्बन्धित सम्पूर्ण निकायमा सुशासन कायम भई बालमैत्री सिकाइ वातावरण सुनिश्चित हुनेछ ।

**प्रमुख नतिजा**

| क्र.सं. | सूचक | आधार वर्ष (२०८१/८२) | (२०८१/८२) | (२०८२/८३) | (२०८३/८४) | (२०८४/८५) | (२०८५/८६) |
|---|---|---|---|---|---|---|---|
| १. | माध्यमिक विद्यालयमा नेतृत्व तथा व्यवस्थापन सम्बन्धी तालिम प्राप्त प्रधानाध्यापक सङ्ख्या | २ | २ | २ | २ | १ | |
| २. | आधारभूत तहको विद्यालयमा नेतृत्व विकास तथा व्यवस्थापन सम्बन्धी तालिम प्राप्त प्रधानाध्यापक सङ्ख्या | ० | ५ | ५ | ५ | ५ | |
| ३. | लेखा परिक्षण तथा सामाजिक परिक्षण सम्पन्न गर्ने विद्यालय सङ्ख्या | ४३ | ४३ | ४३ | ४३ | ४३ | ४३ |
| ४. | विद्यालय व्यवस्थापन समिति भएका विद्यालय सङ्ख्या | ४३ | ४३ | ४३ | ४३ | ४३ | ४३ |
| ५. | प्रचलित कानुनमा व्यवस्था भए बमोजिम प्रधानाध्यापक तथा प्राचार्य नियुक्त गर्ने माध्यमिक विद्यालय | ० | ५ | ५ | ५ | ५ | १० |

## ५.२ स्थानीय शिक्षा योजना कार्यान्यनको प्रबन्ध

नेपालको सङ्घीय संरचनाअनुसार शिक्षा व्यवस्थापनको जिम्मेवारी स्थानीय तहलाई दिइएको छ। शिक्षाको गुणस्तर वृद्धि, समावेशीकरण तथा दिगो विकास सुनिश्चित गर्न स्थानीय तहले शिक्षा योजना निर्माण र कार्यान्वयन गर्नुपर्छ । सफल कार्यान्वयनका लागि नीति, स्रोत व्यवस्थापन, बार्षिक योजना तथा बजेट तर्जुमा, क्रियाकलाप निर्धारण तथा कार्यान्वियन, वित्तीय व्यवस्थापन तथा अनुगमन र मूल्याङ्कन लगायत कार्यान्वियनका लागि आवश्यक संरचना, जनशक्ति, प्रकृया र जिम्मेबारी तथा उत्तरदायित्वहरु पर्दछन् । नेपालको संघीय संरचना अनुसार सङ्घ, प्रदेश र

स्थानीय गरी तीनै तहका सरकार क्रियाशील छन् । राज्य प्रणालीलाई संघीय संरचनाअनुसार सक्षम बनाउन आवश्यक प्रबन्ध गर्नुपर्नेछ । कार्यान्वयन प्रबन्ध तयार गर्दा यसको दिगोपन, प्रभावकारीता तथा कार्यकुशलतामा ध्यान दिनु आवश्यक छ ।

### ५.२.१. वर्तमान अवस्था

कालिगण्डकी गाउँपालिकामा प्रमुख प्रशासकीय अधिकृत (रा.प. तृतीय) को नेतृत्वमा कर्मचारी संयन्त्रको व्यवस्था गरिएको छ । पालिकाले विभिन्न विषय क्षेत्रसंग सम्बन्धित शाखाहरुको व्यवस्था गरेको छ । ती शाखाहरु मध्ये शिक्षा, युवा तथा खेलकुद शाखा रहेको छ जसले शिक्षा, युवा तथा शिक्षा सम्बन्धी काम गर्दै आएको छ । यसको नेतृत्व शाखा प्रमुखको रुपमा मा.वि.तह प्रथम श्रेणीका शिक्षक अग्निधर पराजुलीले गर्नुभएको छ । यस शाखामा प्रमुख बाहेक अन्य एक जना कर्मचारीको मात्र व्यवस्था छ । लेखा लगाएत अन्य कर्मचारी नभएका कारण यस शाखाको काम अपेक्षाकृत रुपमा व्यवस्थित गर्न सकिएको छैन ।

पालिका भित्रका सबै विद्यालयमा विद्यालयको सञ्चालन, रेखदेख र व्यवस्थापन गर्नका लागि विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक संघको कार्यकारी समिति रहेका छन् । प्रशासकीय प्रमुखको रुपमा प्रधानाध्यापक तथा माध्यमिक विद्यालयमा लेखा व्यवस्थापनका लागि विद्यालय सहायकको व्यवस्था गरिएको छ । विद्यालयमा विद्यालय व्यवस्थापन समितिको सक्रियता रहेको देखिन्छ भने शिक्षक अभिभावक संघको सक्रियता न्यून देखिएको छ । सबै विद्यालयले सामाजिक परिक्षण र लेखा परिक्षण गरेका छन् ।

यो योजनाको निर्मामाण पश्चात प्रभावकारी रुपमा कार्यान्वयन गर्नका लागि कानुन कार्यविधि निर्माण, बजेटको व्यवस्था, जनशक्ति व्यवस्थापन, कार्यान्वयन योजना, अनुगमन, सरोकारवालासंगको समन्वय तथा सहकार्य, प्रबोधीकरण कार्यक्रम जस्ता कार्यक्रमहरु कार्यान्वयन गरिने छ ।

#### क. उद्देश्यहरु

- शिक्षा योजनाको प्रभावकारी कार्यान्वयनको सुनिश्चितता गर्नु ।
- गाउँपालिकामा गुणस्तरीय शिक्षाको प्रबर्धन गर्नु ।
- स्थानीय जनताको शिक्षामा पहुँच वृद्धि गर्नु ।
- स्थानीय आवश्यकताअनुसार पाठ्यक्रम विकास गर्नु ।
- शिक्षामा सामुदायिक सहभागिता प्रबर्धन ।
- शिक्षा सम्बन्धी बजेटको प्रभावकारी प्रयोग गर्नु ।
- शिक्षाको समग्र विकासमा योग्दान पुऱ्याउनु ।
- विद्यालयको भौतिक पुर्वाधार सुधार गर्नु ।
- शिक्षक व्यवस्थापन र सिप विकास गर्नु ।
- शिक्षाको गुणस्तर सुधार गर्नु ।
- शिक्षामा सुशासन, पारदर्शिता र दिगोपन कायम गर्नु ।

#### ख. रणनीतिहरु

- संघीय तथा प्रदेश तहबाट वित्तीय हस्तान्तरण मार्फत प्राप्त सशर्त अनुदान तथा अन्य अनुदान र आफ्नै स्रोतको बजेट समेत सङ्लग्न गरी बार्षिक शिक्षा बजेट तथा कार्यक्रम तयार गर्ने ।
- कार्यक्रम कार्यान्वयनका लागि आवश्यक कानुन, कार्यविधि तथा निर्देशिका तयार पार्ने ।

- कार्यक्रम कार्यान्वयनको नियमित अनुगमन तथा सहजीकरण गरी कार्यक्रम प्रभावकारी कार्यान्वयन हुने तथा समस्या समाधानका लागि आवश्यक नीति निर्देशन तथा समन्वय गर्ने ।
- एकिकृत शैक्षिक सूचना व्यवस्थापन मार्फत नियमित रुपमा कार्यक्रम कार्यान्वयन तथा तिनका नतिजाहरु तयार पार्ने र समीक्षा गरी थप सुधार गर्ने ।
- विद्यालयमा विद्यालय व्यवस्थापन समिति र शिक्षक अभिभावक सङ्घ गठन गर्ने र विद्यालय सुधार योजना विकास र कार्यान्वयनमा सहजीकरण गर्ने ।
- विद्यालय सुधार योजना (SIP) निर्माण तथा अध्यावधिक गर्न लगाउने,
- विद्यालय व्यवस्थापनलाई सशक्त र सुदृढ गरी कार्यक्रम कार्यान्वयनका लागि प्रधानाध्यापकलाई जिम्मेबारी प्रदान गरी उत्तरदायी बनाउने ।
- वित्तीय व्यवस्थापन, खरिद प्रकृया, शिक्षक व्यवस्थापन तथा कक्षा कोठा समय तथा कार्यको सुनिश्चितता सम्बन्धी आवश्यक मापदण्ड तयार गर्ने ।
- अभिभावक र सरोकारबालासँग अन्तरक्रिया तथा सहकार्य गर्न अभिभावक भेला आयोजना गर्ने र सामाजिक परिक्षणलाई प्रभावकारी बनाउने ।
- सामुदायिक सिकाइ केन्द्र मार्फत सबै उमेर समूहका सिकारुहरुका लागि साक्षरता, साक्षरोत्तर, निरन्तर शिक्षा, बैकल्पिक शिक्षा तथा आयआर्जन र सिप विकासका कार्यक्रमहरु सञ्चालन गर्दै आजीवन सिकाइ केन्द्रका रुपमा समेत कार्य गर्ने ।

**ग. उपलब्धि, नतिजा, प्रमुख क्रियाकलाप र लक्ष्य**

**उपलब्धि**

- शिक्षा योजनाको प्रभावकारी कार्यान्वयनको सुनिश्चितता भएको हुनेछ ।
- शिक्षा सम्बन्धी गाउँपालिकाको छुट्टै बजेटको व्यवस्था भएको हुनेछ ।
- शिक्षा सम्बन्धी कानुन तयार भएका हुनेछन् ।
- गाउँपालिका भरिका विद्यालयमा बालमैत्री वातावरण सिर्जना भएको हुनेछ ।
- विद्यालय बाहिर कुनैपनि बालबालिका रहेका हुने छैनन् ।
- बालबालिकाको शिक्षा पाउने हकको पूर्ण कार्यान्वयन भएको हुनेछ ।
- शिक्षक तथा विद्यार्थीमा आत्मानुशासनको विकास भएको हुनेछ ।
- स्थानीय आवश्यकता अनुसारको स्थानीय पाठ्यक्रम निर्माण भएको हुनेछ ।

**नतिजा**

- शिक्षाका सबै निकाय तथा विद्यालयमा सुशासन कायम भई बालबालिका प्रति उत्तरदायी प्रणलीको विकास हुनेछ ।
- आवश्यक सम्पूर्ण कानुनहरु निर्माण भएका हुनेछन् ।
- शिक्षा शाखाको छुट्टै बजेट, लेखा हेर्ने कर्मचारीको व्यवस्था हुनेछ ।
- शिक्षा क्षेत्रमा आर्थिक अनुशासन कायम हुनेछ ।
- वित्तीय तथा जनशक्तिको उचित व्यवस्थापन हुनेछ ।
- शैक्षिक सत्रको अन्तमा उपलब्धीको समिक्षा तथा आगामी बर्षको योजना निर्माण गर्ने कार्यको थालनी हुनेछ ।

- बालमैत्री कक्षाकोठा निर्माण हुनेछन् ।
- हरेक विद्यालयले विद्यालय सुधार योजना निर्माण गरी कार्यान्वयन गरेका हुनेछन् ।
- सममुदायिक सिकाइ केन्द्रले आजीवन सिकाइ केन्द्रका रुपमा काम गर्नेछन् ।
- प्रत्येक विद्यालयमा सक्षम विद्यालय व्यवस्थापन समिति गठन हुनेछ।
- नेतृत्व सीप भएको योग्य, दक्ष र उत्तरदायित्व वहन गर्न सक्ने कुशल प्रशासकको रुपमा प्रधानाध्यापकको नियुक्ति हुनेछ ।
- पूर्ण साक्षर पालिका घोषणा हुनेछ ।

**मुख्य क्रियाकलाप र लक्ष्य**

| क.सं. | प्रमुख क्रियाकलाप | इकाइ | भैतिक लक्ष्य (५ बर्ष) | | | | | | भैतिक लक्ष्य (१० बर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १. | बर्षिक बजेट तथा कार्यक्रम निर्माण | पटक | १ | १ | १ | १ | १ | | | |
| २. | आवश्यक कानुन तथा कार्यविधि निर्माण | | | | | | | | | |
| ३. | कानुन निर्देशिका मापदण्डको प्रबोधीकरण | | | | | | | | | |
| ४. | विद्यालय सुधार योजना निर्माण तथा अध्यावधिक | १ | ४ ३ | ४ ३ | ४ ३ | ४ ३ | ४ ३ | | | सबै बिद्यालय |
| ५. | एकिकृत शैक्षिक सूचना प्रणाली सुदृढीकरण | | | | | | | | | |
| ६. | शैक्षिक गुणस्तर सुधार सम्बन्धी अन्तरक्रिया | | वडा भित्रका सबै बिध्यालयलाई शैक्षिकसत्रको सुरुवातमा हरेक वार्डको लिडर विद्यालयमा बर्सको २ पटक | | | | | | | |
| ७. | अनौपचारिक शिक्षा र जीवनपर्यन्त सिकाइसम्बन्धी कार्यक्रम सञ्चालन | | वडा भित्रका सबै बिध्यालयलाई शैक्षिकसत्रको सुरुवातमा हरेक वार्डको लिडर विद्यालयमा बर्सको १ पटक | | | | | | | |
| ८. | सामाजिक परिक्षण प्रतिवेदनको आधारमा विद्यालयलाई थप सहजीकरण | | सबै बिध्यालयलाई बर्सको १ पटक | | | | | | | |

## परिच्छेद ६

### ६. लगानी र स्रोत व्यवस्थापन

#### परिचय

शिक्षा विकासको मेरुदण्ड हो । कुनै पनि देश विकसित बन्नका लागि त्यस देशको शैक्षिक अवस्था राम्रो हुनु पर्दछ । शैक्षिक क्षेत्रमा स्तरीय लगानी गरेका देशहरू विकासको दृष्टिकोणले अग्रगति तर्फ लागेको देखिन्छ । राज्यले नीति नियम निर्माण गर्दा शिक्षा क्षेत्रमा बढी महत्व दिएमा मात्र देशको समग्र विकासको गति तिब्र हुन जान्छ । आजका बालबालिका भोलिका राष्ट्र निर्माता हुन् । उनीहरूको लागि समय सान्दर्भिक शिक्षा दिन सकेमा मात्र राष्ट्रलाई आवश्यक पर्ने दक्ष जनशक्ति उत्पादन हुन सक्दछ । बालबालिकाहरूलाई गुणस्तरीय शिक्षा सुनिश्चित गर्न स्रोत वितरण हुन आवश्यक छ । यसका लागि शिक्षामा समयानुकूल लगानी बृद्धि हुन अति आवश्यक छ ।

नेपालको संविधानले आधारभूत तहको शिक्षा निशुल्क र अनिवार्य एवम् माध्यमिक तहको शिक्षा निशुल्क हुने व्यवस्था गरेको छ । संबिधानमा व्यवस्था गरियको मौलिक हक शिक्षा ऐन नियममा समेत उल्लेख गरिएको छ । यसैका आधारमा नेपाल सरकारले पनि शिक्षा क्षेत्रलाई महत्वपूर्ण आधारका रुपमा लिएको पाईन्छ । सबै बालबालिकालाई गुणस्तरीय शिक्षा प्रदान गर्नु सरकारको दायित्व हो । संविधानले व्यवस्था गरेअनुसार माध्यमिक तह सम्मको शिक्षा सञ्चालन गर्ने मुख्य जिम्मेवारी स्थानीय सरकारको हो । शिक्षा साझा विषय भएकाले यसको वित्तीय व्यवस्थापनमा संघ र प्रदेशले समेत जिम्मेवारी बहन गर्ने व्यवस्था रहेको छ । स्थानीय तह र निजि क्षेत्रको समेत साझेदारी रहनु आवस्यक छ । वित्तीय व्यवस्थापनमा सशर्त अनुदान, समानीकरण अनुदान, समपुरक अनुदान विशेष अनुदान र ऋणको ब्यबस्था समेत गर्न सकिन्छ ।

कालिगण्डकी गाउँपालिकाले पनि सङ्घ, प्रदेश तथा विभिन्न निकायहरुसंग समन्वय गर्दै बजेट परिचालन गरी शैक्षिक क्षेत्रको ब्यबस्थापन गर्दै आएको छ । यस गाउँपालिकाले शिक्षामा आवश्यक पर्ने सङ्घीय , प्रादेशिक र स्थानीय बजेट परिचालन गरी शैक्षिक क्षेत्रको उपलब्धी हासिल गर्न प्रयास गरिरहेको छ । विद्यालयमा कार्यरत शिक्षक तथा कर्मचारीको तलब भत्ताको व्यवस्था संघीय सरकारले बेहोर्ने व्यवस्था भए पनि स्थानीय सरकारले समेत आफ्नो आन्तरिक श्रोतमा शिक्षक तथा कर्मचारी नियुक्ति गर्ने गरेको छ । यसका अलावा निजी क्षेत्रले समेत गाउँ पालिका भित्र विद्यालयहरू स्थापना गरी शिक्षा क्षेत्रमा योगदान दिदै आएका छन् । पूर्णतः पहाडी क्षेत्रमा अवस्थित यस गाउँ पालिकामा बर्षै पिच्छे बढ्दो बसाई सराई र गुणस्तरीय शिक्षाको खोजिमा थुप्रै घर परिवारहरूको स्थानान्तरणले विद्यार्थी सङ्ख्यामा गिरावट आएको छ । घट्दो विद्यार्थी संख्यामा पनि आधारभूत र माध्यमिक तह उत्तीर्ण परीक्षाको नतिजा विश्लेषण गर्दा तुलनात्मक रुपमा घट्दै गइरहेको देखिन्छ । यस्तो अवस्थामा शिक्षामा गुणस्तर कायम गरी नतिजा सुधार गर्नकालागि स्थानीय सरकारले समेत आवस्यक बजेटको स्रोत खोजिगरी शिक्षाको लगानीलाई प्रभावकारी र व्यवस्थित बनाउनुपर्ने देखिन्छ ।

### ६.१ वर्तमान अवस्था

देश विकासको मेरुदण्डको रुपमा रहेको शिक्षा क्षेत्रमा प्रयाप्त बजेट सहित कार्यक्रमहरू कार्यन्वयन गर्नु पर्छ भन्ने कुरामा सबैको एकमत रहेको छ । राज्यले शिक्षा क्षेत्रमा क्रमशः लगानी बढाउदै लागेको अवस्था छ । आ.व. २०७३/०७४ पछाडिको कूल बजेटको ९-११ प्रतिशतको हाराहारीमा सङ्घीय बजेटमा शिक्षा क्षेत्रलाई व्यवस्था गरिएको पाइन्छ। नेपालको शिक्षा विकासमा बैदेशिक सहायता पनि एक मुख्य स्रोतको रूपमा रहेको छ। कालिगण्डकी गाउँपालिकाले संघ, प्रदेश र स्थानीय तहको स्रोतलाई परिचालन गरी शिक्षा क्षेत्रको वित्तीय व्यवस्थापन गर्दै आएको छ। वित्तीय व्यवस्थापनमा सशर्त अनुदान, समानीकरण अनुदान, समपुरक अनुदान विशेष अनुदान र स्थानिय तहले आवश्यकताअनुसार थप गरी वित्तीय व्यवस्थापन गर्ने गरेको छ । आवश्यक मात्रामा अपुग शिक्षकहरू थप गर्ने, ICT का लागि बजेट व्यवस्थापन, शिक्षक तालिम, प्रोत्साहन साथै अतिरिक्त कार्यक्रम सञ्चालन गर्ने गरेको छ ।

पालिका भित्रका सम्पूर्ण विद्यालयको शैक्षिक भवनहरू पूर्णरुपमा व्यवस्थित नहुनु प्रयाप्त शिक्षक दरबन्दीमा लगानी नहुनु, सबै  विद्यालयमा प्रशासनिक काममा सहयोग गर्ने कर्मचारीको व्यवस्था हुन नसक्नु, शिक्षा क्षेत्रको बजेटको आकार सानो हुनु, स्थानीय तहको आन्तरिक आम्दानीको स्रोत कम हुदा शिक्षा क्षेत्रमा आवश्यकता अनुसारको बजेट व्यवस्थापन गर्न कठिनाई हुनु, शैक्षिक सामग्री, शिक्षक तालिम, शिक्षण सिकाई क्रियाकलापमा लगानीको स्रोत नहुनु जस्ता चुनौतीहरू यस पालिकामा कायमै छन् । यी समस्याका बाबजुद पनि गाउँपालिकाले शैक्षिक क्षेत्रको सुधारलाई महत्वका साथ अगाडि बढाएको छ ।

### ६.२ उद्देश्य

- गाउँ शिक्षा योजनाको वित्तीय व्यवस्थापनका मुख्य उद्देश्यहरू निम्नानुसार रहेका छन् ।
- गाउँपालिका भित्र सञ्चालन गरिने शैक्षिक कार्यक्रमहरूको कार्यन्वयनका लागि वित्तीय कोष परिचालन गर्ने ।
- विद्यालयलाई आवश्यक पर्ने वित्तीय श्रोतको प्रक्षेपण गर्ने ।
- प्राथमिकताका आधारमा बजेट निर्धारण गर्ने ।
- सङ्घीय, प्रादेशिक र स्थानीय तहको वित्तीय भार स्पस्ट गर्ने ।

### ६.३ रणनीतिहरू

कालिगण्डकी गाउँपालिकाले शैक्षिक क्षेत्रको सुधार योजनाका निमित्त वित्तीय व्यवस्था सम्बन्धी निम्न रणनीतिहरू अवलम्बन गर्नेछ :

- वित्तीय व्यवस्थापनमा सशर्त अनुदान, समानीकरण अनुदान, समपुरक अनुदान, र विशेष अनुदानलाई पारदर्शी रूपमा परिचालन गरिनेछ ।
- सङ्घीय र प्रदेशबाट प्राप्त बजेटको उचित परिचालन गरिनेछ ।
- सरकारी अनुदान प्राप्त विद्यालयको शैक्षिक गुणस्तर बृद्धि गरी जवाफदेही बनाइने छ ।
- संघ र प्रदेशबाट लगानी नपुग भएका शैक्षिक क्षेत्रहरूमा गाउँ पालिकाद्वारा वित्तीय व्यवस्थापन गरिने छ
- मापदण्डका आधारमा खर्च र प्रतिवेदन पद्धति अवलम्बन गरिनेछ ।
- वित्तीय व्यवस्थापनमा क्षमता सुधार गरी जिम्मेवारी, पारदर्शी र उत्तरदायी बनाइने छ ।
- शिक्षण सिकाइको अनुगमन सुपरिवेक्षण, मूल्याङ्कन, सहजीकरण प्रणालीलाई व्यवस्थित गरिने छ ।
- विद्यार्थीको सिकाई उपलब्धि परीक्षण र विद्यालयको कार्य सम्पादनलाई व्यवस्थित गरिने छ ।
- शैक्षिक योजना तथा कार्यक्रमको नियमित अध्यावधिक र अन्तिम मूल्यांकन प्रणाली स्थापित गरिने छ ।
- अनुगमन तथा मूल्याङकनबाट प्राप्त पृष्ठपोषणलाई लागु गरिने छ ।

### ६.४ प्रमुख उपलब्धि तथा नतिजा

यस योजनाको कार्यन्वयन बाट हासिल हुने मुख्य उपलब्धि तथा नतिजाहरू यस प्रकार हुनेछन् ।

- पहुँच, समता, गुणस्तर, क्षमता विकासमा आवस्यक स्रोतको व्यवस्थापन भएको हुने छ ।
- वित्तीय कार्य कुशलता, पारदर्शिता, जिम्मेवारी, उत्तरदायित्व सुदृढ भएको हुनेछ ।
- सङघीय र प्रदेशबाट प्राप्त बजेटको उचित परिचालन हुनेछ ।
- पालिका भित्रका विद्यालयको शैक्षिक गुणस्तर वृद्धिका लागि अन्य सङ्घ सस्थाहरू बाट समेत आवश्यक सहयोग जुटाई शैक्षिक गुणस्तर विकास गरी रास्ट्रिय मापदण्डको नजिक पुग्ने अवस्था हुनेछ ।
- ड्माध्यमिक तह सम्मको शिक्षाको लागि सहरी क्षेत्र तर्फ स्थानान्तरण भई जाने विद्यार्थी सख्यालाई कम गर्दै सून्य स्थानान्तरण हुने अवस्था आउने छ ।
- साक्षर गाउँपालिकाको अवधारणालाई निरन्तरता दिई कार्यमूलक क्षमता वृद्धि हुनेछ ।

- शिक्षामा सूचना तथा सञ्चार प्रविधिको प्रयोगलाई बढावा दिई हरेक विद्यालयमा TCT ल्याब लगायतका पूर्वाधारको विकास भएको हुनेछ ।
- पालिका भित्रका विद्यालयमा आवश्यकताका आधारमा प्राथमिकीकरण गरी भौतिक पूर्वाधारको विकास भएको हुनेछ ।

यस शैक्षिक योजनामा प्रस्ताब गरिएका विभिन्न शीर्षकहरूका आधारमा आगामी ५ वर्षका कार्यक्रमहरूका लागि बजेट अनुमान गरिएको छ । बजेट अनुमान गर्दा संविधानमा व्यवस्था भएअनुसार निशुल्क र अनिवार्य शिक्षालाई ध्यान दिइएको छ । आधारभूत र माध्यमिक तहको शिक्षामा गुणस्तर कायम हुनेगरी वित्तीय अनुमान गरिएको छ । भर्ना वृद्धिदर तथा टिकाउदर बढाउने र व्यावसायिक सिप हाँसिल गर्ने उद्देश्यका साथ बजेटको प्राथमिकता तोकिएको छ । गुणस्तरीय शिक्षालाई थप बल पुग्नेगरी विद्यालयको भौतिक अवस्थाको सुधारको अपेक्षा गरिएको छ । शिक्षा प्रणालीमा सूचना तथा सञ्चार प्रविधिलाई जोड दिइएको छ । स्थानीय पाठ्यक्रमको लागि आवश्यक सन्दर्भ सामग्री निर्माण र प्रयोग तथा राष्ट्रिय पाठ्यक्रमको कार्यन्वयनमा बल पुग्ने गरी वित्तीय व्यवस्थापनको प्रयास गरिएको छ । आधारभूत तहमा दिवाखाजा, विद्यार्थीको लागि छात्रवृतिको व्यवस्था, निशुल्क पाठ्यपुस्तक वितरण जस्ता विषयहरू कार्यक्रममा समेटिएका छन् ।

**परिच्छेद - ७**

## ७. अनुगमन तथा मूल्याङ्कन

अनुगमन भनेको कुनै क्रियाकलाप, परियोजना, योजना वा गतिविधिको प्रगति, प्रभाव र परिणामहरुको नियमित रुपमा समीक्षा तथा मूल्याङ्कन गर्ने प्रक्रिया हो । शैक्षिक कार्यक्रमहरुमा स्रोत साधनको विनियोजन र वितरण के कसरि भइरहेको छ, लगानीको प्रवाह समुचित ढङ्गले भएको छ वा छैन , कार्यक्रम कार्यान्वयन प्रक्रियामा त्रुटीहरु छन् वा छैनन्, शैक्षिक क्रियाकलापहरु निर्धारित कार्यतालिका अनुसार समयमै कार्यान्वयन भई लक्षित प्रतिफल प्राप्ति तर्फ उन्मुख भएका छन् वा छैनन् भन्ने कुरा निश्चित गर्न व्यवस्थापनबाट कार्यक्रम कार्यान्वयनको लक्ष्य प्रगति बारेमा नियमित वा आवधिक रुपमा निगरानी, निरीक्षण, पुनःनिरीक्षण, पर्यवेक्षण एवम् जाँचबुझ गर्ने गराउने कार्य अनुगमन हो । यसले कार्यक्रमको प्रगति र वर्तमान स्थितिको बारेमा जानकारी गराउँदछ ।

मूल्याङ्कन भनेको कुनै योजना, कार्यक्रम, परियोजना वा गतिविधिको प्रभाव, परिणाम र प्रभावकारिताको गहिरो विश्लेषण गरी यसको सफलतासङ्ग सम्बन्धित निर्णय गर्ने प्रक्रिया हो । शैक्षिक कार्यक्रमको सान्दर्भिकता, उपयुक्तता, दक्षता र प्रभावकारिताको सन्दर्भमा सुव्यवस्थित एवम् उद्देश्यपूर्ण ढङ्गले जाँभबुझ तथा लेखाजोखा गर्ने कार्य मूल्याङ्कन हो। मूल्याङ्कन प्रतिफल र प्रभावसँग बढी केन्द्रित हुन्छ। अनुगमन सामान्यतया कार्यक्रम कार्यान्वयनको चरणमा मात्र गरिन्छ भने मूल्याङ्कन कार्यक्रम सञ्चालनका चरणका साथै कार्यक्रम सम्पन्न भए पश्चात पनि गरिन्छ । अनुगमन र मूल्याङ्कनले शैक्षिक कार्यक्रमहरुमा भएको लगानीलाई पारदर्शी, नतिजामूखी, जवाफदेही र उत्तरदायीपूर्ण बनाउन सहयोग गर्दछन् ।

### ७.१. वर्तमान अवस्था

विद्यालयमा सञ्चालित योजना / कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन खास गरी गाउँ पलिकाको शिक्षा शाखाबाट गरिएको छ । साथै जनप्रतिधिहरुबाट पनि समय समयमा अनुगमन गरिएको छ । विद्यालयमा विद्यालय व्यवस्थापन समिति र प्रधानाध्यापकको नेतृत्वमा समेत अनुगमन गर्ने गरिएको छ । हुनत कहिले काही गरिएको अनुगमनले सुधारात्मक सुझाव दिएपनि त्यसको पूर्ण कार्यान्वयन गर्ने परिपाटी छैन । प्रभावकारी अनुगमन र मूल्याङ्कनको स्थायी प्रणाली निर्माण र परिचालनमा समस्या छ ।

### ७.२. उद्देश्य

- अनुगमन तथा मूल्याङ्कनको लागि समन्वयात्मक तथा एकत्रित प्रणाली विकास गर्नु,
- अनुगमन तथा मूल्याङ्कन प्रणालीलाई नतिजामा आधारित बनाउनु,
- योजना कार्यान्वयनका चरणमा आएका समस्या तथा चुनौतिहरुलाई सम्बोधन गरी अपेक्षित उपलब्धी हासिल गर्न,

### ७.३. रणनीति

- प्रभावकारी अनुगमनको लागि संयन्त्र निर्माण गर्ने,
- शैक्षिक अनुगमन तथा मूल्याङ्कन मार्गदर्शन निर्माण र प्रयोग गर्ने,
- कार्यक्रमको अनुगमन तथा मूल्याङ्कन र प्रतिवेदनको लागि एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली सञ्चालनमा ल्याउने,
- नतिजामूलक अनुगमन तथा मूल्याङ्कन प्रणाली अवलम्बन गर्ने,
- व्यवस्थित र नियमित गर्ने,
- कक्षाकोठाको सिकाईको अनुगमन, सुपरिवेक्षण तथा मूल्याङ्कनलाई प्रभावपूर्ण बनाउन कार्यस्थलमा आधारित अनुगमन, मूल्याङ्कन, सुपरिवेक्षण एवम् प्रतिवेदन प्रणाली प्रवन्ध गर्ने,
- योजनाअन्तरगत सञ्चालित कार्यक्रम तथा परियोजना वा क्रियाकलापहरुको नियमित आवधिक, मध्यावधिक तथा अन्तिम मूल्याङ्कन प्रणाली स्थापित गर्ने,

- अनिवार्य तथा निशुल्क शिक्षा ऐन २०७५ ले तोके बमोजिम अनिवार्य तथा निशुल्क शिक्षा कार्यान्वयनको अवस्थाको प्रतिवेदन तयार गरी पालिकामा पेश गर्ने ।

**क) प्रमुख उपलब्धि तथा नतिजा**

**उपलब्धिः**

- अनुगमन तथा मूल्याङ्कनका लागि समन्वयात्मक तथा एकत्रित प्रणाली विकास भएको हुनेछ ।
- नतिजामा आधारित अनुगमन तथा मूल्याङ्कन प्रणाली कार्यान्वयन हुनेछ ।
- योजना कार्यान्वयनको चरणमा आएका समस्या तथा चुनौतिहरुलाई सम्बोधन गरी अपेक्षित उपलब्धि हासिल भएको हुनेछ ।

**नतिजाः**

- अनुगमन तथा मूल्याङ्कनका लागि संस्थागत संरचना तथा क्षमता विकास भएको हुनेछ ।
- नतिजामा आधारित अनुगमन प्रणाली स्थापित हुनेछ ।
- अनुगमनका आधारमा नतिजा सुधार हुनेछ ।

**ख. प्रमुख क्रियाकलाप र लक्ष्यः**

| क.सं. | प्रमुख क्रियाकलापहरु | इकाइ | भौतिक लक्ष्य (५ वर्ष) | | | | | | भौतिक लक्ष्य (१०वर्ष) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | १ | २ | ३ | ४ | ५ | जम्मा | | |
| १. | अनुगमन तथा मूल्याङ्कन संयन्त्र निर्माण | पटक | १ | १ | १ | १ | १ | ५ | | |
| २. | नतिजामा आधारित अनुगमन प्रणालीका लागि सूचकहरु त्यार तथा अध्यावधिक गर्ने | पटक | ३ | ३ | ३ | ३ | ३ | १५ | | |
| ३. | स्थानीय तहले आफूले कार्यान्वयन गरेका कार्यक्रमको अनुगमन गर्ने | पटक | ३ | ३ | ३ | ३ | ३ | १५ | | |
| ४. | कार्यक्रम कार्यान्वयनको चौमासिक तथा बार्षिक समीक्षा तथा प्रतिवेदन तयार गर्ने | पटक | ३ | ३ | ३ | ३ | ३ | १५ | | |
| ५. | कार्यक्रम कार्यान्वयन तयारी पुस्तिका तयारी | पटक | १ | | | | | १ | | |
| ६. | अनिवार्य तथा निशुःल्क शिक्षा कार्यान्वयन अवस्थाको प्रतिवेदन | पटक | १ | १ | १ | १ | १ | ५ | | |
| ७. | विद्याथी सिकाइ उपलब्धी परिक्षण | पटक | १ | १ | १ | १ | १ | ५ | | |
| ८. | विद्यालयको कार्यसम्पादन परिक्षण | पटक | १ | १ | १ | १ | १ | ५ | | |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ९. | सामाजिक परिक्षणलाई प्रभावकारी र नियमित बनाउने | पटक | १ | १ | १ | १ | १ | ५ | | |
| १०. | विद्यालयको लेखा परिक्षण | पटक | १ | १ | १ | १ | १ | ५ | | |

## ७.४ योजनाको लेखाजोखा

### क) परिचय

नेपालको सङ्घीय शासन प्रणाली अन्तर्गत विद्यालय शिक्षाको व्यवस्थापनका लागि तीनवटै सरकारको साझा दायित्व रहे तापनि व्यवहारिक रुपमा बिद्यालय शिक्षाको सन्चालनको समग्र जिम्मेवारी भने स्थनीय सरकारको रहेको छ । मुलुकमा सञ्चालित सामुदायिक बिद्यालयहरूको व्यवस्थापन र सञ्चालनार्थ प्रायः सबै प्रकारका स्रोतहरू अन्तर सरकारी वित्तीय हस्तान्तरणका माध्यमबाट सङ्घीय सरकारबाट स्थानीय सरकारको कोषमा जाने गर्दछ र तोकिएका सर्त र आधारहरु अनुसार स्थनीयसरकारले सो कोषको व्यवस्थापन र परिचालन गरी बिद्यालय शिक्षाको सन्चालन गर्नेगर्दछ । यसका लागि मुलकको संविधान र सोका आधारमा तय भएका तीनै तहका सरकारका सम्बन्धित नीति, ऐन, कानून र नियमावली तथा निर्देशिकाहरुले तीनैवटै तहका सरकारहरूले आ-आफ्नो तहको शिक्षाक्षेत्रको योजना निर्माण गरी नेपालको संबिधानका प्रावधानहरू र अन्तराष्ट्रिय स्तरमा नेपाल सरकारले जनाएका प्रतिबद्धताहरूलाई पूरा गर्नेगरी कार्यान्वयन गर्ने गराउने रहेको छ । यसैले तीनै तहका सरकारका तहमा शिक्षा क्षेत्र योजनाको निर्माण/विकास पहिलो प्राथमिकतामा रहेको छ । शिक्षा क्षेत्रको योजनाले एकातर्फ राष्ट्रिय, प्रदेश र स्थानीयतहको शिक्षा सुधारकालागि नीति र रणनीतिहरू प्रस्तुत गर्दछ भने अर्कोतर्फ योजनालाई प्रभावकारी कार्यान्वयन गर्न साझेदारहरूसँग समन्वय र थप आन्तरिक र बाह्य स्रोतहरू परिचालन गर्नका लागि महत्वपूर्ण माध्यमको रूपमा रहेको हुन्छ । शिक्षा क्षेत्रको योजना सबै सम्भावित लगानीकर्ताहरूलाई योजनाले अबलम्बन गरेका कार्यक्रम, रणनितिर कार्यनीतिहरू विश्वसनीय, दिगो र लगानी योग्य छन् भनी सङ्केत गर्न सम्बन्धित सरकारका लागि महत्वपूर्ण साधनको रुपमा उपयोगगरिन्छ ।

### ख) योजनाको लेखाजोखा किन र के हो?

- पालिका तहको शिक्षा क्षेत्रको योजनामा प्रस्ताव गरिएका कार्यक्रमहरूको विभिन्न पक्ष र सम्भाव्यताहरूको समीक्षा सुनिश्चित गर्न महत्त्वपूर्ण छ।
- योजनाको लेखाजोखा शिक्षा क्षेत्रका योजनाका कार्यक्रममा केन्द्रित मात्रात्मक र गुणात्मक संयोजन हो।
- शिक्षा क्षेत्रको योजनाको लेखाजोखा एक प्रक्रिया हो, जसको माध्यमवाट पालिका तहको शिक्षा क्षेत्रको योजना के? किन? कसरी? कस्का लागी?, आदि जस्ता प्रत्रहरुको उत्तर खोजिन्छ ।
  जसमा:
- शिक्षा क्षेत्रको योजना प्राविधिक रूपमा उपयुक्त छ छैन भनी मूल्याङ्कन गरिन्छ ।
- शिक्षा क्षेत्रको योजना आर्थिक रूपमा व्यवहारिकर न्यायोचित छ छैन भनी मूल्याङ्कन गरिन्छ
- शिक्षा क्षेत्रको योजनाको कार्यन्वयन प्रशासनिक रूपमा सम्भव छछैन भनी मूल्याङ्कन गरिन्छ

### ग) योजनाको लेखाजोखाका उद्देश्यहरू

- पालिका तहको शिक्षा क्षेत्रको योजनामा प्रस्तावित कार्यक्रमका सबै पक्ष र सन्दर्भ, अङ्गहरूको विस्तृत समीक्षा गर्न ।
- शिक्षा क्षेत्रका अंगहरूमा सङ्घीय र प्रदेशतहका योजना र पालिकाको योजनाहरू बीचको अन्तरसम्बन्धहरू मूल्याङ्कन गर्न ।
- प्राविधिक, व्यवस्थापकीय र वित्तीय सम्भाव्यताको दृष्टिकोणबाट प्रत्येक कार्यक्रमको मूल्याङ्कन गर्न ।

- पालिका तहको शिक्षा क्षेत्रको योजनाको सबल र कमजोर तथासुधार्नु पर्ने पक्षहरूको समग्र मूल्याङ्कन गर्न ।
- योजना कार्यान्वयनमा पालिका तहको तयारीको मूल्याङ्कन गर्न ।
- प्राविधिक सहयोग प्रदान गर्न र योजना अनुमोदन गर्न निर्णयकर्ताहरूलाई सहजीकरण गर्न ।

**घ) योजनाको लेखाजोखाका महत्वपूर्ण पक्षहरू**

योजनाको लेखाजोखामा समेटिनु पर्ने महत्वपूर्ण पक्षहरू निम्न छन् र लेखाजोखा समितिले यी प्रत्येक पक्षको सावधानीपूर्वक मूल्याङ्कन गर्नुपर्दछ:

- योजना निर्माण प्रक्रिया
- योजना निर्माण प्रक्रियामा सरोकारवालाहरु अर्थपूर्ण सहभागी र अभ्यासहरू
- योजना निर्माण प्रक्रियामा आधारभूत तथ्याङ्क र जानकारीहरूको वास्तविकता, गुणस्तर सान्दर्भिकता, स्रोत, र उपयोग बिधि
- योजना निर्माण विधि
- योजना कार्यान्वयनको समीक्षा
- लागत अनुमान र प्रस्तावित वित्त व्यवस्थापन
- योजना कार्यान्वयनका लागि संगठनात्मक र व्यवस्थापन
- प्रस्तावित योजना कार्यान्वयनबाट अपेक्षित शैक्षिक, आर्थिक र सामाजिक लाभहरूको वैधता

त्यसैले, पालिका तहको योजना निर्माण गरिसकेपछि विश्वसनीय, दिगो र लगानी योग्य छ या छैन भन्नका लागि योजनाको विविद पक्षहरू समेटेर लेखाजोखा गरिनु पर्दछ, जुन योजना कार्यान्वयन गर्नु पूर्व गरिने महत्वपूर्ण कार्य तथा योजनाको अभिन्न अङ्ग हो । निर्माणभएको योजनाको लेखाजोखा कार्यलाई समबन्धित पालिकाले आन्तरिक र बाहिरका विभिन्न विषय क्षेत्रका बिज्ञहरूको समिति निर्माण गरी सो समितिको कार्य विवरण तोकि सम्पन्न गर्नु पर्दछ ।

यस निर्देशिकाको उद्देश्य सम्बन्धित पालिकाले निर्माण गरेको शिक्षा क्षेत्रको योजनाको लेखाजोखा गर्न सहयोग गर्नु हो, जसमा योजनाको सवलता, प्रासंगिकता, सुसंगतता र विश्वसनीयता, आदि पक्षहरु हेरिन्छन् । योजनाको लेखाजोखा प्रक्रिया पालिकाको नीति र प्राविधिक संवादमा आधारित र सरोकारवालाहरूको सहभागितामूलक हुनुपर्छ । यो प्रक्रिया योजनामा तय गरिएका प्रमुख सूचकहरूमा आधारित भई बिभिन्न परामर्श (योजना निर्माण समिति, प्राविधिक समितिहरूसँग बैठक), प्रमुख सरोकारवालाहरूसँगको अन्तरवार्ता र खासखास मुद्दा तथा समस्या रहेका वडा, गाउँ, समुदाय तथा विद्यालयको भ्रमणहरू, शिक्षा क्षेत्रको योजना र अन्य सान्दर्भिक कागजातहरूको डेस्क समीक्षा, भरपर्दो जानकारीहरुको विश्लेषण (जसलाई विज्ञहरूले प्रमाणित र क्रस-चेक गर्न आवश्यक छ) समावेश हुनुपर्दछ । लेखाजोखा प्रक्रिया सकेपछि सोबाट प्राप्त पृष्ठपोषण तथा निष्कर्षहरूलाई योजनाको अन्तिम रूप दिन उपयोग गर्नु पर्दछ । यस अतिरिक्तयोजनालाई अन्तिम रूप दिनुपूर्व लेखाजोखाबाट प्राप्त सिफारिसहरूको प्रमाणीकरण कार्यशाला आयोजना गर्नु राम्रो हुन्छ ।

**ङ) योजनाको लेखाजोखाको बिधिः**

योजना लेखाजोखा प्रक्रियाको बिधिमा निम्न चरणहरू/क्रियाकलापहरू समावेश हुनुपर्दछ:

- प्रारम्भिक छलफल (Birifing)
- मूल्याङ्कन टोलीको बैठक
- अध्ययनको लागि कागजातहरूको उपलब्धता
- फिल्ड भ्रमण गर्नु अघि कागजातहरूको अध्ययन

- विभिन्न क्षेत्रहरुको भ्रमण
- सरोकारवाला सदस्यहरुसँग समुदाय / अन्तरक्रिया
- विभिन्नसङ्घ-सँस्थाहरु संग अन्तरक्रिया
- मूल्याङ्कन मस्यौदा प्रतिवेदन तयार गर्ने
- निर्णयकर्ताहरूसँग मस्यौदा प्रतिवेदन प्रस्तुतगर्ने
- प्रतिवेदनलाई परिमार्जन र अन्तिम रूप दिने
- अन्तिम समापन बैठक

**च) योजना लेखाजोखाका विषयगत क्षेत्रहरू**

पालिकातहको शिक्षा क्षेत्रको योजनाको मूल्याङ्कन गर्दा लेखाजोखा/मूल्याङ्कनकर्ताहरूले योजनामा निम्न उदाहरण अनुसारका विषयगत क्षेत्रहरू हेर्नुपर्छः

- पालिकातहको शिक्षा प्रोफाइल
- योजना प्रक्रिया र पद्धति
- योजनाको लागि तथ्याङ्कको विवरण र व्यवस्थापन साथै उपयोग
- ECED विकास र विस्तार गर्दै
- पहुँच र निरन्तरता
- बालबालिकाको सिकाइ आवश्यकताहरू
- शिक्षा प्रणालीको आन्तरिक दक्षता
- EMIS र अनुगमन
- कार्यान्वयनको लागि योजना
- वयस्क निरक्षरता घटाउने
- आधारभूत शिक्षाको गुणस्तर सुधार गर्ने
- क्षमता निर्माण
- लागत र बजेट आवश्यकता

# अनुसुची–१

## शैक्षिक प्रश्नावली सरोकारवाला सबैका लागि

१. यस गाउँपालिका भित्र रहको शैक्षिक संस्थाका भौतिक, आर्थिक र शैक्षिक समस्याहरु के के हुन ? लेख्नुहोस ।
२. यस गाउँपालिकाको शिक्षा गोजनाको उद्देश्य के के हुन सक्छन ? सूचीकरण गर्नुहोस ।
३. यस गाउँपालिकाको शैक्षिक सुधारका लागि के कस्ता विषय वस्तु वा कार्यक्रमहरुको आवश्यकता पर्ला ? प्राथमिकताका आधारमा लेख्नुहोस् ।
४. गाउँशिक्षा योजनाको सोच र दूरदृष्टि के कस्तो राख्नु पर्ला ?
५. गुणस्तरिय शिक्षा र व्यवहारिक शिक्षाको निम्ति के कसरी गर्न सकिन्छ ?
६. गाउँशिक्षा योजनामा वनाउने योजना कति समयको लागि उपयुक्त होला ?
७. गाउँपालिका भित्र शिक्षा क्षेत्रमा रहेका मुख्य चुनौति के के देख्नु भएको छ ?
८. कालिगण्डकी गाउँपालिका भित्रका शैक्षिक अवसरहरु के के हुन सूची तयार गर्नुहोस ।
९. प्रारम्भिक तहमा र आधारभूत तहमा शिक्षाको अवसर सुनिश्चत गर्न के के गर्नु पर्ला ?
१०. शिक्षकको पेशागत विकास र व्यवस्थापन गर्न के कस्ता कार्यक्रम आवश्यकता पर्ला ?
११. गाउँशिक्षा योजना कार्यन्वयनमा तपाइको प्रतिबद्धता र सुनिश्चता लेख्नुहोस ?